
# नगर शिक्षा योजना

## गुजरा नगरपालिका, रौतहट

## वि.स.(२०८१।०८२–२०८५।०८६)




**प्रकाशक**

**गुजरा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, सिमरा भवानीपुर**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**मधेश प्रदेश, नेपाल**

**तयारकर्ता**

प्रकाशक:गुजरा नगरपालिका
मधेश प्रदेश, नेपाल
वेवसाईट(www.https:gujaramun.gov.np)
प्रकाशन प्रति:
मुद्रण:
सर्वाधिकार:प्रकाशकमा सुरक्षित
प्रमाणित मिति: २०८०/१०/१४
प्रकाशन मिति: २०८२/०२/२२
अद्यावधिक

प्राविधिक सहयोग: श्री मदन कुमार राम, शिक्षा अधिकृत, पिपल प्रमोट सेन्टर, जनकपुरधाम
श्री जगदिप वनठा,कल्सटर संयोजक, यु.एस.आई.डी ई.जि.एल, रौतहट

# भुमिका

शिक्षा सामाजिक रूपान्तरण र समग्र विकासको आधारस्तम्भ हो। कुनै पनि राष्ट्रको दिगो विकास शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ। गुजरा नगरपालिका शिक्षाको क्षेत्रमा व्यवस्थापन, गुणस्तर तथा पहुँच विस्तारमा निरन्तर प्रतिबद्ध रहँदै आएको छ। आधारभूत तहसम्मको शिक्षा सबैका लागि अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाले उल्लेखनीय पहलहरू गर्दै आएको छ।

शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै तहका सरोकारवालाको जिम्मेवारी र सहभागिता अपरिहार्य छ। गुणस्तरीय र सुलभ शिक्षाको विकासका लागि साझा प्रयास र समन्वयको खाँचो अझ बढी महसुस भइरहेको छ। गुजरा नगरपालिकाको वर्तमान शैक्षिक अवस्थाको यथार्थ चित्रण र भावी योजनाको स्पष्ट खाका प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको यस पञ्चवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना नगरपालिका, विद्यालय, समुदाय, शिक्षा क्षेत्रका विज्ञ र साझेदार संस्थाहरूको सहभागितामा तयार पारिएको हो। यस योजनामा मानव संसाधन, शैक्षिक पूर्वाधार, नीति, कार्यक्रम तथा वित्तीय पक्षलाई समेटेर दीर्घकालीन रणनीति र कार्यनीति निर्धारण गरिएको छ।

यस योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न नगरपालिका प्रशासन पूर्ण रूपमा प्रतिबद्ध रहेको छ। साथै, यस योजनाको प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरू विद्यालय परिवार, अभिभावक, समुदाय, गैरसरकारी संस्था तथा शिक्षा प्रेमीहरूको सक्रिय सहयोग र सहकार्यको अपेक्षा गर्दछु।

योजना निर्माण प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सबै विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरू प्रति गुजरा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु।

धन्यावाद ।

.....................................

सन्तलाल प्रसाद चौधरी

नगर प्रमुख

गुजरा नगरपालिका, रौतहट

# भुमिका

शिक्षा मात्र ज्ञान प्राप्तिको माध्यम होइन, सामाजिक न्याय, समानता र समावेशी विकासको मेरुदण्ड हो। प्रत्येक नागरिकको सशक्तिकरण, अवसरमा पहुँच र दिगो विकास सुनिश्चित गर्न शिक्षाको पहुँच र गुणस्तरलाई उच्च प्राथमिकतामा राख्नु आजको आवश्यकता हो। यस यथार्थलाई आत्मसात गर्दै गुजरा नगरपालिकाले शिक्षा क्षेत्रलाई सुदृढ, समावेशी, उत्तरदायी र नतिजामूलक बनाउन विभिन्न नीतिगत तथा व्यवहारिक पहलहरू गर्दै आएको छ। गुजरा नगरपालिका भित्रका सबै विद्यालयलाई समेटेर तयार गरिएको यो पञ्चवर्षीय विद्यालय शिक्षा क्षेत्र विकास योजना शिक्षा प्रणालीको सुधार, समावेशीकरण, क्षमता विकास, पूर्वाधार सुदृढीकरण, सिकाइको गुणस्तर अभिवृद्धि तथा संस्थागत सुधारका लागि एक महत्वपूर्ण दस्तावेज हो। योजना निर्माणको क्रममा विद्यालयहरू, अभिभावक, समुदाय, शिक्षक, शिक्षा विज्ञ, गैरसरकारी संस्था र सम्बन्धित निकायहरूको सहभागिता अत्यन्तै सराहनीय रह्यो। शिक्षा क्षेत्रमा लगानीलाई दीगो प्रभावमा रूपान्तरण गर्न सबै तहका सरोकारवालाहरूको सहकार्य अपरिहार्य छ। नगरपालिकाको नेतृत्वमा हामी सबै मिलेर साझा उद्देश्यप्रति प्रतिबद्ध छौं— प्रत्येक बालबालिका विद्यालय जाऊन्, गुणस्तरीय शिक्षा पाऊन्, र भविष्य निर्माण गर्न सक्षम बनोस्।

उपप्रमुखको हैसियतले म यो योजना नगरपालिकाको समग्र शैक्षिक सुधारको आधारशिला हुनेमा पूर्ण विश्वास व्यक्त गर्दछु। साथै, यसको प्रभावकारी कार्यान्वयनका लागि नगर कार्यपालिका, शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू, अभिभावक, समुदायका अगुवाहरू, नागरिक समाज र साझेदार संस्थाहरूको निरन्तर साथ र सहकार्यको हार्दिक अपेक्षा गर्दछु।

योजना निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण विज्ञ, प्रतिनिधि, संस्था, शिक्षक, कर्मचारी तथा सहयोगीहरूलाई गुजरा नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद र कृतज्ञता प्रकट गर्दछु।

**धन्यवाद।**

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिवराजभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

..............

रत्न लामा

उपप्रमुख

गुजरा नगरपालिका

रत्न लामा

उप–प्रमुख

गुजरा नगरपालिका

## भनाई

गुजरा नगरपालिकाको शिक्षा योजना, २०८१ लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गर्व र उत्साहका साथ योजनाको भूमिका लेख्न पाएकोमा आफूलाई धन्य मान्दछु। यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्त्वपूर्ण कदम हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ। वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जसअनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक सेवाहरू प्रदान गर्ने जिम्मेवारी साझा गरेका छन्। यसैको अनुसरणमा गुजरा नगरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ। हाम्रो नगरपालिकाले शिक्षाको महत्त्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबूत बनाएको छ।

राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको पन्ध्रौं योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेकाछौं। यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ। यो योजनाले नगरपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नेछ। साथै, यसले शिक्षा क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने, र नगरपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ। हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहकार्य, र सहकारितामा विश्वास गर्छौं। यसले शिक्षा प्रणालीमा आमुल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न, र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न मद्दत गर्नेछ।

अन्तमा, यो योजना नगरपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकहरू, र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिता बिना सफल हुन सक्दैन। हामी सबैको संयुक्त प्रयासले गुजरा नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबै माझ प्रस्तुत गर्दछौं।

धन्यावद ।

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमराभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

प्रमुख प्रसाशकिय अधिकृत
गुजरा नगरपालिका, रौतहट

प्रमुख प्रशासकीय अधिकृत

# भनाई

नेपाल बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश हो। सामाजिक रूपान्तरण, सभ्य समाज निर्माण र राष्ट्रको विकासका लागि शिक्षा अनिवार्य मानिन्छ। शिक्षाले मर्यादित जीवन, सम्मानित रोजगारी र उद्यम विकासको आधार प्रदान गर्दछ। ज्ञानमा आधारित समाजद्वारा दिगो शान्ति र समृद्धि सम्भव छ। नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरेको छ। आर्थिकरूपमा विपन्न, अपाङ्गता भएका व्यक्ति तथा समुदायले उच्च शिक्षा पाउने हक र मातृभाषामा शिक्षाको सुविधा समेत सुनिश्चित गरेको छ।

गुजरा नगरपालिकाले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक बनाउँदै, नगरको लगानी वृद्धि गर्ने र निजी क्षेत्रकोशिक्षालाई नियमन गरी सेवामूलक बनाउने लक्ष्य राखेको छ। नेपालको संविधान २०७२ को धारा ३१ ले शिक्षालाई नागरिक अधिकारको रूपमा मान्यता दिएको छ। स्थानीय तहको एकल अधिकार अन्तर्गत माध्यमिक तहसम्मको शिक्षा समेटिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरले शिक्षा योजना तयार पार्दै बालबालिका, महिला, प्रौढ तथा सबै नागरिकलाई निःशुल्क आधारभूत र माध्यमिक शिक्षा प्रदान गर्ने प्रतिबद्धता जनाएको छ।

गुजरा नगरपालिकाले नगर शिक्षा योजना निर्माण प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउन दृष्टिकोण, लक्ष्य, उद्देश्य, योजना निर्माण प्रक्रिया र पूर्व योजनाको समीक्षालाई समावेश गरेको छ। सामाजिक, भौगोलिक र शैक्षिक अवस्थाको विश्लेषण गर्दै, प्रारम्भिक बाल विकास शिक्षा, माध्यमिक शिक्षा, धार्मिक शिक्षा, अनौपचारिक शिक्षा र साक्षरता अभियानका कार्यक्रम अघि बढाइएको छ। त्यसको प्रभावकारी व्यवस्थापन तर्फ यो नगर शिक्षा योजना लक्षित रहने छ। नगरपालिकाले गुणस्तरीय शिक्षाको विकासका लागि विद्यालय सुशासन, आर्थिक पारदर्शिता र दक्षता अभिवृद्धिका लागि हरक्षण तयार रहेको र त्यसैलाई आत्मसाथ गरीविद्यालय तहमा संरचनात्मक परिवर्तन, शिक्षक दरबन्दी व्यवस्थापन, परीक्षा प्रणाली सुधार, अनुगमन र सुपरिवेक्षणका माध्यमबाट शिक्षाको गुणस्तर सुधार गर्ने प्रमुख उद्देश्यको साथ यो नगर शिक्षा योजना तयार गरिएको छ।

संविधानले निर्दिष्ट गरेका अनिवार्य र निःशुल्क शिक्षाको मर्मअनुसार नगरपालिकाले प्रत्येक बालबालिकाको आधारभूत शिक्षाको पहुँचमा वृद्धि गरी प्रतिस्पर्धी बनाउने लक्ष्य राखेको छ। यसले शिक्षा क्षेत्रका अवसर, चुनौती र समाधानका रणनीतिहरू पनि स्पष्ट रूपमा निर्धारण गरेको छ। गुजरा नगरपालिकाको शिक्षा योजनाले शिक्षालाई समयानुकूल र गुणस्तरीय बनाउन संविधान, शिक्षा ऐन, नगर शिक्षा ऐन, नीति-निर्देशिका र आयोगका प्रतिवेदनलाई आधार मानेर कार्यान्वयन गर्ने प्रयास गरेको छ।

....................

शिवमंगल शाह

शिक्षा शाखा प्रमुख

गुजरा नगरपालिका, रौतहट

## बिषय सूचि

**परिच्छेदः १ परिचय** ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप ........ 7

*भौगोलिक पृष्ठभूमि* ........ 7

*भौगोलिक अवस्था* ........ 8

*नदीनाला* ........ 8

*हावापानी* ........ 8

*प्राकृतिक विपद र तिनको सम्भावना* ........ 9

*प्राकृतिक स्रोत एवं विशेषता* ........ 9

१.२ पालिकाको शैक्षिक सन्दर्भ ........ 17

*१.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा* ........ 17

*१.२.२ नीतिगत प्रबन्ध* ........ 18

*१.२.४ बिद्यालय सङ्ख्या* ........ 18

*१.२.६ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रवृत्ति विश्लेषण* ........ 22

*१.२.७ उल्लेख्य उपलब्धि तथा अन्तर* ........ 22

२.२ दीर्घकालीन सोच(VISION) ........ 29

२.३ ध्येय (MISSION) ........ 29

२.४ उद्देश्यहरू (OBJECTIVES) ........ 29

२.६ उपलब्धि ........ 31

२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) ........ 32

**परिच्छेद ३: ........ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू** 36

३.१.प्रारम्भिक बालविकास र शिक्षा ........ 36

*३.१.१ परिचय* ........ 36

*३.१.३.प्रारम्भिक बाल विकासमा चुनौति तथा समस्याहरु* ........ 37

*३.१.४.प्रारम्भिक बाल विकासमा अवसरहरु* ........ 38

*३.१.५.उद्देश्य* ........ 38

*३.१.६.रणनीति* ........ 38

*३.१.७.प्रमुख उपलब्धि तथा नतिजा* ........ 39

*३.१.८.प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 39

३.२ अधारभुत शिक्षा ........ 42

*३.२.१ वर्तमान अवस्था* ........ 42

*३.२.२ समस्या तथा चुनौतिहरु* ........ 44

*३.२.३ उद्देश्य* ........ 45

३.२.४ रणनीति........ 45

३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य........ 47

३.३ मध्यामिक शिक्षा........ 48

३.३.१ वर्तमान अवस्था........ 48

३.३.२ समस्या तथा चुनौतिहरु........ 51

३.३.४ रणनीति........ 52

३.३.५ प्रमुख उपलब्धि तथा नतिजा........ 52

३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य........ 54

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ........ 56

३.४.१ वर्तमान अवस्था........ 56

३.४.२ समस्या तथा चुनौतिहरु........ 57

३.४.३ उद्देश्य........ 57

३.४.४ रणनीति........ 57

३.४.५ प्रमुख उपलब्धि तथा नतिजा........ 58

३.४.६प्रमुख क्रियाकलाप र लक्ष्य........ 59

४.१. शिक्षक व्यवस्थापन र विकास........ 61

४.१.१ वर्तमान अवस्था........ 61

४.१.२समस्या र चुनौतिहरु........ 62

४.१.३ उद्देश्य........ 62

४.१.४ रणनीति........ 63

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा........ 63

४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य........ 63

.४.२ पाठ्यक्रम तथा मुंल्याङ्कन........ 64

४.२.१ वर्तमान अवस्था........ 64

४.२.२ समस्या तथा चुनौतिहरु........ 65

४.२.३ उद्देश्य........ 65

४.२.४ रणनिति........ 66

४.२.५ अपेक्षित उपलब्धि, र नतिजा........ 67

४.२.६.प्रमुख क्रियाकलाप तथा लक्ष्य........ 67

४.३. शैक्षिक समता र समावेशिकरण........ 68

४.३.१ वर्तमान अवस्था........ 68

४.३.२ चुनौतिहरु........ 70

४.३.३ उद्देश्यहरु........ 70

४.३.४ रणनीति........ 71

४.३.५ अपेक्षित उपलब्धि र नतिजा........ 72

४.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य........ 73

४.५ सकाटकालीन तथा आपतकालीण अवस्थामा शिक्षा ........ 74
*४.५.१ वर्तमान अवस्था* ........ 74
*४.५.१.१ चुनौतहरु* ........ 75
*४.५.२ उद्देश्य* ........ 75
*४.५.३ रणनीति* ........ 76
*४.५.४ प्रमुख उपलब्धि तथा नतिजा* ........ 76
*४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 77
४.६ विद्यालयको भौतिक पुर्वाधार र विकास ........ 78
*४.६.१ वर्तमान अवस्था* ........ 78
*४.६.१.१ चुनौतिहरु* ........ 78
*४.६.२ उद्देश्य* ........ 78
*४.६.३ रणनीति* ........ 78
*४.६.४ प्रमुख उपलब्धि तथा नतिजा* ........ 79
*४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 79
४.७ शिक्षामा सूचना र प्रविधि ........ 80
*४.७.१ वर्तमान अवस्था* ........ 80
*४.७.२ उद्देश्य* ........ 81
*४.७.३ रणनीति* ........ 81
*४.७.४ प्रमुख उपलब्धि तथा नतिजा* ........ 82
*४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 82
**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन ........ 84**
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........ 84
*५.१.१ वर्तमान अवस्था* ........ 84
*५.१.२ उद्देश्य* ........ 84
*५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 85
५.२ स्थानिय शिक्षा योजनाको कार्यान्वयनको प्रवन्ध ........ 86
*५.२.१ वर्तमानअवस्था* ........ 87
*५.२.१.१चुनौतिहरु* ........ 87
*५.२.२ उद्देश्य* ........ 87
*५.२.३ रणनीति* ........ 88
*५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य* ........ 89
**परिच्छेद ६:लगानी र स्रोत व्यवस्थापन ........ 90**
*६.१ वर्तमान अवस्था* ........ 90
*६.२उद्देश्य* ........ 91

६.३ रणनीति....................................................................................................................... 91
६.४ प्रमुख उपलब्धि तथा नतिजा........................................................................................... 92
६.५ प्रमुख क्रियाकलाप र लक्ष्य............................................................................................... 92
**परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन**.......................................................................................... **96**
७.१ वर्तमान अवस्था................................................................................................................ 96
७.१.१ चुनौतीहरु........................................................................................................................ 96
७.२ उद्देश्य............................................................................................................................. 96
७.३ रणनीति........................................................................................................................... 97
७.४ प्रमुख उपलब्धि तथा नतिजा............................................................................................. 97
७.५ प्रमुख क्रियाकलाप र लक्ष्य............................................................................................... 97

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू(KPI)

अनुसूची २ नतिजा ढाँचा (Result Framework)

अनुसूची २ प्रमुख क्रियाकलाप,लक्ष्य तथा बजेट अनुमान

## १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले संघीय गणतन्त्रात्मक राज्यव्यवस्थाको प्रारम्भ गर्दै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारलाई कार्यान्वयनमा ल्याएको छ। संविधानले समाजवादउन्मुख, समतामूलक र समावेशी राष्ट्र निर्माणको परिकल्पना गर्दै शिक्षालाई सबै नागरिकको आधारभूत र विशिष्ट प्रकारको मौलिक हकको रूपमा सुनिश्चित गरेको छ।

यसलाई कार्यान्वयन गर्न, नेपाल सरकारले निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र बालबालिका सम्बन्धी ऐन २०७५ लागू गरेको छ। साथै, राष्ट्रिय शिक्षा नीति २०७६ले शिक्षामा सुधार र परिवर्तनका लागि नीतिगत मार्गदर्शन प्रदान गरेको छ। सन् २०१५ मा संयुक्त राष्ट्रसंघले दिगो विकास लक्ष्य (SDG) अन्तर्गत चौथो लक्ष्यका रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहन"लाई समेटेको छ। नेपालले पनि यसमा सहमति जनाउँदै शिक्षाको दिगो विकास सुनिश्चित गर्न दीर्घकालीन नीति तथा योजना तयार गरेको छ।

संविधानले प्रत्याभूत गरेका शिक्षा क्षेत्रका मौलिक हक र प्राथमिकताहरू कार्यान्वयन गर्न, आफ्नो स्थानगत आवश्यकता तथा सन्दर्भलाई समेट्दै शिक्षा क्षेत्रको योजना निर्माणमा जुटेको छ। नगरपालिकाले कोभिड–१९ महामारी तथा अन्य प्राकृतिक विपदहरूले शिक्षा क्षेत्रमा पुर्‍याएको प्रभावलाई न्यूनीकरण गर्दै भविष्यका सम्भावित जोखिमहरू सामना गर्न सक्षम, उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकास गर्ने उद्देश्य लिएको छ। यस नगरपालिकाको शिक्षा क्षेत्र योजनाले शिक्षाको वर्तमान अवस्थालाई विश्लेषण गरी प्रमुख चुनौतीहरू र अवसरहरूको पहिचान गरेको छ। यस योजनाले स्थानीय आवश्यकता, सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक स्थिति, जनसांख्यिक स्वरूप र शासकीय प्रणालीलाई समेत आधार बनाई सन् २०२४–२०२८ सम्मका लागि शिक्षा विकासको खाका तयार गरेको छ।

यस योजनाको पहिलो परिच्छेदले नगरपालिकाको सामाजिक, सांस्कृतिक, आर्थिक, र शासकीय पृष्ठभूमिलाई समेट्दै शिक्षा क्षेत्रका प्रमुख चुनौती र अवसरहरूको चर्चा गरेको छ। साथैयोजना निर्माणका चरणहरूलाई स्पष्ट रूपमा उल्लेख गरेको छ।

## १.२.पालिकाको समग्र सन्दर्भ

देशले लामो समयको अस्थिरता पछि २०७२ को संविधानअनुसार आ-आफ्ना क्षेत्राधिकार अनुसार नीति, नियम र कार्यविधि बनाई लागु गरिरहेको अवस्था छ। सो क्षेत्राधिकारसँगगुजरा नगरपालिकाको शिक्षा क्षेत्रको समुचित विकास तथा व्यवस्थापनको लागि विधालय शिक्षा क्षेत्र योजना निर्माण गर्दा पालिकाका सामाजिक, सांस्कृतिक, आर्थिक सन्दर्भ, भौगोलिक अवस्थिति, जनसांख्यिक संरचना, र शासकीय स्वरूपको प्रत्यक्ष प्रभावलाई ध्यानमा राखिएको छ। शिक्षा विकासको योजना प्रभावकारी र सान्दर्भिक वनाउन यी सबै पक्षहरूको गहन समीक्षा गरी स्थानीय आवश्यकता र प्रासङ्गीकतालाई प्राथमिकता दिइएको छ।

यस प्रक्रियाले शिक्षालाई स्थानीय तहको सामाजिक रूपान्तरण र आर्थिक प्रगतिमा अझ प्रभावकारी ढंगले योगदान पुऱ्याउने आधार तयार गर्नेछ। योजनाले शिक्षा क्षेत्रमा विद्यमान चुनौतीहरू र अवसरहरूको विश्लेषण गरी आगामी वर्षहरूका लागि ठोस दिशा निर्देश गर्ने उद्देश्य लिएको छ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

धार्मिक दृष्टिकोणले अध्ययन गर्दा ५७.७ प्रतिशत हिन्दु धर्म मान्ने समाजको बाहुल्यता यो नगरपालिकामा रहेको छ भने दोस्रो स्थानमा ३६.३ प्रतिशत मुस्लिम धर्म मान्ने समाजको बाहुलियता रहेको छ ।अन्य धर्मावलम्वीहरुको उपस्थिति यस नगरपालिकामा अत्यन्तन्यून रहेको छ । त्यसै गरि जातिगत रुपमा हेर्दा ३६.३ प्रतिशतमुस्लिम,२३.३ प्रतिशत थारु, दलितहरुको उपस्तथिति पनि विच विचमा रहेको छ र सवभन्दा कम कानु कलवार रहेको छ।

यसैगरी पहाडी जातहरु ब्राह्मण,क्षेत्री, तामाङ, राई, लिम्बु, माझी, सार्की, कामी र मधेसी जातजातीहरुमातेली, मुसहर, कानु, चमार, माझी आदि जातीका समुदायहरु समेतको वसोबास यस क्षेत्रमा रहेको छ।धार्मिक हिसाबले मनाईने मुख्य चाडपर्वहरुमा दशै, तिहार, छठ, होली, माघेसंक्रान्ती, शिवरात्री, झिझिया पर्व, सामाचकेवा, र विभिन्न मेलाहरु हिन्दु धर्मबालीहरुले मनाउने गर्दछन् भने इद, बक्रिद, सोभरात, मोहरम, जुमा,आदी मुख्य चार्डपर्वहरु मुस्लिम धर्म मान्ने घरपरिवारहरुले मनाउने गरेका छन् तामाङ र गुरुङ समुदाय हरूले लोसार पर्व  मनाउने गरेका छन्।क्रिस्मश डे, डिक्रफेष्डे र स्टार सन्डे यी मुख्य चाई पर्वहरु भने क्रिष्चियन् धर्म मान्ने घर परिवारहरुले मनाउने गरेका छन्।

### १.२.२आर्थिक सामाजिकसन्दर्भ

आर्थिक गतिविधिहरु:

औद्योगिक क्षेत्रको प्रचुर सम्भावना  भएतापनि स्थानीय अर्थतन्त्र कृषिमा आधारित रहेको छ । करिब ७० देखि८० प्रतिशत घरपरिवार कृषि कार्यमा नै संलग्न रहेका छन्। नगरपालिका क्षेत्रमा खेतीयोग्य जग्गा प्रसस्त रहेको छ ।बनजङ्गल संगै जोडिएको र बागमती नहरको सिचाइको सुबिधा सँगै गुजरा खोला, लमाहा खोला र लाल बकैया नदी सँगैजोडिएको कारणले गर्दा सिंचाई सुविधा उपलव्ध रहेको छ । तुलनात्मक रुपमा हेर्दा अबल जमिन भन्दा दोयम, सिम रचहार खेतीको क्षेत्रफलको मात्रा एकदमै कम रहेको छ । खेती प्रणाली हेर्दा धान खेती अनिवार्य रुपमा एक बालीलगाउने गर्दछ भने अन्य वालीहरुमा मकै, गहु वा दलहन तेलहनबालीको खेती हुने गरेको छ ।औधोगिकरणको दृष्टिकोणबाट हेर्दा यस नगरपालिकामा सिमित मात्रामा उद्योगहरुको रहेका छन्। ठूला उद्योगको रुपमाकेही वडाहरुमा इट्टा उद्योगहरु संचालनमा रहेका छन्


क) कृषि योग्य भूमि रउत्पादन

सिंचाइ सुबिधा

| उपलब्ध सबिधा | हेक्टर |
|---|---|
| कुल खेतीयोग्य जमिन | ३११९७.३६ |
| सतह सिंचाइ | ५०८२ |
| भूमिगत सिंचाइ | ३० |
| कुल सिँचाइ क्षेत्र | ६५३.५६ |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हुने क्षेत्र | NA |

स्रोतःस्रोतः घरधुरी सर्वेक्षण २०७५, गुजरा न.पा. प्रोफाईल)

सिंचाइका प्रमुख स्रोत तथा योजनाहरु




स्रोतः घरधुरी सर्वेक्षण २०७५, गुजरा न.पा. प्रोफाईल)

ख) प्रमुखखेती र उपयोग

| प्रमुख खेती | उत्पादन (क्वीन्टल) | क्षेत्रफल (कट्ठा) |
|---|---|---|
| अन्नवाली | ९४९४९३ | ११६२०३ |
| दलहन वाली | ६७८६ | १२९२२ |
| तेलहन वाली | ११७० | ५०७४ |
| जम्मा | ९५७४४९ | १३४११९९ |

स्रोतः घरधुरी सर्वेक्षण २०७५, गुजरा न.पा. प्रोफाइल)

ग) पशुपालन

| वडा नम्बर | तरकारी | | | फलफूल | | | नगदेवाली | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्षेत्रफल | उत्पादन | विक्रि | क्षेत्रफल | उत्पादन | विक्रि | क्षेत्रफल | उत्पादन | विक्रि - क्वीन्टल_ |
| | कट्ठा | क्वीन्टल | क्वीन्टल | कट्ठा | क्वीन्टल | क्वीन्टल | कट्ठा | क्वीन्टल | |
| | ३० | ३ | ० | | २ | ९ | ५८९ | ५८७ | ५८०८ |
| २ | २३ | ६८ | ३४ | ३ | ५५ | ५ | ८ | ६ | ३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | [illegible] | [illegible] | ६७ | २२ | ५५७५ | ६७३ | ४७ | २३७४ | ५० |
| ४ | ५ | ०६ | ३ | ० | ० | ० | ६ | २ | ० |
| ५ | ६२ | ५९२ | ४८९ | ५३ | ४६ | ७४ | ८ | २३० | ४० |
| ६ | ० | २ | ० | ५ | ३ | ७ | ०३ | ७९ | ७७० |
| ७ | ४ | ४ | ४ | ४५ | ३९ | ४ | २ | २०३ | २०० |
| ८ | ३५ | ७ | २०४ | ८९ | ८३ | ३२० | ४७४ | ७०९३ | ६९७४ |
| ९ | ९ | ७ | ६ | ८ | ३ | ३ | ४८ | २२९ | २०२ |
| जम्मा | ३२० | २७७५ | ९७ | ३४६ | ५९६३ | २०५ | ३३४ | ६८०९ | ४४७ |

स्रोतः घरधुरी सर्वेक्षण २०७५, गुजरा न.पा. प्रोफाइल)

घ) उद्योगहरू

| उद्योगको नाम तथाठेगाना | वडा नम्बर | उद्योग | उद्योगको प्रकार | प्रत्यक्ष रोजगारीजना | | | उत्पादन | बार्षिक आम्दानी (रु हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | | |
| ठुला– | | | | | | | | |
| नमूना इट्टा उद्योग | १ | निजी | ठूला | ३ | २३ | ३६ | इट्टा | ३००० |
| गिरी इट्टा उद्योग | | निजी | ठूला | ९ | २७ | ४६ | इट्टा | ३४०० |
| नुर सतार इट्टा उद्योग, नयाँबस्ती कटानी | २ | निजी | ठूला | ४२ | ३५ | ७७ | इट्टा | ४५००० |
| जगत इट्टा उद्योग | ३ | निजी | ठूला | ४६ | ३४ | ८० | इट्टा | ७००० |
| के आर पी | | निजी | ठूला | ३४ | ५६ | ९० | इट्टा | ९००० |
| मदिना इट्टा उद्योग | | निजी | ठूला | ४३ | ६२ | ०५ | इट्टा | ०००० |
| जगतइट्टा उद्योग | ७ | निजी | ठूला | ६६९ | ४२८ | ०९७ | इट्टा | ८००० |
| गिरी इट्टा उद्योग | | निजी | ठूला | ७२५ | ४४८ | ७३ | इट्टा | ९००० |
| सम्भू इट्टा उद्योग | | निजी | ठूला | ५५९ | ६३६ | ९५ | इट्टा | ९५०० |
| जगन देउ इट्टा उद्योग | | निजी | ठूला | ४५८ | ६३९ | ०९७ | इट्टा | ०००० |
| दाउत इट्टा उद्योग | | निजी | ठूला | ४६९ | ६६९ | ३८ | इट्टा | ९००० |
| अजाद इट्टा उद्योग | ८ | निजी | ठूला | ३४ | ५० | ८४ | इट्टा | ७५०० |
| आईडी इट्टा उद्योग | | निजी | ठूला | ४६ | ४५ | ९ | इट्टा | ८८०० |
| नमस्ते इट्टा उद्योग | | निजी | ठूला | ४० | ५६ | ९६ | इट्टा | ९३०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| उदय इट्टा उद्योग | ९. | निजी | ठूला | ४८ | ५५ | ०३ | इट्टा | ५००० |
| थापा इट्टा उद्योग | | निजी | ठूला | ४६ | ५२ | ०२ | इट्टा | ३००० |
| बि.बि.आई इट्टा उद्योग | | निजी | ठूला | ३४ | ४३ | ७७ | इट्टा | ००० |
| साना | | | | | | | | |
| शुभनारायण शाह | २ | निजी | साना | | ३ | ३ | टायलव्लक रिगं | ५०० |
| रामचन्द्र सापकोटा | | निजी | साना | | ४ | ४ | टायलव्लक रिगं | ८०० |
| शंकर शाह फनिर्चर उद्योग,गुजरा न.पा.. ३, बालुवा | ३ | निजी | साना | | ५ | ५ | फर्निचर | ०० |
| हरिन्द्र राउत कुर्मी फनिर्चरउद्योग, उद्योग, गुजरान.पा.. ३, बालुवा | | निजी | साना | | ५ | ५ | फर्निचर | २० |
| शेख रुस्तुज | ५ | निजी | साना | ० | ३ | ३ | फर्निचर | ७०० |
| शेख रमजान | | निजी | साना | ० | ४ | ४ | फर्निचर | ८०० |
| जयसवाल भुजा उद्योग | | निजी | साना | २ | | ३ | फर्निचर | २०० |
| एही महमद | | निजी | साना | ० | ४ | ४ | टायलव्लक रिगं | ३०० |
| राम जान ओस्ता | | निजी | साना | | ३ | ४ | टायलव्लक रिगं | ४५० |
| प्रवश टायल उद्योग | | निजी | साना | | ३ | ४ | टायलव्लक रिगं | २५० |
| नरेन्द्र झाँ | | निजी | साना | | ३ | ३ | टायलव्लक रिगं | २४० |
| पुनित सहनि | | निजी | साना | ० | ४ | ४ | टायलव्लक रिगं | २६० |
| घरेलु | | निजी | | | | | | |
| मदन ठोकर | १ | निजी | साना | २ | २ | ४ | गलैचा | ३०० |
| ज्ञान बहादुर बल | २ | निजी | साना | ० | ४ | ४ | गलैचा | ८० |
| काजी स्याताङ्ग | | निजी | साना | २ | | ३ | गलैचा | ८० |
| अशोक उद्योग | ५ | निजी | साना | ४ | | ५ | दालमोट | २४० |
| लघु | | निजी | | | | | | |
| पदम कुमार क्षेष्ठ | २ | निजी | साना | | | २ | च्याउ | ३० |

स्रोतः घरधुरी सर्वेक्षण २०७५, गुजरा न.पा. प्रोफाइल)

ङ) प्राकृतिकस्रोततथासम्पदा (वनजङ्गल, र जडीबुटी)

यसनगरपालिकाभित्रवडानं३मासामुदायिकवनरवडानं७मानिजीवनरहेकोपाईन्छजसमध्येधेरैक्षेत्रफल३४००हे. सामुदायिकवनकैरहेकोछ। वडाअनुसारवनक्षेत्ररप्रकारसम्बन्धीविवरणतलप्रस्तुतगरिएकोछ।

| वडा नम्बर | वनको किसिम | समेटेको घरधुरी | वनको नाम | क्षेत्रफल (हे. | वन पैदावरको बार्षिक उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | काट (क्यू फिट) | दाउरा | जडीबुटी |
| | सामुदायिक | १७० | अनजुमनसामुदायिक वन उपभोगता समिति , बलुवा | १२०० | १५०० | | |
| | | १८३ | नमस्तेसामुदायिक वन उपभोगता समिति, सिम्री | १००० | १२०० | | |
| | | १११ | सामुदायिकवन उपभोगता समिति, पशुपतिटोल | ११०० | १५०० | | |
| | साझेदारी | | | | | | |
| ७ | निजि | ५५३ | | ३५ | १२०० | ४००० | |
| | कबुलियत | | | | | | |
| | धार्मिक | | | | | | |

स्रोतः गुजरा नगर प्रोफाईल, संस्थागत सर्वेक्षण २०७५

च) पर्यटन

पर्यटनको हिसाबले यो नगरपालिका प्राकृतिक रुपमा वनजगंलले भरिपूर्ण पालिका हो । यो पालिकामा खास गरी धार्मिक अस्था बोकेका ठाउँहरु पर्यटनको रुपमा परचलित छन् ।

१)काकाली माईः यो कंकाली माई मन्दिर गुजरा नगरपालिकाको वडा नं. ३ को बिच जङ्गलमा अवस्थित ऐतिहासिक धार्मिक स्थल हो। करिब ३००-३५०वर्ष पुरानो यो मन्दिर निर्माण सँग हजारी चौधरीद्वारा श्राप परेको र रामलाल चौधरीद्वारा भाकल गरी स्थापना गरिएको कथा जोडिएको छ। २०३८ सालमा मन्दिरलाई पक्की भवनको रूप दिइयो। हरेक मंसिर पूर्णिमामा विशेष पूजा गरिने यस मन्दिरमा ब्राह्मण स्थानको पूजा अघि अरू पूजा गर्न नहुने परम्परा छ। यो पर्यटकीय हिसावले गुजरा नगरपालिकामा प्रचलित रहेको छ।

२) पशुपति मन्दिरः यो मन्दिर गुजरा नगरपालिकाको वडा नं. ३, पशुपतिटोल, जङ्गलसहिया गाँउमा अबस्थित छ।महेन्द्र राजमार्ग भन्दा करिब ११.५ कि.मि. दक्षिण, लाल बकैया नदी भन्दा करिब १

कि.मि. पूर्व, [illegible] चौक भन्दा करिब २.५ कि.मि. उत्तर र सिमरा गाँउ भन्दा करिब ३ कि.मि. पश्चिम पशुपतिटोलमा यो मन्दिर स्थापित रहेको छ । यो मन्दिरको स्थपना २०३२ साल तिर शिवलिङ्गको स्थापना गरि सुरुवात गरिएको पाइन्छ।

३)गढीमाई मन्दिरःगढीमाई मन्दिरगुजरा नगरपालिकाको वडा नं. ४कनकपुर नहर नजिक अवस्थित ऐतिहासिक धार्मिक स्थल हो। करिब ३००-३५० वर्ष पुरानो यो मन्दिर गढी नामक देवीको वासस्थानका रूपमा सिमलको रुखसँग जोडिएको छ। हिरा चौधरीको सपनाबाट प्रेरित भई यो मन्दिर स्थापना भएको थियो। २०७१ सालमा बारा जिल्लाको गढीमाई पूजाअघि यहाँ राति पूजाआजा गरिएको घटनाले मन्दिरलाई प्रख्यात बनायो। यहाँ हरेक पाँच वर्षमा बली दिई विशेष पूजा गरिन्छ, र पूजाका दिन बत्ती आफै बल्ने जनविश्वास छ।

४) शिव मन्दिर गुजराःशिव मन्दिर गुजरानगरपालिकाको वडा नं. ९सिमरा भवानीपुर बजारस्थित रहेको छ, जसको स्थापना बि.सं. २०४५|४६ मा शिवबाबाको मूर्ति पाई पुजा गरिएपछि सुरु भएको हो। मन्दिरको भवन बि.सं. २०५३ मा सम्पन्न भई करिब ८ कठ्ठा क्षेत्रफलमा फैलिएको छ। यहाँ हरेक शिवरात्रीमा मेला लाग्छ, साथै कृष्ण जन्माष्टमी, साउने सोमबार, र प्रत्येक आइतबार भक्तजनको घुइँचो लाग्छ। वार्षिक १५-२० हजार भक्तजनहरुले मन्दिर दर्शन गर्ने अनुमान छ।

## १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरूप

### भौगोलिक पृष्ठभूमि

गुजरा नगरपालिका प्रदेश नम्बर २ अन्तर्गत रौतहट जिल्लाको उत्तरी भागमा अवस्थित छ। भौगोलिक रूपमा यो नगरपालिका समुन्द्र सतहदेखि ८२ मिटरदेखि ८२९ मिटरको उचाइमा फैलिएको छ। यो २६°५९'२७" देखि २७°१३'५७" उत्तरी अक्षांश र ८५°१०'४६" देखि ८५°१९'४०" पूर्वी देशान्तरमा रहेको छ।

यस नगरपालिकाको पूर्वतर्फ गुजरा नगरपालिका र वृन्दावन नगरपालिका रहेका छन् भने पश्चिमतर्फ फतुवा विजयपुर नगरपालिका, कटहरिया नगरपालिका र बारा जिल्ला पर्दछन्। उत्तरतर्फ गुजरा नगरपालिका र मकवानपुर जिल्ला रहेको छ भने दक्षिणतर्फ कटहरिया र गरुडा नगरपालिका पर्दछन्।

गुजरा नगरपालिकाको कुल क्षेत्रफल १५०.३३ वर्ग किलोमिटर रहेको छ। यो नगरपालिका साविकका पाँचवटा गाउँ विकास समितिहरू (सिमरा भवानीपुर, प्रतापपुर पल्टुवा, लक्ष्मीपुर दोस्तिया, रंगपुर र कनकपुर) मिलेर गठन भएको हो। रौतहट जिल्लाको सदरमुकाम गौरबाट यो नगरपालिका करिब ३५ किलोमिटरको दूरीमाउत्तरतर्फ अवस्थित छ।

## भौगोलिक अवस्था

नयाँ संरचना अनुरुपको तिन वटा तह—संघ, प्रदेश र स्थानीय तह मध्ये गुजरा नगरपालिका रौतहट जिल्लाको एक स्थानीय तह हो । पश्चिममा बकैया नदी, पूर्वमा घाघी नदीले छोएको यो नगरपालिका भित्र लम्हा खोला, गुजरा खोला, सथीयारी खोला र धनसार खोला बीच भागबाट बगेको वा कतै न कतै छोइएको छ । यी खोलाहरु नगरपालिकाको सेरोफेरोमा भएपनि गुजरा खोला भने पूर्व र पश्चिम दिशाबाट हेर्दा सबै भन्दा बीच भागमा पर्ने खोलाको रुपमा अबस्थित रहेको कारण गुजरा खोलाको नामबाट यो नगरपालिकाको नाम रहन गएको हो ।

## नदीनाला

गुजरा नगरपालिकामा पश्चिमतर्फ बकैया नदी, बीचमा गुजरा र लामहा नदी, र पूर्वतर्फ घाघी नदी रहेका छन्। यी नदीहरू नगरपालिकाको जलसम्पदाका महत्त्वपूर्ण स्रोत हुन्। यद्यपि, विशेषगरी वर्षाको समयमा यी नदीहरूमा बाढी आउने समस्या देखिने गर्दछ, जसले स्थानीय क्षेत्रका बस्तीहरू, खेतीयोग्य जमिन, र पूर्वाधारहरूमा नकारात्मक प्रभाव पार्ने गरेको छ।यसका साथै, यी नदीहरू बालुवा र गिट्टीको लागि प्रभावकारी स्रोतका रूपमा पनि चिनिन्छन्। नदीबाट निकालिने बालुवा र गिट्टीले नगरपालिकाको आन्तरिक राजस्व वृद्धि गर्न महत्त्वपूर्ण योगदान पुर्‍याइरहेको छ। यी स्रोतहरूको व्यवस्थित दोहन र संरक्षण गर्दा नगरपालिकाको आर्थिक विकासमा थप योगदान हुने अपेक्षा गरिएको छ। जल व्यवस्थापन र बाढी न्यूनीकरणका लागि उपयुक्त योजना आवश्यक रहेको देखिन्छ।

## हावापानी

गुजरा नगरपालिका मधेश प्रदेशको तराई क्षेत्रमा अवस्थित भएकाले यसको हावा पानी र वातावरणमा समतल भूभागको विशेषता पाइन्छ । यहाँको वातावरण विशेषतः गर्मी र आर्द्रता प्रधान छ। वर्षभरि समशीतोष्ण हावापानी देखिए पनि गर्मीयाममा अत्यधिक गर्मी हुने र जाडोयाममा चिसो मौसमको अनुभव हुने गर्दछ।गर्मी महिनाहरूमा तापक्रम ३०°C देखि ४०°C सम्म पुग्न सक्छ भने जाडो महिनाहरूमा तापक्रम १५°C सम्म घट्ने गर्दछ। वर्षा मुख्यतः असारदेखि भदौ महिनासम्म हुने गर्दछ, जसले गर्दा नदीहरूमा बाढी आउने र आर्द्रता बढ्ने समस्या देखिन्छ।

वातावरणीय दृष्टिकोणले यहाँको क्षेत्र हरियालीले भरिएको छ। तराई क्षेत्रमा पाइने झाडी, घाँसे मैदान, र नदी किनाराका वनस्पतिहरूले यहाँको जैविक विविधतालाई धानेका छन्। यस क्षेत्रमा बालुवा, गिट्टी, र नदीजन्य स्रोतहरूको उपयोगले वातावरणीय प्रभाव पनि पार्ने गरेको छ।वातावरणीय चुनौतीहरूको रुपमा धूलो प्रदूषण, जल प्रदूषण, र कृषिजन्य रसायनहरूको प्रयोगले स्थानीय पर्यावरणमा नकारात्मक असर पारेको देखिन्छ। वातावरण संरक्षणका लागि हरियाली प्रवर्द्धन, नदीजन्य स्रोतको दिगो उपयोग, र स्थानीय स्तरमा जनचेतना अभिवृद्धि गर्नुपर्ने आवश्यकता छ। साथै, जलवायु परिवर्तनका प्रभावहरू न्यून गर्न दीर्घकालीन योजना आवश्यक रहेको छ।

## प्राकृतिक विपद र तिनको सम्भावना

यस नगरपालिका क्षेत्र भित्र३ वटा नदीहरु रहेकोले यसले खास गरी वर्षातको समयमा जोखिम बढाउने गर्दछ । पालिकाको जोखिमयुक्त बस्तीलाइ हेर्दा सबैभन्दा बढी बाढीको जोखिममा वडा नं. ३ सिम्रीटोलका१२० घरपरिवार देखिएका छन । त्यति मात्र नभइ धेरै जसो जगंल क्षेत्र पर्ने भएकोले विभिन्न किसिमको जगंली जनावरहरुको आक्रमण तथा बालिनाली असरको जोखिम पनि यो पालिकाका नागरिकहरुमा रहेको छ । त्यसै गरी विभिन्न किसिमको रोगब्याधी र आगलागी जस्ता विपदका जोखिमहरु यस पालिकामा रहेको देखिन्छ ।

जोखिम स्थानमा बसोबास सम्बन्धी विवरण

| वडा नम्बर | जोखिमयुक्तस्थान | पहिरो | नदी कटान | घरधुरी संख्या | बाहिर | बति सिरोलो | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | गुजराना पा १ कोठीयार | ० | ३५ | ४६ | ० | ० | ० | ८१ |
| | गुजरा ना पा १, गौरिमटेल | ७ | ० | ० | ० | ० | ७ | ७ |
| | गुजरा ना पा १, शान्तिटोल | ० | ० | ० | ० | ० | ० | ० |
| | गुजरा ना पा १, नयाँ बस्ती कटानी | ० | ५७ | ० | ० | ० | ५७ | ५७ |
| २ | गुजराना पा २, ब्रह्मपुरटोल | ० | ० | ४५ | ० | ० | ० | ४५ |
| | गुजरा ना पा २, महुवाटोल | ११५ | ० | ० | ० | ० | ११५ | ११५ |
| ३ | गुजराना पा ३ सिमिटोल | ० | १२० | १२० | ० | ० | ० | २४० |
| | गुजरा ना पा ३ पशुपतिटोल, जनवरसहितमा | ५२ | १५ | ० | ० | ० | ६७ | ६७ |
| ४ | गुजराना पा ४ बौधिटोल, जगंलसहिया | ० | ५० | ५० | ० | ० | ० | १०० |
| ५ | गुजराना पा ५, हरिहरपुर | ० | २५ | ४१ | ० | ० | ० | ६६ |
| | गुजरा ना पा ५, लक्ष्मीपुर | २५ | २५ | ० | ० | ० | ५० | ५० |
| | गुजरा ना पा ५, हसनापुर | ४० | ४० | ० | ० | ० | ८० | ८० |
| | गुजरा ना पा ५, सोनारडिह | १०५ | १०५ | ० | ० | ० | २१० | २१० |
| ६ | लमहाखोला, बेंदीलि | ० | २५ | २५ | ० | ० | ० | ५० |
| | नाखा (कुलो), खतवहिया | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | करबलाटोल | ५० | ० | ० | ० | ० | ५० | ५० |
| | शेख टोल | ५० | ० | ० | ० | ० | ५० | ५० |
| | बिन टोल | ५० | ० | ० | ० | ० | ५० | ५० |
| ८ | गुजराना पा ६, देवीपुर | ० | २५ | २५ | ० | ० | ० | ५० |
| | गुजरा ना पा ६, जनकपुर | ४५ | १५ | ० | ० | ० | ६० | ६० |
| | गुजरा ना पा ६, पिपरा | २५ | २५ | ० | ० | ० | ५० | ५० |
| | गुजरा ना पा ५, जोगौलिया | ० | १६ | १६ | ० | ० | ० | ३२ |
| ९ | अम्तवागाउँ | ० | ९५ | ० | ० | ० | ० | ९५ |

स्रोतः गुजरा नगर प्रोफाइल, संस्थागत सर्वेक्षण २०७५

## प्राकृतिक स्रोत एवं विशेषता

गुजरा नगरपालिका प्राकृतिक स्रोत र जैविक विविधतामा समृद्ध छ। यहाँका प्रमुख प्राकृतिक स्रोतहरूमा बकैया, गुजार, लामहा, र घाघी नदीहरू पर्छन्, जसले बालुवा र गिट्टीको आपूर्ति गर्छन्। यसको भौगोलिक विशेषता समतल भूमि र पहाडी क्षेत्र मिलेर बनेको छ, जसले कृषिको लागि उपयुक्त वातावरण सिर्जना

गरेको छ। यहाँको उर्वर माटोले धान, गहुँ, मकै जस्ता बालीहरू उत्पादन गर्न मद्दत पुऱ्याउँछ। यस नगरपालिकामा विविध प्रकारका वनस्पतिहरू र जैविक विविधता पाइन्छ, जसले पारिस्थितिकी तंत्रमा महत्त्वपूर्ण भूमिका खेल्दछन्। खनिज पदार्थको रूपमा बालुवा र गिट्टीका स्रोतहरूले पनि आर्थिक विकासमा योगदान पुऱ्याइरहेका छन्। गुजरा नगरपालिका प्राकृतिक स्रोतहरूको दिगो प्रयोग र संरक्षणका माध्यमबाट आर्थिक समृद्धि र विकासको मार्गमा अघि बढिरहेको छ।

### १.२.४ पूर्वधार र विकास

पूर्वधारको विकास कुनै पनि क्षेत्रको समग्र विकासका लागि अत्यन्त महत्त्वपूर्ण अधार हो। यसले स्थानीय समाजका बासिन्दाको जीवनस्तर सुधार्ने, आर्थिक वृद्धि गर्ने र सामाजिक समावेशिता बढाउने कार्यमा महत्वपूर्ण भूमिका खेल्दछ। सापेक्षिक हिसाबमा यस नगरपालिका विविध पूर्वधारको विकास सँगै कृषि, व्यापार, यातायात, र सामाजिक सेवाहरूमा सशक्तबन्दै गइरहेको छ । यी विकासका पूर्वधारहरुलाई यस प्रकार उल्लेख गर्न सकिन्छ ।

#### क) स्वास्थ्य सेवा

नगरिकको जीवनसँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण पक्ष स्वास्थ्य हो । यस नगरपालिका भित्र स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य चौकी वडा नं. २, ४, ५, ७, ८ र ९मा गरी जम्मा ६वटा रहेको छ|जसबाट नगरपालिका भरिका समुदायलाई स्वास्थ्य सुविधा उपलब्ध गराइरहेको छ ।यहाँ स्थित स्वास्थ्य चौकीबाट परिवार नियोजन, खोप र क्लिनिक सेवा मात्र उपल्ब्ध गराएको छ । यसका साथसाथै हालसालै नगरक्षेत्रमा दुइ वटा पर्सुती गृह समेत स्थापना भएकाछन भने नगर अस्पताल पनि सन्चालन हुने अवस्थामा छ ।जसले गर्दा प्रसुती सेवा र अन्य उपचारका लागि सदरमुकाम वा अन्यत्र पुग्नु पर्ने बाध्यता हटेको छ ।

स्वास्थ्य संस्थाको विवरण

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | स्वास्थ्यकर्मी रित्तदरबन्दी | कार्यरत | शैया संख्या | सेवासुविधा उपल्बध छ ? कि छैन ? | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रसूति सेवा | उपलब्धसेवा तथा सुविधा (उपलब्ध छ/छैन) | ल्याब | क्लिनिक | एक्सरे | परिवारनियोजन | खोपसेवा | एस्पिरिटीसेवा |
| स्वास्थ्य चौकी, नयाँ वस्ति कटानी | २ | १६ | १ | १ | छैन | छैन | छैन | छ | छैन | छ | छ | छैन |
| स्वास्थ्य चौकी, | ४ | ११ | १ | १ | छ | छैन | छ | छ | छ | छ | छ | छैन |

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

| स्वास्थ्य संस्थाको नाम र ठेगाना | वडा नम्बर | स्वास्थ्यकर्मी रिक्तदरबन्दी | कार्यरत | शैया संख्या | प्रसूति सेवा | उपलब्धसेवा तथा सुविधा (उपलब्ध छ/छैन) | सेवासुविधा उपलब्ध छ ? कि छैन ? | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ल्याब | क्लिनिक | एक्सरे | परिवारनियोजन | खोपसेवा | एम्पिरिटीसेवा |
| कनकपुर | | | | | | | | | | | | |
| स्वास्थ्य चौकी, लक्ष्मिपुर दोस्तिया | ५ | ९ | १ | १ | छैन | छैन | छैन | छ | छैन | छ | छ | छैन |
| स्वा. चौकी प्रतापपुर पल्टुवा | १ | ९ | १ | छैन | छैन | छैन | छैन | छ | छैन | छ | छ | छैन |
| स्वास्थ्य चौकी, देविपुर जगौलिया | ५ | ९ | १ | छैन | छैन | छैन | छैन | छ | छैन | छ | छ | छैन |
| स्वास्थ्य चौकी, भवानीपुर | ९ | १६ | १ | छैन | छैन | छैन | छैन | छ | छैन | छ | छ | छैन |

स्रोतः गुजरा नगर प्रोफाइल, संस्थागत सर्वेक्षण २०७५

### ख) खानेपानी

यस गुजरा नगरपालिकामा रहेका कूल ९३५० घरपरिवार मध्ये सबै भन्दा उच्च ५७८४ वा ६१.८६ प्रतिशत घरपरिवारले धारा वा पाइपको पानी र ३३२१ परिवार वा ३५.५२ प्रतिशतले टयूवेल वा हाते कलको पानी उपयोग गर्दछन् भने नढाकिएको इनार वा कुवाको पानी उपभोग गर्ने घरपरिवार न्यून मात्र रहेको छ । वडा अनुसारको विभिन्न स्रोत अनुसार खानेपानी उपयोग गर्ने घरपरिवार सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ ।

वडा अनुसारको खानेपानी स्रोतको विवरण

| वडानम्बर | धारा वा पाइपकोपानी | टयुवेल वा हाते कल | ढाकिएको इनार वाकुवा | मुलको पानी | नदी खोला वा कुवा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५७९ | ३०३ | ० | १ | ० | १ | ८८४ |

| वडानम्बर | धारा वा पाइपकोपानी | ट्युबवेल वा हाते कल | ढाकिएको इनार वाकुवा | मुलको पानी | नदी खोला वा कुवा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| २ | १४७७ | ३७ | ० | ० | १ | ६ | १५२१ |
| ३ | ६२५ | ५४५ | ० | ० | ० | १ | ११७१ |
| ४ | ३० | ८२० | ० | ० | ० | ३ | ८५३ |
| ५ | १०८२ | ८८३ | ० | ० | ० | ४ | १९६९ |
| ६ | ३१४ | ७६ | ० | २१९ | २ | १ | ६१२ |
| ७ | ८६५ | ३५ | ० | ० | ० | १ | ९०१ |
| ८ | ४ | १२१९ | ० | ० | ० | १ | १२२४ |
| ९ | ८०८ | ३ | ० | ० | ० | ३ | ८१४ |
| जम्मा | ५७८४ | ३३२१ | १ | २२० | ३ | २१ | ९३५० |
| प्रतिशत | ६१.८६ | ५३.५२ | ०.०१ | २.३५ | ०.०३ | ०.२२ | ११८ |

स्रोतः गुजरा नगर प्रोफाईल, संस्थागत सर्वेक्षण २०७५

ग)विद्युत

| जातजातीहरु | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| क्षेत्री | ५६ | .० |
| ब्राह्मण — पहाड | ६७ | .२ |
| मगर | ५४७ | .० |
| थारु | २५६७ | २३.३ |
| तामाङ | ३००० | ५.६ |
| नेवा : (नेवार) | ६६ | ०.३ |
| विश्वकर्मा | ३५ | ०.६ |
| मुस्लिम | ९६२० | ३६.३ |
| यादव | ३७ | २.५ |
| राई | २५४ | ०.५ |
| गुरुङ | ५८ | ०. |
| परियार | २९ | ०. |
| ठकुरी | २० | ०.४ |
| मिजार | ९ | ०.० |
| तेली | ९७८ | .८ |
| चमारहरिजनराम | २३६ | ४.४ |
| कोइरीकुशवाहा | ४५ | ०.८ |
| मुसहर | २६६० | ४.९ |
| कुर्मी | ६२ | . |
| सन्यासीदशनामी | ५९ | ०.३ |
| धानुक | ५ | ०.० |
| दुसाधपासवानपासी | ४८४ | २.७ |
| मल्लहा | २५९ | ०.५ |
| कथाबनिया | ५४ | ०. |

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

| जातजातीहरु | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण — तराई | ३५६ | ०.७ |
| कलवार | ७२० | .३ |
| कानु | ७०३ | .३ |
| कुमाल | ४८ | ०. |
| घर्तीभुजेल | ०७ | ०.२ |
| हजामठाकुर | ३३ | ०.६ |
| धोबी | ६८ | ०. |
| तत्मा | ३८८ | ०.७ |
| लोहार | ३५ | ०.६ |
| खत्वे | ९ | ०.० |
| दनुवार | २ | ०.० |
| माझी | ६२९ | .२ |
| बारई | २२ | ०.४ |
| बिन | ५०३ | ०.९ |
| नुनिया | २३२ | ०.४ |
| सोनार | ४७ | ०. |
| कुम्हार | २४८ | ०.५ |
| कायस्थ | ७ | ०.० |
| राजपूत | ६६ | ०. |
| बधाइबधे | ७७ | ०. |
| माली | ६६ | ०. |
| पहरी | ०७ | ०.२ |
| डोम | ३६ | ०. |
| रौनियार | २३९ | ०.४ |
| बनियान | २ | ०.० |
| अन्य | ४ | ०. |
| विदेशी | २२ | ०.० |

स्रोत : जनगणना २०७८

## सिमान्तकृत जातजातिहरुको जनसङ्ख्या विवरण

| जातजाति | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| कलवार | ७२० | १.३ |
| कुमाल | ४८ | ०.१ |
| धोबी | ६८ | ०.१ |
| तत्मा | ३८८ | ०.७ |
| लोहार | ३५ | ०.६ |
| खत्वे | ९ | ०.० |
| दनुवार | २ | ०.० |
| माझी | ६२९ | ०.२ |

गुजरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सिमराभवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

| | | |
|---|---|---|
| बरई | २२ | ०.४ |
| विन | ५०३ | ०.९ |
| नुनिया | २३२ | ०.४ |
| सोनार | ४७ | ०.१ |
| कायस्थ | ७ | ०.० |
| बरई | ७७ | ०.१ |
| माली | ६६ | ०.१ |
| पहरी | ०७ | ०.२ |
| डोम | ३६ | ०.१ |

स्रोत : जनगणना २०७८

दलित र जनजातीको जनसंङ्ख्या विवतरण

| जनजाती | | | दलित | | |
|---|---|---|---|---|---|
| जातजातीहरु | जम्मा जनसंख्या | प्रतिशत | जातजातीहरु | जम्मा जनसंख्या | प्रतिशत |
| मगर | ५४७ | | विश्वकर्मा | ३५ | ०.६ |
| थारु | २५६७ | २३.३ | परियार | २९ | ०. |
| तामाङ | ३००० | ५.६ | मिजार | ९ | ० |
| नेवा : (नेवार) | ६६ | ०.३ | चमार,हरिजन,राम | २३६ | ४.४ |
| राई | २५४ | ०.५ | मुसहर | २६६० | ४.९ |
| गुरुङ | ५८ | ०. | दुसधपासावनपसी | ४८४ | २.७ |
| धानुक | ५ | ० | धोबी | ६८ | ०. |
| घर्तीभुजेल | ०७ | ०.२ | त्त्मा | ३८८ | ०.७ |
| माझी | ६२९ | .२ | खट्वे | ९ | ० |
| | | | डोम | ३६ | ०. |

स्रोतः जनगणना २०७८

भाषागत जनसङ्ख्या वितरण

| भाषा | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| नेपाली | ३४२२ | ६.३ |
| मैथिली | ६८२ | १.३ |
| भोजपुरी | ४८६० | ९.१ |
| थारु | ११८७३ | २२.१ |
| तामाङ | २९४८ | ५.५ |
| नेपालभाषा (नेवारी) | ११६ | ०.२ |
| बज्जिका | १९८३३ | ३६.७ |
| मगर धुत | ४०४ | ०.७ |
| उर्दू | ८४८६ | १५.७ |

| | | |
|---|---|---|
| गुरुङ | ५७ | ०.१ |
| राई | १२१ | ०.२ |
| माझी | ५४३ | १.१ |
| भुजेल | ५१ | ०.१ |
| संस्कृत | ५३ | ०.१ |
| मुस्लिम | ५३९ | १.१ |
| अन्य | ४५ | ०.१ |

स्रोत : जनगणना २०७८

## प्रमुखधर्मावली अनुसारकोजनसङ्ख्या विवतरण

| धर्मको नाम | जम्मा | लिङ्ग | |
|---|---|---|---|
| | | पुरुष | महिला |
| हिन्दू | ३८९ | ५४०२ | ५७८७ |
| बुद्ध | २८७७ | ४० | ४७६ |
| इस्लाम | ९६४० | ९४२८ | ०२२ |
| किरात | ४ | ३ | १ |
| क्रिस्चियन | ३९ | ५९ | ६० |
| प्रकृति | ४ | ३ | १ |
| बोन | ० | ० | ० |
| जैन | ० | ० | ० |
| बहाई | ० | ० | ० |
| सिख | ० | ० | ० |

स्रोत : जनगणना २०७८

## छ)जनसाङ्ख्यिक स्वरूप

## उमेर समूह २०७८ अनुसारको जनसङ्ख्या वितरण

| उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|
| ००-०४वर्ष | ६३२३ | ११.७ |
| ०५-०९वर्ष | ६५२० | १२.०७ |
| १०-१४वर्ष | ६१२५ | ११.३४ |
| १५-१९वर्ष | ५८०५ | १०.७४ |
| २०-२४वर्ष | ५४८३ | १०.१५ |
| २५-२९वर्ष | ४१९५ | ७.७६ |
| ३०-३४वर्ष | ३१६६ | ५.८६ |
| ३५-३९वर्ष | ३३१० | ६.१३ |
| ४०-४४वर्ष | २७०० | ५.१ |
| ४५-४९वर्ष | २३७६ | ४.४ |
| ५०-५४वर्ष | २२३९ | ४.१४ |
| ५५-५९वर्ष | १६७० | ३.०९ |
| ६०-६४वर्ष | १२७२ | २.३५ |

| उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|
| ६५-६९वर्ष | ११४६ | २.१२ |
| ७०-७४वर्ष | ८४६ | १.५७ |
| ७५-७९वर्ष | ५१६ | ०.९५ |
| ८०-८४वर्ष | १९३ | ०.३६ |
| ८५-८९वर्ष | ८५ | ०.१६ |
| ९०-९४वर्ष | ३७ | ०.०७ |
| ९५+वर्ष | २६ | ०.०५ |
| जम्मा जनसङ्ख्या | ५४०३३ | |

स्रोत : जनगणना २०७८

## २०७८ देखी २०८७ सम्मको प्रक्षेपितबिघालयर अन्यउमेर समुहको जनसङ्ख्या (जम्मा) विवरण

| उमेर समूह | २०७८ को जनगणना | प्रक्षेपित जनसङ्ख्या (जम्मा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |
| ३ | ४३३ | ४७३ | ४९४ | ५५ | ५३६ | ५५८ | ५७९ | ६०२ | ४७३ |
| ४ | २७९ | ३५ | ३३३ | ३५२ | ७ | ३९० | ,४० | ४२९ | ३५ |
| ५ | ५३ | ५५६ | ५७७ | ६०० | ६२२ | ६४५ | ६६८ | ६९ | ५५६ |
| ५-९ | ६,५२० | ६७०५ | ६७९७ | ६८९३ | ६९८९ | ७०८८ | ७८६ | ७२८६ | ६७०५ |
| १०-१२ | ३,९९८ | ४ | ४६९ | ४२२६ | ४२८५ | ४३४६ | ४४०७ | ४४६९ | ४ |
| ५-१२ | ०,५८ | ०८६ | ०९६६ | ९ | २७४ | ४३४ | ५९३ | ७५५ | ०८६ |
| १३-१४ | २,२७ | २८७ | २२८ | २२४९ | २२८० | २३२ | २३४४ | २३७७ | २८७ |
| १५-१६ | २,४६० | २५३० | २५६५ | २६० | २६३७ | २६७४ | २७ | २७४९ | २५३० |
| १३-१६ | ४,५८७ | ४,७७ | ४,७८३ | ४,८५० | ४,९७ | ४,९८६ | ५,०५५ | ५,२६ | ४,७७ |
| १५-२४ | ५,०५ | ५,५३३ | ५,७४९ | ५,९६९ | ६,९ | ६,४२० | ६,६४८ | ६,८८ | ५,५३३ |
| ५+ | ४७,७० | ४९,०५५ | ४९,७४२ | ५०,४३८ | ५,४५ | ५,८६ | ५२,५८७ | ५३,३२३ | ४९,०५५ |
| १५+ | ३५,०६५ | ३६,०५४ | ३६,५५८ | ३७,०७० | ३७,५८९ | ३८,५ | ३८,६४९ | ३९,९० | ३६,०५४ |
| जम्मा | १३२३१५ | १३८१३२ | १४००३२ | १४१९६५ | १४३९११ | १४५९१३ | १४७९२२ | १४९९६४ | १३८१३२ |

*स्रोत:शिक्षा शाखा,EMIS टुलकिट गुजरा न.पा*

ज) जनसङ्ख्या प्रवृत्ति (बसाँइसराइ र यसको प्रभाव)

कुल क्षेत्रफल १५०.३३वर्ग किलोमिटर रहेको समतल भूपरिवेष्ठित भएको यो गुजरा नगरपालिकामा वर्षभरि समशीतोष्ण हावापानी देखिए पनि गर्मीयाममा अत्यधिक गर्मी हुने र जाडोयाममा चिसो मौसमको अनुभव हुने गर्दछ हावापानी छ ।जनसाङ्ख्यिक बनोटको कुरा गर्दा वि.स.२०७८ को जनगणना अनुसार गुजरा नगरपालिकाको कुल जनसङ्ख्या ५४०५३ रहेको छ र जनसङ्ख्या वृद्धिदर १.४० प्रतिशत प्रतिवर्ष रहेको छ।यसमा महिलाको जनसङ्ख्या करिब ५१.१ प्रतिशत रही पुरुषको ४८.९ प्रतिशतले रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लेखित तालिका अनुसार हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसाङ्ख्यिक स्वरूपले शिक्षा लगायत अन्य विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिनु जरुरीछ।

# १.२ पालिकाको शैक्षिक सन्दर्भ

## १.२.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

गुजरा नगरपालिका एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त लोकतान्त्रिक गणतन्त्रात्मक नगरपालिका हो। यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्दै आएको छ भने समयसापेक्ष राजनीतिक र सामाजिक घटनाले यसको परिवर्तन र परिमार्जन गरेको पाइन्छ। २०६३ को राजनीतिक आमूल परिवर्तनपछि वर्तमान अवस्थामा गुजरा नगरपालिकाको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन।तर, नगरपालिकाको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था साथै यहाँ बसोबास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दै गुजरा नगरपालिकाको शिक्षा भन्नाले अनिवार्य र निःशुल्क शिक्षा; सबै तहमा दिगो, प्रभावकारी तथा गुणस्तरीय व्यावहारिक शिक्षा; नगरभित्र बढ्दो बेरोजगारी समस्यालाई समाधान गर्दै आत्मनिर्भर बनाउन सक्ने प्राविधिक र व्यावसायिक शिक्षामा प्राथमिकता; सबै भाषा, लिपि, संस्कृति, धर्म आदिको संरक्षण, संवर्द्धन तथा परिमार्जन गर्दै समाजमा सहयोगको आदान-प्रदान गरी समायोजन हुनसक्ने परिपक्व नागरिकको विकासका लागि सँघीय, प्रदेश र स्थानीय तहहरुसँग भाइचारा, सहयोग आदान-प्रदान गर्न सक्षम बनाउने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली; राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नगरपालिकाको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणालीं; साथै अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा र अन्य प्रमुख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाइ व्यवस्थाको माध्यमबाट समतामूलक समावेशी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्छ।

### १.२.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवाद उन्मुख राज्यप्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हकको व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनभर सिकाइको समान अवसरले आर्थिक समृद्धि, सामाजिक न्याय, र समतामूलक समाज निर्माणमा योगदान पुऱ्याउँछ। शिक्षालाई सर्वव्यापी, व्यावहारिक, प्रतिस्पर्धात्मक, र गुणस्तरीय बनाउनका लागि अनिवार्य र निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ ले हरेक नागरिकको शिक्षा पाउने अधिकार सुनिश्चित गरेको छ। त्यस्तै, नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समान पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक सोच, र सदाचार जस्ता गुणसहित प्रतिस्पर्धी, सीपयुक्त, र उत्पादनशील जनशक्ति निर्माण गर्ने उद्देश्य राखेको छ।

नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" भन्ने २५-वर्षे दीर्घकालीन सोचका आधारमा १५औं आवधिक योजनाका लक्ष्यहरू तय गरिएको छ। यी नीतिहरू कार्यान्वयन गरी लक्ष्य प्राप्त गर्न शिक्षा पद्धतिमा सुधार गर्नुका साथै शिक्षामा लगानीको स्वरूप परिमार्जन गर्नु आवश्यक छ। गुजरा नगरपालिका पनि यी सिद्धान्तहरूलाई पछ्याउँदै आफ्ना नागरिकहरूका लागि आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क बनाउँदै समावेशी, गुणस्तरीय, र पहुँचयोग्य शिक्षाको प्रवर्द्धन गर्न प्रतिबद्ध छ। सिर्जनशीलता, नवप्रवर्तन, र उत्पादनशील सीपलाई प्रोत्साहन गरी, नगरपालिकाले प्रतिस्पर्धात्मक र आत्मनिर्भर जनशक्ति निर्माण गर्ने लक्ष्य राखेको छ, जसले समृद्धि र समानताको व्यापक उद्देश्य पूरा गर्न योगदान पुऱ्याउनेछ। रणनीतिक लगानी र शिक्षामा प्रगतिशील सुधारका माध्यमबाट, गुजरा नगरपालिका शिक्षालाई दिगो विकास र सामाजिक कल्याणको आधारस्तम्भका रूपमा निर्माण गर्न खोजिरहेको छ।

### १.२.४ विद्यालय सङ्ख्या

यस नगरपलिकामा जम्मा ३२ वटा सामुदायिक विद्यालयहरु रहेकाछन् । जस मध्ये ६ वटा माध्यमिक स्तरका, ८ वटा माथिल्लो आधारभूत६-८) कक्षा र १८ वटा तल्लोआधारभूतस्तरका (कक्षा१- ५ सम्म),४ वटा धार्मिक परम्पराका र७ वटा संस्थागत विद्यालयहरु संचालनमा रहेकाछन् त्यसै गरीयस पालिकामा ३४ वटा बाल विकास केन्द्रहरु रहेकाछन् । यस पालिकाको विद्यालयहरुको इकाई र तहगत अवस्था अनुसार यसरी उल्लेख गर्न सकिन्छ ।

| विघालयको प्रकार | ई सि डि | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | | जम्मा इकाइ | सि.ए ल.सि | अन्य | इकाइगत सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५. | ६-८. | १-८. | ९-१०. | ११-१२. | ९-१२. | | | | १-५. | ६-८. | ९-१०. | ११-१२. |
| सबै प्रकारका विघालय | ३५ | ० | ० | ० | ० | २५ | ० | ० | ८ | ० | २ | ० | ४ | ३९ | ४ | ३९ | ६ | ४ | ६ | ३९ | ० | ० | २५ | ८ | २ | ४ |
| सबै प्रकारका समुदायिक जम्मा बिघालय सङ्ख्या | ३४ | ० | ० | ० | ० | ७ | ० | ० | ८ | ० | २ | ० | ४ | ३ | ४ | ३ | ६ | ४ | ६ | ३ | ० | ० | ७ | ८ | २ | ४ |
| शुन्य दरवन्दी भएका विघालय | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | ० | ० | ० | | ० | | ० | ० | ० | | ० | ० | | ० | ० | ० |
| विशेष विघालयहरु (विभिन्न अपाङ्गताका लागि | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| धार्मिक विघालयहरु | ० | ० | | | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ४ | ० | ४ | ० | ० | ० | ४ | ० | ० | ४ | ० | ० | ० |
| बिघालयमध्ये घुम्ती बिघालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा सहितका बिघालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| आवासिय सुबिधा सहितका बिघालयहरु | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्राबिधिक धार सहित विघालयहरु (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| नमूना बिघालय (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| बिज्ञान बिषय (सबै प्रकारका कक्षा ११-१२) विघालय | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| बिज्ञान बिषय सहितका बिघालयहरु (कक्षा ११-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| खुल्ला बिघालय सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० |
| सामुदायिक सिकाई केन्द्रहरु | ० | ० | | | | | | | | | | | | | | | | | | | ३ | ० | ० | ० | ० | ० |
| अनौपचारिक बैकल्पिक र प्रौढ विघालय | ० | ० | ० | ० | ० | ० | ० | ० | | ० | ० | ० | ० | | | | ० | ० | ० | | ० | ० | ० | | ० | ० |

*स्रोत:शिक्षा शाखा,EMIS टुलकिट गुजरा न*

### १.२.५ विद्यार्थी सङ्ख्या रभनीप्रवृत्ती

गुजरा नगरपपालिकामा ३२ वटा सामुदायिक विद्यालयहरुमा जम्मा विद्यार्थि संख्या ३६[illegible] रहेका छन्। जहा इसिइडी. मा १०६८, १ देखी ५ कक्षासम्म ७५७६, ६ देखी ८ कक्षासम्म २२२९, ९ देखी १० कक्षासम्म ०७९ र ११ देखी १२ कक्षासम्म ०४[illegible] विद्यार्थीहरुको संख्या रहेको छ। अरु विस्तृत विवरण तल दिएको छ

**तहगत रुपमा विद्यार्थी विवरण**

| तहगत बिधार्थि विवरण | प्रारम्भिकबालविकास र शिक्षा | | | अधारभूत (कक्षा १-५) | | | अधारभूत (कक्षा ६-८) | | | माध्यामिक (कक्षा ९-१०) | | | माध्यामिक (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थीसङ्ख्या | ६३० | ८४४ | १४७४ | ४०६९ | ४०१३ | ८०८२ | १४६५ | १५१२ | २९७७ | ५५५ | ५१६ | १०७१ | ४९० | ४३२ | ९२२ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा बिद्यार्थीसङ्ख्या | ५२२ | ५४७ | १०६९ | ३८५२ | ३७२४ | ७५७६ | १४४२ | १४८० | २९२२ | ५५९ | ५२० | १०७९ | ५३८ | ५०४ | १०४२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थीसङ्ख्या | ११५ | १०७ | २२२ | ८०३ | ७६६ | १५६९ | २१७ | २२३ | ४४० | ६६ | ७७ | १४३ | ५७ | ५० | १०७ |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | १०७ | ८९ | १९६ | ७९३ | ७४० | १५३३ | २१७ | २२३ | ४४० | ६६ | ७७ | १४३ | ५७ | ५० | १०७ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थीसङ्ख्या | ० | ० | ० | ३ | ९ | १२ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० |
| सामुदायिक बिद्यालयमा कक्षागत र तहगत अपाङ्गता भएका बिद्यार्थीसङ्ख्या | ० | ० | ० | ३ | ९ | १२ | ५ | १ | ६ | २ | १ | ३ | १ | १ | २ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजातीबिद्यार्थी सङ्ख्या | २१८ | २४५ | ४६३ | ८५७ | ८८२ | १७३९ | ४६४ | ५०० | ९६४ | २७५ | १८९ | ४६४ | २६५ | २१९ | ४८४ |

| तहगत विधार्थि विवरण | प्रारम्भिकबालविकास र शिक्षा | | | अधारभूत (कक्षा १-५) | | | अधारभूत (कक्षा ६-८) | | | माध्यामिक (कक्षा ९-१०) | | | माध्यामिक (कक्षा ११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत तोकिएका २२ जनजाती विद्यार्थीसङ्ख्या | १७४ | १८७ | ३६१ | ८०६ | ७९५ | १६०१ | ४६४ | ५०० | ९६४ | २७५ | १८९ | ४६४ | २६५ | २१९ | ४८४ |

स्रोतः गुजरा न.पा, शिक्षा शाखा, टुलकिट २०८१

## १.२.५ शिक्षक सङ्ख्या र प्रवृत्ति

| तह | सामुदायिक विधालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीस्रोतबाट नियुक्त शिक्षक समेत) | | | | | सबै प्रकारकाविद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुप | पालिकाको स्रोतबाट नियुक्तसङ्ख्या | महिला% | जम्मा | महिला | पुरुप | महिला% |
| पूर्व प्र.बि.बा.बि.के. | ३४ | ० | ३४ | ० | १०० | ३१ | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |
| आधारभूत (१-५) | ६० | ४० | १०० | ४२ | ४२ | ७६ | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |
| आधारभूत (६-८) | २१ | ९ | ३० | ६ | २० | ९७ | ४ | २ | २ | ४ | ५० | NA | NA | NA | NA |
| माध्यमिक (९-१०) | १२ | १ | १३ | ३ | २३.०७ | ६७ | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |
| माध्यमिक(११-१२) | ८ | ० | ८ | १ | १२.५ | १३० | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |

## १.२.६ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रवृत्ति विश्लेषण

यस गुजरा नगरपालिकाको तहगत जम्मा विद्यार्थिहरुको अनुपात मिलेको देखिदैन् । यहा ईसिइडीमा अनुपात ३१ जो मिलेको देखिन्छ भने कक्षा १ देखि ५ सम्मका लागि यो अनुपात १:७३ को देखिन्छ, ६ देखी ८ कक्षामा १:९७, कक्षा ९ देखी १० सम्ममा १:६७ र ११ देखी १२ कक्षामा यो झन बढेर १:१३० को विद्यार्थि अनुपात रहेको देखिन्छ । जहा तराईमा शिक्षक र विद्यार्थी हुनु पर्ने अनुपात १:५० हो जुन पुरा हुन सकेका छैन ।

## १.२.७ उल्लेख्य उपलब्धि तथा अन्तर

गुजरा नगरपालिकाको शिक्षा क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि केही महत्त्वपूर्ण समस्याहरू र अन्तरस्पष्ट रूपमा देखिन्छन्। विद्यालय बाहिर बालबालिकाको समस्या गम्भीर छ, जहाँ आधारभूत तह (कक्षा १-८) मा ९.५% र कक्षा १-१२ मा ५४.६% बालबालिका विद्यालय बाहिर छन्। यसले शिक्षाको पहुँचमा अझै ठूलो चुनौती रहेको देखाउँछ।

साक्षरता दर ६०% मात्र छ, जसले अझै ४०% जनता निरक्षर रहेको देखाउँछ। यसले शिक्षामा आधारभूत तहमा मात्रै नभइ समग्र जनसंख्यामा पनि सुधारको खाँचो रहेको प्रस्ट गर्छ। शिक्षक-विद्यार्थी अनुपात पनि मापदण्डभन्दा धेरै माथि छ। आधारभूत तह (१-५ कक्षा) मा ७६:१, कक्षा ६-८ मा ९७:१, कक्षा ९-१० मा ६७:१, र कक्षा ११-१२ मा १३०:१ रहेको छ। यो अनुपातले शिक्षण प्रक्रियामा प्रत्यक्ष प्रभाव पारेको हुनसक्छ, किनभने यो स्तरमा शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत ध्यान दिन गाह्रो भएको देखिन्छ।

विद्यालयहरूको भौतिक पूर्वाधार पनि मापदण्डअनुसार पर्याप्त छैन। गुणस्तरीय शिक्षाका लागि आवश्यक भवन, पुस्तकालय, प्रयोगशाला, शौचालयजस्ता पूर्वाधारहरूको अभावले विद्यार्थीको सिकाइमा बाधा पुगेको छ। साथै, कक्षा १ मा भर्ना भएका विद्यार्थीमध्ये ७५.७% मात्र कक्षा १० सम्म पुग्ने, ७३% टिक्ने, र ५१.९% मात्र पूरा गर्ने दरले शिक्षामा टिकाउपनको कमी स्पष्ट रूपमा देखाएको छ।

शिक्षाको गुणस्तर सुनिश्चित गर्न पाठ्यक्रमअनुसार शिक्षण र सिकाइ प्रक्रियामा पनि कमजोरी देखिएको छ। श्रम बजारसँग सान्दर्भिक प्राविधिक र व्यावसायिक शिक्षामा सुधारको खाँचो छ, जसले युवाहरूलाई रोजगारी र सीपमूलक अवसरमा पहुँच प्रदान गर्न सक्छ। कोभिड-१९ महामारीले शिक्षामा पहुँच, सहभागिता, र सिकाइ उपलब्धिमा गम्भीर अन्तर ल्याएको छ। विद्यार्थीको निरन्तरता, सिकाइ उपलब्धि, र शिक्षण प्रक्रियामा देखिएका चुनौतीहरूलाई महामारीपछिको समयमा सम्बोधन गर्न प्रभावकारी उपाय आवश्यक छ। शैक्षिक सूचना व्यवस्थापन प्रणाली पर्याप्त विश्वसनीय छैन, जसका कारण शिक्षा सम्बन्धी तथ्यांकको उपयोग र योजना निर्माणमा समस्या देखिएको छ। दिगो लगानीको स्रोत पहिचान र व्यवस्थापनमा पनि चुनौतीहरू छन्, जसले शिक्षा क्षेत्रमा दीर्घकालीन सुधार र बिस्तारमा बाधा पुऱ्याउन सक्छ।

यी अन्तर समाधान गर्न स्थानीय, प्रादेशिक, र संघीय तहबाट समन्वयात्मक प्रयास आवश्यक छ। शिक्षकहरूको क्षमतामा सुधार, भौतिक पूर्वाधारको सुदृढीकरण, गुणस्तरीय शिक्षण सुनिश्चित गर्ने नीति, र श्रम बजारसँग सम्बद्ध शिक्षा प्रणाली विकास गरेर मात्र यी समस्याहरूलाई समाधान गर्न सकिनेछ। दीर्घकालीन योजना र प्रभावकारी कार्यान्वयन मार्फत मात्र यी समस्याहरूको समाधान सम्भव छ ।

### १.२.८ शिक्षा क्षेत्रको योजना

गुजरा नगरपालिकाले शिक्षा क्षेत्रको विकासलाई सुदृढ गर्न नेपालको संविधान-२०७२ ले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ। साथै, अपाङ्गता भएका र आर्थिक रुपमा विपन्न नागरिकले निःशुल्क उच्च शिक्षा पाउने र नेपाली समुदायले आफ्ना मातृभाषामा शिक्षा पाउने हक पाउने कानूनी प्रावधान गरिएको छ। सो अनुरुप संघिय तथा प्रदेश सरकारले विभिन्न आवधिका योजनाहरु लागु गरिरहेको छ ।सो सन्दर्भमा गुजरा नगरपालिकाले शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गर्ने उद्देश्य अनुरुप कार्ययोजना निर्माण गर्ने प्रयास गरिएकोछ। स्थानीय तहको अधिकार अनुसूची, स्थानीय सरकार सञ्चालन ऐन २०७४, र संविधानले निर्दिष्ट गरेका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई आधार मान्दै नगरपालिकाको स्थानीय आवश्यकतालाई सम्बोधन गर्न सक्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सक्षम जनशक्ति उत्पादनका लागि यो विद्यालय शिक्षा क्षेत्र योजना तयार गरिएको हो।

यस योजना तयार गर्ने क्रममा गुजरा नगरपालिकाले नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक-अभिभावक संघका पदाधिकारी, शिक्षक-कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधि, बाल क्लबर समुदायका अन्य सरोकारवालाहरूसँग औपचारिक र अनौपचारिक छलफल गरी महत्वपूर्ण राय-सुझाव सङ्कलन गरिएको छ।

नगरपालिकाले राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षा क्षेत्रकाउद्देश्यहरु हासिल गर्नका लागि कार्यान्वयनको क्रममा रहेको सहस्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना, र विद्यालय क्षेत्र विकास योजनाजस्ता प्रयासहरूलाई समेत अध्ययन गरी यस नगरपालिकाको यो शिक्षा योजना तर्जुमा गरिएको छ।

यो विद्यालय शिक्षा क्षेत्र योजना तयार गर्न स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी विकेन्द्रीकरणको मर्मअनुरूप विद्यालय सुधार योजनाका माध्यमबाट शिक्षा क्षेत्रको गुणात्मक विकास गर्ने उद्देश्य राखिएको छ। शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्दै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग गर्ने, समस्या पहिचान र प्राथमिकीकरणमा सुधार गर्ने, र संविधानको मर्मअनुसार समन्वय, सहकार्य, र सहकारिताको सिद्धान्तमा आधारित रहेर शिक्षा क्षेत्रको विकासमा योगदान दिने प्रयास गरिएको छ।

गुजरा नगरपालिकाको शिक्षा क्षेत्रको यो ५ वर्षे योजना (सन् २०२४-२०२८) नगरपालिकाको समग्र शैक्षिक सुधारका लागि मार्गदर्शक हुने विश्वासका साथ निर्माण गरिएको छ।

### १.२.९ दिगो विकास लक्षहरू

गुजरा नगरपालिकाले नेपाल सरकारको प्रतिबद्धताअनुसार "दिगो विकास लक्ष्य ४: सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रोत्साहन गर्ने" उद्देश्यलाई आत्मसात गर्दै, आधारभूत तहसम्मको निःशुल्क र अनिवार्य शिक्षाको कार्यान्वयनलाई आफ्नो प्रमुख प्राथमिकतामा राखेको छ। यस लक्ष्य अन्तर्गत गरिब, सीमान्तकृत, अपाङ्गता भएका र आर्थिक रुपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँचलाई बढाउन नगरपालिकाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिएको छ। दिवा खाजा, छात्रवृत्ति, र शिक्षामा सहायक कार्यक्रमहरूमार्फत बालबालिकाको भर्ना दर, टिकाउ दर र तह पूरा गर्ने दरमा सुधार गर्दै शिक्षामा सबैलाई समावेश गर्ने प्रयास नगरपालिकाले अघि बढाएको छ।

समावेशी र गुणस्तरीय शिक्षाका सूचकहरू प्राप्त गर्न गुजरा नगरपालिकाले शिक्षाको पहुँचसँगै सिकाइ उपलब्धिमा सुधारका लागि कार्य योजना तयार पारेको छ। नगरपालिकाले शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई स्थानीय तहसँग समन्वय गरी खण्डीकृत तथ्याङ्क र सूचना अद्यावधिक गर्दै शिक्षामा लैङ्गिक, सामाजिक र भाषिक विविधता समेट्ने रणनीति अपनाएको छ। अनौपचारिक साक्षरता अभियान, सीपमूलक तालिम, र समुदायस्तरका शैक्षिक गतिविधिहरूलाई प्राथमिकतामा राखेर शिक्षालाई समावेशी, गुणस्तरीय, र दिगो बनाउने प्रयास गरिरहेको छ। यस प्रक्रियामा राष्ट्रिय योजना आयोगद्वारा निर्धारण गरिएका दिगो विकास लक्ष्यका सूचकहरूलाई आधार मान्दै नगरपालिकाले आफ्नो प्रगतिको आवधिक समीक्षा गरी गुणस्तरीय शिक्षामा योगदान पुर्याउने योजना अघि बढाएको छ।

## १.४ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

१. उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

२. गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अभाव।

३. विद्यार्थी र शिक्षकको अनुपात नमिल्नु।

४. आधारभूततहकोशिक्षालाईअनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्कगरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकासमा कठिनाई

५. विद्यालयहरूको स्थापना, समायोजन तथा पुनर्वितरणमा असमानता।

६. विद्यालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको अभाव।

७. शिक्षकको विकास, प्रशिक्षण र सहायता प्रणालीमा कमजोरी।

८. विद्यालयमा बालमैत्री वातावरणको कमी।

९. स्थानिय पाठ्यक्रम, पाठ्यसामग्री विकास गर्नु ।

१०.माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका कार्यक्रमहरूको सीमितता।

११.शिक्षक र विद्यार्थीहरूका लागि सूचना तथा सञ्चार प्रविधिको सीमित पहुँच।

१२.प्रकोप, संकट, महामारीलगायतका परिस्थितिमा शिक्षण शिकाईको निरन्तरताको लगि योजना निर्मान तथा पुर्व तयारि ।

१३.विपदीबाट हुन सक्ने सम्भावित जोखिमको न्यूनिकरणका लागि शिक्षा समूह गठन र प्रतिकार्य योजना पुनरावलोकन तथा प्रभावकारी कार्यन्वयन ।

१४.बालबालिकाको पोषण, सरसफाइ र स्वास्थ्य सेवामा सुधारको आवश्यकता।

१५.गरिब, सुविधा वञ्चित र अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति तथा सहायता प्रणालीको अभाव।

१६.विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा ल्याउन टिकाउन, गाह्रो।

१७.नगरका निराक्षर व्यक्तीहरुलाई साक्षरता विकास गर्न सक्ने कार्यक्रम संचालन गर्न नसकेको ।

१८.सामुदायिक सिकाई केन्द्रहरुकोउचित व्यवस्थापन तथा संचालनमा गर्न नसकेको।

१९.सार्वजनिक विद्यालयप्रति अभिभावकको आकर्षण र विस्वास घट्दै जानु।

२०.नियमित विद्यालयमा उपस्थित हुन नसक्ने बालबालिकाका लागि वैकल्पिक शिक्षाको कमी।

२१.धार्मिक तथा संस्थागत विद्यालहरुको व्यवस्थापन गर्न नसक्नु।

## १.५ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्:

१. विगतका दशकमा विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले सिर्जना गरेका संरचना तथा क्षमता आधारका रूपमा उपयोग गर्न सकिने।

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार उपलब्ध।

३. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक सहमति कायम।

४. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबीच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचा स्थापित।

५. संघीय संरचनामा विद्यालय शिक्षाको विकास, शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाउँदै तीनै तहका सरकारको सहकार्य तथा समन्वय प्रारम्भ, जसले तीनै तहबाट लगानीको सम्भावना बढाएको।

६. विद्यालय शिक्षाका लागि आवश्यक संरचना र क्षमता विद्यमान, जसलाई सुधार र परिमार्जन गरी योजनाको कार्यान्वयनमा उपयोग गर्न सकिने।

७. अनौपचारिक शिक्षालाई राष्ट्रिय सक्षमता प्रारुप अनुसारको संयन्त्र विकास गरि व्यवस्थापन तथा संचालन गर्न नीतिगत ढाँचा स्थापित ।

८. सीपमुलक कार्यक्रम संचालनको लागि सिटिइभिटी अनुसारको यथेस्ट ढाँचा रहेको ।

९. सार्वजनिक शिक्षाको विकास र गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमतको उपस्थितिले थप अवसर सिर्जना गरेको।

१०. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास र आकर्षणमा वृद्धि हुने सम्भावना।

## १.६ पालिकाको शिक्षा क्षेत्रकोयोजना निर्माण प्रक्रिया

यो विद्यालय शिक्षा क्षेत्रको योजना तयारीको प्रारम्भिक कार्यको सुरुआत**स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन (परिमार्जित तथा अद्यावधिक संस्करण २०८१)** अनुसार, गुजरा नगरपालिकाले योजना तर्जुमा समिति तथा शिक्षा योजना मस्यौदा लेखन कार्यसमितिको गठन गरी सहभागितामूलक प्रक्रियाबाट योजना मस्यौदा निर्माणको कार्यलाई अघि बढाएको थियो। यस कार्यलाई प्रभावकारी बनाउनका लागि UNICEFको आर्थिक तथा प्राविधिक सहयोगमाPeople Promote Centerको सहकार्यमा शिक्षा विज्ञहरूको सहभागितामा स्थानीय सरकार शिक्षा शाखा र मस्यौदा लेखन कार्यदलको कार्यक्षमता वृद्धिका लागि विभिन्न कार्यशालाहरू सञ्चालन गरिएको थियो।

कार्यशालापछि, People Promote CenterरUSAID Early Grade Learningका प्रतिनिधिहरूको प्राविधिक सहयोगमा प्रधानाध्यापकहरू लगायत शिक्षासँग सम्बन्धित सरोकारवालाहरूसँग नियमित विचार-विमर्श गरिएको थियो। सायैशिक्षासम्बन्धी ऐन, कानुन, नीति, नियम र अवधारणाहरूको समीक्षा गरी दस्तावेजीकरण गरिएको थियो। दस्तावेजहरूको अध्ययन र विश्लेषण पश्चात, योजनाको मस्यौदा तयार पारिएको थियो। उक्त मस्यौदाले समेटेका योजनाहरूको लेखाजोखा गरी मस्यौदा लेखन कार्यसमितिले यस नगर शिक्षा योजना तयार गरेको हो।

### १.६.१ योजना निर्माणमा विभिन्न श्रोत सामग्रीको अध्यायन तथा समीक्षाहरू

नगरस्तरीय शिक्षाको बारे अध्ययन तथा समिक्षा गर्नका लागि ७ सदस्य योजना तर्जुमा समिति र ५ सदस्य मस्यौदा लेखन कार्यदल गठन गरि शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरिएको थियो। यी अध्ययनहरू नगरपालिकाका शिक्षा शाखाको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएको थियो । ती अध्ययनहरू निम्नअनुसार रहेका छन् ।

क) नितिगत समिक्षा (संविधान २०७२, अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५, निमावली २०७७, स्थानिय सकार सञ्चालन ऐन, २०७४, विद्यालय शिक्षा क्षेत्र योजना २०२२।२०२३ देखि २०३१।२०३२)

ख) टुलकिट अपडेट र विशलेषण (EMIS, शिक्षा विकास सूचाकंहरुको विश्लेषण)

ग) स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धि मार्गदर्शन परमार्जित तथा अद्यावधिक संस्करण २०८१ अध्यायन

घ) नगरपालिका प्रोफाइल २०७५ अध्यायन

उल्लेखित अध्यायन र समिक्षाका आधारमा पालिका स्तरिय योजना तर्जुमा र योजनाको मस्यौदा कार्यदलले शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको छ ।

त्यस्तै योजनातयारीकाक्रममा यस गुजरा नगरपालिकाका शिक्षा शाखाको अगुवाईमा र विभिन्न साझेदार संस्थाहरुको प्राविधिक सहयोगमा योजना तर्जुमा समिति र मस्यौदा लेख्न समितिहरु विच समूह उप-समूहमा कार्य बिभाजन गरि विषयतगत समूहले निम्नलिखित विषयमा प्रधानाध्यापक , अन्य सरोकारवला पक्ष तथा पालिकाका EMISबाट प्राप्त शैक्षिक तथ्याङ्कहरुको अध्ययन गरेर निम्न अनुसारको विषयगत क्षेत्रमा रहि सूचना सङ्कलन गरिएको छ।

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लेखित बाह्र ओटा विषयगत सूचना सङ्कलन र समिक्षाबाट प्राप्त भएका तथ्यहरुले नै यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो ।

### १.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारीमुख्य गरी गुजरा नगरपालिकाको शिक्षा समितिको नेतृत्वमा स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन परिमार्जित तथा अद्यावधिक संस्करण २०८१ अनुरुपPeople Promote Center Jankpurdhamको सहयोगमा एक दिने नगर शिक्षा योजना निर्माणका लागि अभिमुखीकरण गरी ७ सदस्य

रहने गरी योजनना तर्जुमा समितिको योजनाको मस्यौदा लेखनका लागि ५ सदस्य मस्यौदा समिति (कार्यदल) बनाइ पालिकाका सामाजिक विकास समितिका संयोजाकको सक्रियतामा योजना मस्यौदा लेखन कार्यलाई अगाडि बढाइएको थियो । मस्यौदा लेखन को चरणमा गरिएका क्रियाकालपहरु यसप्रकारका छन्

क) योजना निर्माणको क्रममायोजना को बारेमा सरोकारवलामा अभीमुखिकरण

ख) सरोकारवलासँग छलफल तथा सूचना सङ्कलन

ग) मस्यौदा तयारी र मस्यौदाको लेखाजोखा

घ) मस्यौदा माथि सरोकारवालाहरुको सुझाव सङ्कलन तथा पृष्ठपोषण

ङ) योजनाको अन्तिमिकरण

च) योजनालाई वाह्य विज्ञद्धारा लेखाजोखा र सूझाव सङ्कलन

छ) स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

### १.६.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लेखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यसका लागि मस्यौदा लेखन टोलिले विकास साझेदार संस्था People Promote Center रUSAID EGLका जिल्ला स्थित प्रतिनिधिहरुको प्राविधिक सहयोगमा पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो।यस क्रममा उल्लेखित विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरूलगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यक्तानुसार निरन्तर छलफल गरिएको थियो ।यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

## परिच्छेदः दुई

# दीर्घकालिन सोच, ध्येय, उदेशय

## २.१ परिचय

शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न, आगामी दिनमा शिक्षामा समेटिनुपर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गर्नु आवश्यक छ। संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तलाई अवलम्बन गर्दै स्थानीय स्रोत र साधनको उच्चतम् उपयोग गर्न सकिनेछ। यसले समस्या पहिचान र प्राथमिकतामा गुणात्मकता ल्याउने विश्वासका साथ १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३४) निर्माण गर्नु सान्दर्भिक देखिन्छ। गुजरा नगरपालिकाको शिक्षाक्षेत्र योजना निर्माणको सन्दर्भमा प्रस्तुत यस परिच्छेदले नगरपालिकाको शैक्षिक अवस्थाको समीक्षा, मुख्य चुनौती, अवसर र सम्भावनाहरूको पहिचानलाई आधार मानेर आगामी १० वर्षको मार्गचित्र तयार गर्न महत्वपूर्ण आधार सिर्जना गरेको छ। अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा र जीवनभर सिकाइका माध्यमबाट नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्म हासिल गर्ने लक्ष्यलाई सम्बोधन गर्दै योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्य (Objectives), रणनीतिहरू (Strategies), र प्रमुख उपलब्धि सूचक (Key Indicators) प्रस्तुत गरिएको छ।

## २.२ दीर्घकालीन सोच(Vision)

"समावेशी, गुणस्तरीय शिक्षाः सक्षम र समृद्ध गुजरा नगरको आधार" को रुपमा आगामी ५ वर्षभित्र गुजरा नगरपालिकामा शिक्षा प्राप्त गर्न सक्ने उमेर समूहका प्रत्येक बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षामा पहुँच पुर्‍याइनेछ। साथै, व्यक्ति र समुदायलाई उत्पादनमूलक, व्यवहारिक तथा सिपयुक्त व्यवसायिक र प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गरिनेछ।

## २.३ ध्येय (Mission)

प्रत्येक बालबालिका, महिला, प्रौढ र जेष्ठ नागरिकलाई निःशुल्क, अनिवार्य र गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गर्दै समावेशी र समृद्ध समाज निर्माण गर्नु हो।

## २.४ उद्देश्यहरू (Objectives)

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु ।
२. विद्यालयमा स्वास्थ पोषणको गुणस्तरियता कायम गर्न विद्यालयमा उचित सरसफाई ,खानेपानी , स्वास्थय जाचँ र दिवा ख ,शौचालय व्यवस्थापनाजालाई व्यवस्थापन गर्नु ।
३. सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु ।
४. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।
५. निराक्षर नागरिकका लागि सामुदायिक सिकाई केन्द्रको प्रभावकारी व्यवस्थापन मार्फतजीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराइ साक्षर नगरपालिका घोषणा गर्ने ।

६. राष्ट्रिय सक्षमता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

७. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु ।

८. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु ।

९. आपतकालीन, सङ्कटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

१०.विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।

११.सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु ।

१२.साक्षर पालिका घोषणाका लागि अनौपचारिक शिक्षामा जोड दिदै सामुदायिक शिक्षा केन्द्रहरुलाई प्रविधि मैत्री वनाई प्रभावकारी कार्यान्वयन गर्ने ।

१३.विद्यार्थीको संख्याका आधारमा तालिम प्राप्त शिक्षकशिक्षिका को उचित व्यवस्थापन गर्दै प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षणमार्फत विद्यार्थीमाप्रगतिशिल भावना विकास गर्ने।

१४.शैक्षिकतथ्याङ्कतथा परिक्षा प्रणालिको प्रभावकारी व्यवस्थापन तथा स्थानिय भाषाको पाठ्यपुस्तकको विकास गरि बहुभाषी विधिवाट प्रभावकारी कक्षा शिक्षण ।

१५.विद्यालय वाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याई, कक्षामा टिकाइ राख्न विभिन्न प्रोत्साहनका कार्यक्रमहरु संचालन गर्ने।

## २.५ रणनीतिहरू (Strategies)

१. सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुर्‍याउननगरपालिका ,वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावकसचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।

३. विद्यालयमा स्वास्थ पोषणको गुणस्तरियता कायम गर्न विद्यालयमा उचित सरसफाई ,खानेपानी , स्वास्थ ,शौचालय व्यवस्थापनय जाचँ र दिवा खाजालाईप्रभावकारी व्यवस्थापनमा जोड दिने।

४. माध्यमिक शिक्षामा सबैकोपहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारकोविकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्तापक्षहरुमा जोड दिने।

५. विद्यालय वाहिर रहेका वालवालिका तथा निरक्षर नागरिकहरुको तथ्याङ्क सकलनआवधिक , तथा व्यवस्थापन गर्ने ।

६. विद्यालय उमेर समूहका बालबालिकाहरुलाई विद्यालयमा भर्ना तथा उमेर बढि भएका र निराक्षर नागरिककालागिजीवनपर्यन्तरनिरन्तरसिकाइमाअवसरउपलब्धगराउनकोलागिसामुदायिकसिकाइकेन्द्र कोपूनर्बितरणरकार्यशैलीमासुदृढीकरणगर्ने।

७. सवै सरोकारवलाको समन्वयमा राष्ट्रिय सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्ने

८. विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने ।

९. स्थानिय पाठ्यक्रमको विकास गरि वहुभाषा शिक्षण विधिबाट कक्षा संचालनका लागि शिक्षक शिक्षिकाहरुलाई तालिमबाट क्षमता विकास गरिने।

१०.विद्यालयमा आपतकालीन, सङ्कटपूर्ण र महामारी जस्ताजोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने .

११.विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चितगर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने ।

१२.विद्यालयहरुको क्षमता विकास गरि शैक्षिक तथ्याङ्कहरुको व्यवस्थापन गर्ने ।

१३.सिर्जनशील, दक्ष, नैतिकवान, जीवनपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने।

१४.प्रोत्साहनको कार्यक्रमावाट शिक्षकको मनोवल वढाउने र सिमान्तकृत समुदायका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्ने ।

## २.६ उपलब्धि

योजनाको अन्त्य (२०२८) सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. मापदण्ड अनुसार सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुने ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ ।

४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुनेछ ।

५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारीभईचरित्रवान नागरिक तयार हुनेछ ।

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

७. सबै नागरिकका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागिगुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ ।

९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुनेछ ।

१०. विद्यार्थिको अनुपातमा शिक्षकको व्यवस्थापन भई वहुभाषा विधिवाट कक्षा संचालन भएको हुनेछ।

११. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था हुने छैन

१२. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

१३. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्रीवातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुनेछ।

१४. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ ।

१५. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधनगरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुनेछ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)निम्नबमोजिमहुने छन ।

| क्र.सं. | सूचक | तहगत सुचकहरु | आधार वर्ष २०८१ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ३२.१ | ३२.१ | ३६.९ | ४२.६ | ४९. | ५६.५ | | |
| १.२ | प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ३८.३ | ३८.३ | ४३.२ | ४८.७ | ५४.९ | ६१.८ | | |
| १.३ | प्रारम्भिकबालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ७४.५ | ७४.५ | ७७.२ | ८०.१ | ८३. | ८६.१ | | |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ५४.५ | ५४.५ | ५८.८ | ६३.४ | ६८.३ | ७३.६ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना | स्थानीय | ९२.३ | ९२.३ | ९३.१ | ९३.९ | ९४.८ | ९५.६ | | |

गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

| क.सं. | सूचक | [illegible]गत सुचकहरु | आधार वर्ष २०८१ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएका बालबालिकाको कूल प्रवेश दर (%) | | | | | | | | | |
| 2.3 | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९१.२ | ९१.२ | ९२.२ | ९३.१ | ९४.१ | ९५.१ | | |
| 2.4 | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ७१.१ | ७१.१ | ७४.१ | ७७.३ | ८०.६ | ८४.१ | | |
| 2.5 | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ९१.२ | ९१.२ | ९२.२ | ९३.१ | ९४.१ | ९५.१ | | |
| 2.6 | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ११३. | ११३. | १११.३ | १०९.६ | १०७.९ | १०६.२ | | |
| 2.7 | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९३.४ | ९३.४ | ९४.३ | ९५.३ | ९६.२ | ९७.२ | | |
| 2.8 | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९२.४ | ९२.४ | ९३.३ | ९४.३ | ९५.२ | ९६.२ | | |
| 2.9 | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ८१.१ | ८१.१ | ८३.२ | ८५.४ | ८७.६ | ८९.९ | | |
| 2. | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ९७.१ | ९७.१ | ९७.४ | ९७.८ | ९८.२ | ९८.५ | | |
| 2. | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८१.५ | ८१.५ | ८३.५ | ८५.६ | ८७.८ | ९०. | | |
| 2. | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ७२.२ | ७२.२ | ७५.२ | ७८.२ | ८१.५ | ८४.८ | | |
| 2. | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.१ | १.१ | १. | १. | १. | १. | | |
| 2. | विद्यालय वाहिर रहेका बालबालिका*(%) १-८ कक्षा | स्थानीय | ९.५ | ९.५ | ८.४ | ७.२ | ६. | ४.९ | | |
| 2.2 | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ३६.९ | ३६.९ | ३७. | ३७.१ | ३७.३ | ३७.४ | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | २८.९ | २८.९ | ३३.७ | ३९.४ | ४६. | ५३.७ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* | स्थानीय | ४९.३ | ४९.३ | ५३.८ | ५८.८ | ६४.२ | ७०.१ | | |

| क्र.सं. | सूचक | अन्तर्गत सूचकहरु | आधार वर्ष २०८१ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | (%) | | | | | | | | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १. | १. | १. | १. | १. | १. | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ७५.७ | ७५.७ | ७८.४ | ८१.१ | ८४. | ८६.९ | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १६.७ | १६.७ | १७.२ | १७.७ | १८.२ | १८.८ | | |
| ४. | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | २६२. | २६२. | | | | | | |
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ३३.८ | ३३.८ | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | ०. | ०. | | | | | | |
| | | ५. | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय | स्थानीय | NA | NA | | | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति*(वार्षिक सङ्ख्या) | स्थानीय | NA | NA | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ७५.८ | ७५.८ | ८०. | ८४.५ | ८९.२ | ९४.२ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ९७.४ | ९७.४ | ९९.९ | १०२.५ | १०५.२ | १०७.९ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ६७.४ | ६७.४ | ७३.४ | ८०. | ८७.१ | ९४.८ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९- | स्थानीय | १३०. | १३०. | ११७. | १०५. | ९५.५ | ८६.१ | | |

| क.सं. | सूचक | तहगत सुचकहरु | आधार वर्ष २०८१ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ | सूचक को स्रोत | तथ्यांक को स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२) मा विद्यार्थी:शिक्षक अनुपात | | ३ | ३ | ४ | ९ | | | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | ०.१ | | | | | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | NA | | | | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | NA | | | | | | |

नगर कार्यपालिकाको कार्यालय गुजरा नगरपालिका सिमरा भवानीपुर, रौतहट मधेश प्रदेश, नेपाल

## परिच्छेद ३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास चार वर्ष उमेरसम्मका बालबालिकाको शारीरिक (ईसीईडी), मानसिक, संवेगात्मक, सामाजिक र बौद्धिक विकासलाई सुनिश्चित गर्ने समग्र प्रक्रिया हो। यस अवधिमा बालबालिकामा स्वस्थ जीवनशैली, सिर्जनात्मक सोच, भाषिक दक्षता, सञ्चार क्षमता, र सामाजिक मूल्यमान्यताहरूको विकास गर्ने अवसर प्रदान गर्न शिक्षाको विशेष महत्व हुन्छ। नेपालको संविधानको धारा ३९ को उपधारा ३ ले प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागीताको हक हुनेछ भनी सुनिश्चिगरेकोछ शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगका रूपमा स्थापित गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले चार वर्ष उमेर पूरा गरेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास कार्यक्रम र चार वर्षभन्दा मुनिका बालबालिकाका लागि शिशु विकास केन्द्रमार्फत शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका गतिविधि सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ।

त्यसै गरि पन्ध्रौं योजनाले बालविकास केन्द्रहरूलाई विद्यालय शिक्षाको आधारभूत हिस्साका रूपमा विकास गर्ने लक्ष्यसहित सबै बालबालिकालाई यसको पहुँचमा ल्याउने रणनीति तय गरेको छ। यस अन्तर्गत, स्थानीय तहले बालविकास केन्द्रहरूको व्यवस्थापन, अनुगमन, र गुणस्तर सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। त्यसै गरि स्थानीय सरकार संचालन ऐन,२०७४ ले प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन वा स्थानीय तहबाट नैहुने व्यवस्था गरेको छर प्रारम्भिक बालविकास राष्ट्रिय रणनिति २०७७२०८८ अनुसारको - व्यवस्थापन गर्ने उदेशय रहेका छन्यस्तैगुजरा नगरपालिकाले पनि प्रारम्भिक बालविकास र शिक्षालाई प्रभावकारी, समावेशी, र बालमैत्री बनाउँदै यसको गुणस्तर उन्नयनमा विशेष प्राथमिकता दिएको छ। बालबालिकाको शारीरिक, मानसिक, र सृजनात्मक विकासलाई प्रवर्द्धन गरी उनीहरूलाई आधारभूत शिक्षाका लागि सक्षम बनाउने उद्देश्यले, नगरपालिकाले यस क्षेत्रमा दीर्घकालीन र दिगो विकासको दृष्टिकोणसहित बालमैत्री सिकाइ वातावरण निर्माणमा निति लिएको छ। रौतहट जिल्ला गुजरा नगरपालिकामा जम्मा ३४ वटा प्रारम्भिक बालविकास केन्द्रहरु हाल संचालित छन् । जुन सामुदायिक विद्यालयमा आधारित छन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिएको तथ्याङ्क अनुसार सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास तथा शिक्षामा शैक्षिक सत्र २०८१ मा भर्ना भएका बालबालिकाको जम्मा संख्या ११७१मध्ये छात्रा ५७२ (४८.८४%) र छात्र ५९९ (५१.१६%) छन् । त्यसैगरी संस्थागत विद्यालयमा भर्ना भएका बालबालिकाको जम्मा संख्या १२३५ मध्ये छात्रा ५१४ (४१.६२%) र छात्र ७२१(५८.३८%) छन गुजरा नगरपालिकामा संचालित प्रारम्भिक वालविकास तथा शिक्षा केन्द्रगत विवरणवडागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकासमा भर्ना भएका बालबालिकाको विवरण

| विवरण | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| सबै प्रकारकाबिद्यालयमा ECED जम्मा बिद्यार्थी सङ्ख्या | ६३० | ८४४ | १४७४ |
| सामुदायिकबिद्यालयमा जम्मा बिद्यार्थी सङ्ख्या | ५२२ | ५४७ | १०६९ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थीसङ्ख्या | ११५ | १०७ | २२२ |
| सामुदायिक विद्यालयमको प्रारम्भिक बाल विकासमा केन्द्रमा दलित बिद्यार्थी सङ्ख्या | १०७ | ८९ | १९६ |
| सबै प्रकारका बिद्यालयमा अपाङ्गता भएका बिद्यार्थीसङ्ख्या | ० | ० | ० |
| सामुदायिक बिद्यालयमा अपाङ्गता भएका बिद्यार्थीसङ्ख्या | ० | ० | ० |
| सबै प्रकारका बिद्यालयमा तोकिएका जनजाती २२ बिद्यार्थी सङ्ख्या | २१८ | २४५ | ४६३ |
| सामुदायिक बिद्यालयमा तोकिएका जनजाती २२ बिद्यार्थीसङ्ख्या | १७४ | १८७ | ३६१ |

३३.२.१. प्रारम्भिक बाल विकास तथा शिक्षाको अवस्थाप्रारम्भिक बालविकास तथा शिक्षाको अवस्था

| सूचाक | प्रतिशत |
|---|---|
| ५ वटा न्युनतम सक्षमताका मापदण्डहरू मध्ये कम्तिमा ३ वटामापदण्डहरू (Minimum Enabling Standards) पुरा गर्ने ECED केन्द्रकक्षाहरू | ५५ |
| ECED केन्द्रकक्षाहरूमा अध्ययनरत बालबालिकाहरूमध्ये सिकाईसामग्रीको Set प्राप्त गर्ने सङ्ख्या | ४५ |
| ECED केन्द्रकक्षाहरूमा अध्यापनरत शिक्षकशिक्षिकाहरू मध्येकम्तिमा १५ दिने तालिम प्राप्त गर्नेको सङ्ख्या | ४० |
| ECED मा खुद भर्ना दर (Enrolment rate of 4-year old children) | ७० |
| ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | २५९ |
| ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED GER) | १ |
| ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in ECED NER) | १ |
| सामुदायिकमा भर्ना भएका बालबालिकामध्ये दलित बालबालिकाको प्रतिशत | १८.३३ |
| सामुदायिकमा भर्ना भएका बालबालिकामध्ये अपाङ्गता भएका बालबालिकाकोप्रतिशत | ० |
| ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाकोप्रतिशत | ३८ |
| बालवालिका र सहजकर्ता अनुपात | ३१ |

## ३.१.३.प्रारम्भिक बाल विकासमा चुनौति तथा समस्याहरु

प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ड पुरा गरेका १४ बालविकास केन्द्रको व्यवस्थापन गर्न नसकिनु।प्रारम्भिक बालविकास उमेर समुहका ३१ प्रतिशत बालबालिकालाई बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु ।बालविकासमा खुद भर्नादर घटाई कुल भर्नादर बढाउन नसकिनु।बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या बृद्धि गर्न नसक्नु ।बालमैत्री भौतिक संरचना निर्माण गर्न नसक्नु।राष्ट्रिय मापदण्डका ५ ओटा मध्ये न्युनतम ३ ओटा सक्षमता पुरा गराउन नसक्नु ।बालविकासका सबै शिक्षकहरुलाई क्षमता विकासका कार्यक्रम संचालन गर्न तथा टिकाउन नसक्नु ।प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्न नसक्नु ।

### ३.१.४.प्रारम्भिक बाल विकासमा अवसरहरु

बालविकासका विद्यार्थीहरुलाई प्रत्येक वर्षमा प्रति विद्यार्थी रु.५०० का दरले विद्यालयले अनुदान प्राप्त गरिरहेको र यस कार्यलाई प्रदेश सरकारले पनि जोड दिदै आइरहेकोखाजा कार्यक्रम थप व्यवस्थित हुदै गैरहेको र अभिभावकहरुमा क्रमश ४ बर्ष पछि बालविकासमा भर्ना गर्नु पर्छ भन्ने चेतना बढ्दै जानु,।स्थानीय सरकाले ऐन जारी गरी ब्यवस्थापन प्रक्रिया शुरु गर्नु लागायतका गतिविधिले यस क्षेत्रको विकासको अवसर निर्देशित गर्दछ । प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ कार्यान्वयनको क्रममा रहेको । स्थानिय जनप्रतिनिधिहरु प्रारम्भिक बालविकास शिक्षा विकास प्रति सचेत र सकारत्मक रहेको ।

### ३.१.५.उद्देश्य

१. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।

२. ४८ महिना पुरा गरेका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्नु ।

३. पाठ्यक्रम २०७७ अनुसार ५ वर्ष मुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथापूर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु

४. सुरक्षित,बालमैत्री,अपाङ्गमैत्री,सिकाई मैत्री जस्ता न्युनतम पूर्वाधार तथा सिकाई सक्षमता भएका प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको विकास गर्नु ।

### ३.१.६.रणनीति

१. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिको सर्वेक्षण गरी सुधारका क्षेत्रहरुको पहिचान गरी सुधार गर्ने,(उद्देश्य नं. १)

२. सबै बालबालिकाको पहुँचपुग्नेगरी खानेपानी, शौचालय,सिकाई सामाग्री, सिकाइ समय लगायत राष्ट्रिय मापदण्डमा उल्लिखित सुविधाहरु उपलब्ध गराउने (उद्देश्य नं. १ र २)

३. तिनै तहका सरकार विचसहकार्य,समन्वयर सहभागितामा बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गर्ने गरि पूर्वाधार निर्माण गर्ने,(उद्देश्य नं. १

४. प्रारम्भिक बालविकासमा असमर्थ (फरक क्षमता भएका, अल्पसंख्यक, अति बिपन्न आदि) बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याई कक्षा १ मा भर्ना हुन आवश्यक आधार तयार गर्ने (उद्देश्य नं. २ र ३)

५. बालविकास केन्द्रको आवश्यकता र महत्वबारे अभिभावकलाई सचेत गरी प्रत्येक वडामा एउटा बाल विकास केन्द्र संचालन गर्ने (उद्देश्य नं. २ र ४)

६. प्रत्येक वडामा बालबालिकाको चौतर्फी विकास र मनोरञ्जनका लागि एउटा बालउद्यान निर्माण गर्ने (उद्देश्य नं. २ र ४)

७. सबै बाल शिक्षकहरुका लागि क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने (उद्देश्य नं. ४)

## ३.१.७.प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१.चार वर्ष उमेर पुरा गरेका सबै बालबालिका बालविकास केन्द्रमा भर्ना हुनेछन् ।

२.यस योजनाको अन्त्य सम्ममा सबै बालविकास केन्द्रले न्युनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन्

**नतिजा**योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गरिएको छः

| क्रसं | सूचक(उदाहरण) | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ९५९७ | ९५९७ | १२७३ | १६४६ | २१३० | ९५९७ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षाकेन्द्र | २० | ३ | ३ | ३ | ३ | २ |
| ३ | तालिम प्राप्त सहजकर्ता | १५ | ५ | ५ | ५ | २ | २ |
| ४ | खुद भर्नादर | ३२.१ | ३२.१ | ३६.९४ | ४२.५५ | ४९.०२ | ५६.४७ |

## ३.१.८.प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिकलक्ष्य (५ वर्ष) | | | | | | भौतिकलक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाकान्युनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रवोधीकरण | पटक | १ | | | | | १ | | संघ, प्रदेश स्थानीयतह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाकोनक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | संख्या | ४ | ४ | ४ | ४ | | ८ | | स्थानीयतह |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाउमेरका सबै बालबालिका, अपाङ्गता भएका तथा विशेष संरक्षणको आवश्यकता भएकाबालबालिकाका लागि प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँचका लागि वैकल्पिकप्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन | सङ्ख्या | ४ | ४ | ४ | ४ | | १२ | | स्थानीयतह |
| ४ | विकासका साझेदार, गैर सरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन | निरन्तर | | | | | | | | संघ स्थानीयतह |
| ५ | प्रारम्भिक बालविकास तथा | निर | | | | | | | | स्थानीयतह |

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिकलक्ष्य (५ वर्ष) १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिकलक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षाकार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्ध गराउने रआवश्यकताअनुसारथपसेवाको सुनिश्चितता | न्तर | | | | | | | | |
| ६ | न्यूनतम मापदण्डअनुसार विद्यालयमाआधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्गतामैत्रीशौचालय सहितको दुई कोठे छुट्टैभवनको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानीयतह |
| ७ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | | | | | | | | विद्यार्थीहरुलाई कोड दिई Child trekking |
| ८ | अपाङ्गता भएका बालबालिकाहरुकोसिकाइ आवश्यकता सम्बोधन गर्न वैयक्तिक परिवार सेवा योजना निर्माण गरीकार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीयतहको सहयोगमाप्राम्भिकबा.वि.केन्द्र |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षाकार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ स्थानीयतह |
| १० | प्रारम्भिक बालविकास तथा शिक्षाकोपाठ्यक्रमलाईबालबालिकाकोसर्वाङ्गीणविकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरीसमयसापेक्ष परिमार्जन, अनुकूलन, प्रवोधीकरण | पटक | १ | | | | | १ | | संघ स्थानीयतह |
| ११ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रको न्यूनतम मापदण्ड र सिकाइ तथा विकास मापदण्डमा समयसापेक्ष परिमार्जनतथा कार्यान्वयन | पटक | १ | | | | | १ | | संघ स्थानीयतह |
| १२ | मापदण्डले तोके अनुसारपुर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्रीतथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | स्थानीयतह, व्यवस्थापन समिति, अभिभावक, संघसंस्था |
| १३ | शिक्षकको योग्यता र क्षमताविकास गर्दैवृत्ति विकासको अवसरमिलाउने | सङ्ख्या | २१ | ४ | ४ | ४ | १ | | | संघ, प्रदेश स्थानीयतह |
| १४ | सबै प्रारम्भिक बालविकासकेन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १०:२० कायम | निरन्तर | | | | | | | | स्थानीयतह |
| १५ | प्रारम्भिक बाल विकास तथाशिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा | निरन्तर | | | | | | | | स्थानीयतह |

| क्र स | प्रमुख क्रियाकलाप | इकाई | भौतिकलक्ष्य (५ वर्ष) | | | | | | भौतिकलक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) | |
| | प्रदान | | | | | | | | | |
| १६ | सिकाइ क्रियाकलाप सहजीकरणमामातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | | | | | | | | स्थानीयतह |
| १७ | बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Screaning)गरी कुपोषण भएकाबालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीयतह |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षाकाव्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूकालागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखिकरण | निरन्तर | | | | | | | | स्थानीयतह |
| १९ | ग्रेडिङअनुसार मापदण्ड पुरा गरेरनिरन्तर प्रगतिमा रहेका बालविकास तथा शिक्षा केन्द्र तथा सम्बन्धित केन्द्रकोशिक्षकलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने | पटक | १ | | १ | | १ | ३ | | |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षाकार्यक्रममा अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरूबालबालिकालाई सिकाउने | | १ | १ | १ | | | | | स्थानीयतह, बा.वि.केन्द्र |
| २१ | प्रारम्भिक बालविकास तथा शिक्षाकार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षाको व्यवस्था गर्ने रआवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | निरन्तर | | | | | | | | स्थानीयतह, बा.वि.केन्द्र |
| २२ | वैकल्पिक शिक्षक (सुत्केरी बिदा) | निरन्तर | | | | | | | | स्थानीयतह |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षाकेन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेटव्यवस्थाका लागि लागत साझेदारी मापदण्ड,२०७७ | निरन्तर | | | | | | | | संघ, प्रदेश स्थानीयतह |



गुजरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

| क स | प्रमुख क्रियाकलाप | इकाई | भौतिकलक्ष्य (५ वर्ष) १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिकलक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिमार्जन गरी कार्यान्वयन | | | | | | | | | |
| २४ | प्रारम्भिक बालविकास तथा शिक्षाकोलाइसेन्स प्राप्त व्यक्तिबाट शिक्षक छनौटको व्यवस्था गरी शिक्षकहरूको पारिश्रमिकतथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | संघ स्थानीयतह |
| २५ | प्रत्येक प्रारम्भिक बालविकास तथाशिक्षाका लागि शिक्षकबाहेक कक्षा १० उत्तीर्ण एकजना सहयोगीको व्यवस्था गर्ने रसहयोगीलाई स्वास्थ तथा स्याहार सम्बन्धी आधारभूत तालिमको व्यवस्था गर्ने | निरन्तर | ५ | ५ | ५ | | | | | संघ स्थानीयतह |
| २६ | सबै प्रकारका प्रारम्भिक बालविकासतथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमादर्ता गराई पाठ्यक्रम कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीयतह |
| २७ | बालविकास तथा स्याहार कार्यक्रम (४८ महिना भन्दा कमका लागि) को सिकाइ तथा विकास सम्बन्धि पाठ्यक्रमनिर्माण | पटक | १ | | | | | १ | | स्थानीयतह |
| २८ | प्रारम्भिक बालविकास सेवा तथापाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको उचित प्रभावकारिताकोसम्बन्धमा मन्त्रालय, शिक्षा तथा मानव स्रोतविकास केन्द्र, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिकबालविकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण | निरन्तर | | | | | | | | संघ, प्रदेश स्थानीयतह (अनुगमन सुपीवेक्षणमा विहरुलाई पनि समावेश गर्ने) |

## ३.२ अधारभुत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

गुजरा नगरपालिकामा आधारभूत विद्यालयको संख्या ८ रहेको छ, जहाँ ५,२९४ छात्रा र ५,२०४ छात्र गरी कुल १०,४९८ विद्यार्थी अध्ययनरत छन्। विद्यालयमा ४८ महिला शिक्षक र ८२ पुरुष शिक्षक गरी जम्मा १३० शिक्षक कार्यरत छन्। कक्षा १-५ मा विद्यार्थी र शिक्षकको अनुपात ७६:१ रहेको छ भने कक्षा ६-८ मा यो अनुपात ९७:१ छ। यस्तो अनुपात गुणस्तरीय शिक्षा सुनिश्चित गर्न चुनौती पूर्ण देखिन्छ। त्यसतै गुजरा नगरपालिकाको अधारभुत शिक्षा (कक्षा १-८) को तथ्याङ्कले उमेर अनुसारका बालबालिकाको विद्यालय पहुँच र समग्र भर्ना दरको अवस्थालाई केलाउने हो भने कक्षा १ मा सहजै

देखिने प्रवेश दर (GIR) २०८१-८२ मा ९२.३% बाट २०८५-८६ मा ९५.६% पुगेको छ, जसले कक्षा १ मा भर्ना हुने विद्यार्थीहरूको संख्या क्रमशः वृद्धि भइरहेको संकेत गर्छ। त्यस्तै, कक्षा १ को खुद प्रवेश दर (NIR) पनि ५४.५% बाट ७३.६% मा वृद्धि भएको छ, तर यो दर अझै १००% पुग्न बाँकी रहेको देखिन्छ। लैङ्गिक समता सूचकाङ्क (GPI) मा सुधार भए पनि यो स्थिर रूपमा १.०१-१.१७ को बीचमा रहेको छ, जसले केटीहरू र केटाहरू बीचको भर्ना दरको सन्तुलन अझै सुधार गर्नुपर्ने आवश्यकता औंल्याउँछ। कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये ECED अनुभव भएका विद्यार्थीहरूको संख्या ७४ बाट १२२९ मा पुगेको छ, तर तथ्याङ्कले ECED अनुभव नभएका बालबालिकाको नकारात्मक प्रतिशत देखाउँछ, जसले तथ्याङ्क व्यवस्थापनमा त्रुटि हुनसक्ने संकेत गर्दछ। यसले प्रारम्भिक बाल्यकाल शिक्षाको प्रभावकारिता सुनिश्चित गर्न र यसबारे थप स्पष्टता ल्याउन अध्यायन आवश्यक देखिन्छ। आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) ११३% बाट घटेर १०६.२% मा आएको छ, जबकि खुद भर्ना दर (NER) ९१.२% बाट ९५.१% मा वृद्धि भएको छ। कक्षा ६-८ मा पनि GER ७१.१% बाट ८४.१% मा र NER ६४.५% बाट ८०.२% मा पुगेको छ। यद्यपि, कक्षा १-८ मा GER ९८.५% र NER ८९.९% रहेको देखिन्छ, जसले सबै बालबालिकालाई विद्यालय भर्ना गराउन अझै प्रयास गर्नुपर्ने आवश्यकता देखाउँछ। कक्षा ५ मा अध्यायनरत बिद्यार्थीहरुलेहासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत पठन सिप ५६ मा र गणित्य सिप ६७ प्रतिशत रहेकछ जुन कक्षा ८ मा अध्यायनरत बिद्यार्थीहरुलेहासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत नेपालि ५६ र गणितमा ४२ मात्र रहेका छन् । थप विवरण तलको तलिकामा प्रस्तुत गरिएको छ साथै यस नगरपालिकामा विपदमा शिक्षाको लागि कुनै पनि पूर्व तयारी योजना बनाएको देखिदैन भने विद्यालयमा लैङ्गिक फोकल शिक्षक, विपद व्यवस्थापनका लागि फोकल शिक्षक नतोकिएको साथैगुनासो सुनुवाइ संयन्त्रको उचित व्यवस्थापन न भएको देखिन्छ ।अन्य विवरणहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

अधारभुत तहको शैक्षिक विवरण

| सुचक | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ |
|---|---|---|---|---|---|
| कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade ) | ९२.३ | ९३.१ | ९३.९ | ९४.८ | ९५.६ |
| कक्षा १ मा खुद प्रवेश दर (NIR Grade ) | ५४.५ | ५८.८ | ६३.४ | ६८.३ | ७३.६ |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समतासूचांक (GPI in GIR) | १.०९ | १.१ | १.१ | १.१ | १. |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NIR) | १.१७ | १.१ | १.१ | १.१ | १.१ |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | ७४ | १५० | ३०३ | ६१० | १२२९ |
| कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव नलिई आएका बालबालिकाको प्रतिशत | २६ | -५० | -२०३ | -५१० | -११२९ |
| आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | ११३. | १११.३ | १०९.६ | १०७.९ | १०६.२ |
| आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | ९१.२ | ९२.२ | ९३.१ | ९४.१ | ९५.१ |
| आधारभूत तह (कक्षा ६-८) मा सहजै देखिने भर्ना दर(GER) | ७१.१ | ७४.१ | ७७.३ | ८०.६ | ८४.१ |
| आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर(NER) | ६४.५ | ६८.१ | ७२. | ७६. | ८०.२ |
| आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर(GER) | ९७.१ | ९७.४ | ९७.८ | ९८.२ | ९८.५ |
| आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | ८१.१ | ८३.२ | ८५.४ | ८७.६ | ८९.९ |

| सुचक | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ | ८५८६ |
|---|---|---|---|---|---|
| आधारभूततह (कक्षा १-५) मा महिला शिक्षककोप्रतिशत | ४२.० | ४२.० | ४२.० | ४२.० | ४२.० |
| आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षककोप्रतिशत | २० | २०.०६ | २०.२ | २०.२ | २०.२ |
| आधारभूततह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेकाबालबालिकाको दर (OOSC) | ९.५ | ८.४ | ७.२ | ६.० | ४.९ |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ कोअन्त्यसम्म टिक्ने बालबालिकाको दर | ९३.४ | ९४.३ | ९५.३ | ९६.२ | ९७.२ |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ५ तथाअधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | ९२.४ | ९३.३ | ९४.३ | ९५.२ | ९६.२ |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ सम्मपुग्ने दर | ७७.५ | ८०.० | ८२.५ | ८५.२ | ८७.९ |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ कोअन्त्यसम्म टिक्ने बालबालिकाको दर | ८.५ | ८३.५ | ८५.६ | ८७.८ | ९०.० |
| कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा ८ तथाअधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | ७२.२ | ७५.२ | ७८.२ | ८.५ | ८४.८ |
| आधारभूतहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दाकमबढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत | ६.० | ४.२ | २.४ | ०.५ | ८.६ |
| आधारभूततह (कक्षा १-८) मा महिला शिक्षककोप्रतिशत | ३६.९२ | ३७.० | ३७. | ३७.३ | ३७.४ |

स्रोतः शिक्षा शाखा, टुलकिट २०८१

## ३.२.२ समस्या तथा चुनौतिहरु

१. प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्रको अनुभव नलिई कक्षा १ मा भर्ना हुने दर २६ प्रतिशत मात्र हुनु ।

२. आधाभूत तह १-५मा ( शिक्षक विद्यार्थी अनुपात ७६:१ र कक्षा ६मा शिक्षक विद्यार्थ ८-ी अनुपात ९७:१ हुनु ।

३. आधारभूत तह १–८ उमेर समूहका (९५. प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर हुनु ।

४. आधारभूत तह १–८ मा विद्यार्थीको टिकाउ दर (८१ ५.प्रतिशत मात्र हुनु ।

५. कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर ७२२. प्रतिशत मात्र हुनु ।

६. जम्मा ३४ वटा विद्यालयहरु मध्ये न्युनतम गुणस्तरीय सिकाई मापदण्ड पुरा गरेको २१ वटा विद्यालय मात्र हुनु ।

७. अपाङ्गता मैत्री पूर्वाधारको कमी ।

८. सबै विद्यालयमा ६ सिकाई कुना निर्माण नभएको ।

९. सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन नभएको ।

१०.शिक्षा क्षेत्रमा पालिकाबाट प्रयास बजेट नराखु ।

११.विद्यार्थीको सिकाइ उपलब्धि न्यून हुनु ।

१२.विद्यार्थीको सिकाइप्रती अभिभावक सचेत नहुनु ।

१३.विद्यालयमा गुनासो सुनवाइ संयन्त्रको उचित व्यवस्थापन नहुनु ।

१४.विपद् मा शिक्षा निरन्तरताका लागि विपद् पूर्व योजनाको निर्माण नहुनु ।

१५.विद्यालयमा लैगिक र विपद् जोखिम व्यवस्थापनका लागि फोकल शिक्षकहरु नतोकिएको र कुनै पनि विपद जोखिम न्यूनिकरणका लागि नगरपालिका वा विद्यालय स्तरिय ड्रिल र अभ्यास नहुनु ।

### ३.२.३ उद्देश्य

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वय नगर्नु।
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु।
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर शुनिश्चित गर्नु ।
४. तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइ मैत्री, समावेशी, भयरहित र सुरक्षित बनाउनु
५. आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाहरुको सङ्ख्या शुन्य बनाउनु ।
६. विद्यार्थि र शिक्षक अनुपात मिलाइ कक्षा कोठामा वहुभाषा विधिको प्रयोग तथा स्थानिय पाठ्यक्रम बनाई लागु गर्नु ।
७. विपदमा पनि शिक्षण सिकाई निरन्तरता ।

### ३.२.४ रणनीति

१. शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन ( उद्देश्य १)
२. पालिकाबाट यथेष्ट बजेटको व्यवस्थापन गर्ने ( उद्देश्य १)अपाङ्गतामैत्री , छात्रामैत्री, भौतिक पूर्वाधार निर्माण गर्ने)
३. विद्यार्थीको संख्याका आधारमा तालिम प्राप्त शिक्षकशिक्षिका को२।पालिकाबाट यथेष्ट बजेटको व्यवस्थापन गर्ने
४. शिक्षकहरुको पेशागत क्षमता अभिवृद्वि गर्ने ९उद्देश्य ३ ०शिक्षा सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने
५. सबै विद्यालयहरुमा अनिवार्य विद्यालय व्यवस्थापन समिति गठन गर्ने
६. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने।
७. बिधार्थीहरुलाइ सिकाइ आपूरण कार्यक्रम मार्फत सिकाइमा सुधार गर्ने ।
८. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।
९. कक्षा३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।
१०.स्थानीय पाठ्यक्रको निर्माण गर्ने ।
११.सचेतना मुलक कार्यक्रम गर्ने ।
१२.विद्यालय व्यवस्तथापन समिति र शिक्षकहरुको क्षमता अभिवृद्धि गरि गुनासो सुनुवाई संयन्त्रको प्रभावकारी व्यवस्थापन र परिचालन मार्फत विद्यालयमा शुसान र पार्दर्शीता कायम गर्ने ।
१३. उचित व्यवस्थापन गर्दै प्रविधिमैत्री सिकाइ वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षणमार्फत विद्यार्थीमा प्रगतिशिल भावना विकास गर्ने।
१४.शैक्षिक तथ्याङ्क तथा परिक्षा प्रणालिको प्रभावकारी व्यवस्थापन तथा स्थानिय भाषाको पाठ्यपुस्तकको विकास गरि बहुभाषी विधिवाट प्रभावकारी कक्षा शिक्षण ।

१५.विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याई, कक्षामा टिकाइ राख्न विभिन्न प्रोत्साहनका कार्यक्रमहरु संचालन गर्ने ।

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

आधाभूत तह १-८मा विद्यार्थी शिक्षक अनुपात व्यवस्थापन भएको हुनेछ । आधारभूत तह १-८समूहका शत प्रतिशत बालबालिकाहरु विद्यालयमा हुनेछन् । शत प्रतिशत विद्यालयहरुमा न्युनतम गुणस्तरीय सिकाई मापदण्ड पुरा गरेकोहुनेछ । शत प्रतिशत विद्यालयहरुमा अपाङ्गतामैत्री, छात्रामैत्री र लैङ्गिकमैत्री पूर्वाधारको निर्माण भएको हुनेछ । आधारभूत तहका बालबालिकाको सिकाई उपलब्धि शतप्रतिशत हुनेछ । आधारभूत तहमा स्वास्थ्य परीक्षण व्यवस्था विद्यालय नर्स, किशोर किशोरी स्वास्थ्य तथा मनोपरामर्श सेवा, लैङ्गिक हिंसामूक्त विद्यालय हुनेछ । बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालिका मैत्री पोसाक तथा मातृभाषामा आधारित बहुभाषिक शिक्षण विधिमा संचालन हुनेछ । आधारभूत तहमा गुनासो सुनवाई व्यवस्था लागु गर्ने तथा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्था कार्यान्वयन भएको हुनेछ । विपद् मा शिक्षण निरन्तरता र जोखीम न्युनिकरणका लागि विपद व्यवस्थापन फोकल शिक्षक तोकि जोखिम न्युनिकरणका लागि योजना निर्माण भई लागु भएको हुनेछ ।

#### नतिजा

| क्रस | सूचक | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह(प्राथमिक कक्षा १-८ )मा विद्यालय बाहिर रहेका बालबालिकाहरु | ९.५ | ८.३५ | ७.२० | ६.०४ | ४.८६ | ३.६७ |
| २ | आधारभूत तह(कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | २० | २० | ० | ० | ० | ० |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions)पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | २० | ३ | ३ | ३ | ३ | २ |
| ४ | विद्यालमा नर्सको व्यवस्थापन | ० | १ | १ | २ | १ | १ |
| ५ | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | १ | १ | १ | १ | २ | २ |
| ६ | स्थानिय पाठयक्रम निर्माण भईकार्यन्वयन भएका विद्यालय संख्या | ० | २ | २ | २ | १ | १ |
| ७ | गुनासो सुनुवाई संयन्त्रको | १० | १५ | ५ | ४ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन सहित लैङ्गिक र विपद फोकल शिक्षक तोकिएको | | | | | | |
| ८ | प्रविधिक मैत्रि विद्यालय | १ | २ | २ | २ | २ | ३ |

**स्रोत:शिक्षा शाखा, EMIS, टुलकिट २०८१**

## ३.२.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | २ | २ | २ | २ | २ | १० | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| २ | विद्यार्थीको अनुपातमा शिक्षक भर्ना | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंथा |
| ३ | शिक्षण पेशा विकास तालिम ÷ पूनरताजगी | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| ४ | बालिका लक्षित खेलकुद ÷मैदान र खेल समाग्रीको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| ५ | अपाङ्गता मैत्री भौतिक पूर्वाधारको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| ६ | आधारभूत तहका छात्राहरुको लागि सेनेटरी प्याड व्यबस्थापन (मेसिन) | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| ७ | ग्रिन विद्यालयको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह |
| ८ | उत्कृष्ट शिक्षक प्रोत्साहन कार्ययक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह |
| ९ | अपाङ्गता मैत्री विद्यालय संरचना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह |
| १० | पालिका स्तरीय बालिका लक्षित खेलकुद तथा अतिरिक्त क्रियाकलापसंचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| ११ | गुनासो पेटिकाको व्यवस्थापन | निरन्तर | | | | | | | | संघ, प्रदेश , स्थानीयतह गै स का ी संघसंस्था |
| १२ | बहुभाषिक शिक्षण विधिकोसंचालन | निरन्तर | | | | | | | | स्थानीयतह |
| १३ | सुचना तथा प्रविधिको तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| १४ | बुक कर्णर र सिकाइ सामाग्रीको | प्रत्येक | १ | १ | १ | १ | १ | ५ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | व्यवस्थापन | कक्षामा | | | | | | | | |
| १५ | कक्षागत अभिभावक बैठक गर्ने | निरन्तर | | | | | | | | स्थानीयतह |
| १६ | पुस्तकालय र प्रयोगशालाको व्यवस्थापन | संख्या | २ | २ | २ | २ | २ | १० | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| १७ | भौतिक पूर्वधारको व्यवस्थापन | संख्या | ५ | २ | २ | १ | 0 | १० | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| १८ | अनुगमन, मूल्याङ्कन | निरन्तर | | | | | | | | |
| १९ | Real Plan कोकार्यन्यवन | निरन्तर | १ | १ | १ | १ | १ | १० | | संघ, प्रदेश , स्थानीयतह गै स का ी संघसंस्था |
| २० | बालमैत्री तथा उधमसिलता | निरन्तर | ० | ० | ३ | ३ | ३ | ४ | | |
| २१ | स्थानीय पाठ्यक्रमको निर्माण | निरन्तर | | | | | | | | |
| २२ | बालिका तथा समाबेशी शिक्षा | निरन्तर | | | | | | | | संघ, प्रदेश , स्थानीयतह गै सकी संघसंस्था |
| २३ | नीति तर्जुमा गर्ने | निरन्तर | | | | | | | | |
| २४ | विद्यालय व्यवस्थापन समितिको गठन र सबलिकरण | निरन्तर | ३ | ३ | ३ | ३ | ४ | १० | | स्थानीयतह |

स्रोत:शिक्षा शाखा, EMIS, टुलकिट २०८

## १३.३ मध्यामिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले मानवीय मूल्य, कला, संस्कृति, विज्ञान, प्रविधि तथा व्यवहारिक सीप विकास गरी सक्षम र उत्पादनशील जनशक्ति तयार गर्ने लक्ष्य राख्छ। संविधान र शिक्षा नीति, २०७६ अनुसार यो तह निःशुल्क र अनिवार्य बनाइएको छ। साधारण, परम्परागत, र प्राविधिक धारका कार्यक्रमहरूले उच्च शिक्षा र श्रम बजारमा प्रवेशको मार्ग प्रशस्त गर्दछन्।गुजरा नगरपालिकामा सामुदायिक विद्यालयहरूको संख्या ३४ रहेको छ, जसमा आधारभूत तह (कक्षा १-५) का १७, निम्न माध्यमिक तह (कक्षा ६-८) का ८, माध्यमिक तह (कक्षा ९-१०) का २, उच्च माध्यमिक तह (कक्षा ११-१२) का ४, प्राविधिक धारका १ र नमुना विद्यालय १ छन्। धार्मिक विद्यालयहरूको संख्या ४ रहेको छ भने निजी तथा संस्थागत विद्यालयको विस्तृत जानकारी उपलब्ध छैन। माध्यमिक तह (कक्षा ९-१२) मा कुल २,१२१ विद्यार्थी अध्ययनरत छन्, जसमध्ये ५१.७२% छात्रा र ४८.२८% छात्र छन्। दलित विद्यार्थीहरूको सहभागिता कक्षा ९-१० मा १३.४% र कक्षा ११-१२ मा ११.६% रहेको

छ। विद्यार्थी भर्ना दरमा चुनौती देखिन्छ। कक्षा ९-१० मा कुल भर्ना दर ४९.३% र खुद भर्ना दर २८.९% मात्र छ भने कक्षा ११-१२ मा कुल भर्ना दर ४१.२% र खुद भर्ना दर १६.३% रहेको छ। प्राविधिक धारतर्फ कक्षा ९-१२ मा कुल भर्ना दर ४५% र खुद भर्ना दर २२.१% मात्र छ। कक्षा १-१२ सम्म विद्यालय बाहिर रहने बालबालिकाको प्रतिशत ५४.६% छ। कक्षा १ मा भर्ना भई कक्षा १० सम्म पुग्ने दर ७५.७%, टिकाउ दर ७३% र कक्षा १० पास गर्ने दर ५१.९% मात्र रहेको छ। शिक्षक अनुपात पनि चिन्ताजनक देखिन्छ। कक्षा ९-१० मा शिक्षक अनुपात ६७:१ छ भने कक्षा ११-१२ मा यो अनुपात १३०:१ रहेको छ। महिला शिक्षकको उपस्थिति पनि न्यून छ, कक्षा ९-१० मा १८.८%, कक्षा ११-१२ मा १२.५%, र प्राविधिक धारतर्फ १६.७% मात्र छ। माध्यमिक तह कक्षा ९-१२ मा लैङ्गिक सूचकाङ्क ०.९६ रहेको छ, जसले छात्रा र छात्र बीच केही असमानता रहेको देखाउँछ। यस आधारमा, गुजरा नगरपालिकामा सामुदायिक विद्यालयहरूको भौतिक संरचना सन्तोषजनक भए पनि विद्यार्थी भर्ना दर, टिकाउ दर, र शिक्षक अनुपातमा सुधार गर्नुपर्ने आवश्यकता छ। विशेष गरी गुणस्तरीय शिक्षा प्रवाहका लागि शिक्षक-विद्यार्थी अनुपात सन्तुलन, महिला शिक्षकको सहभागिता वृद्धि, र विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयभित्र ल्याउन ठोस रणनीति अवलम्बन गर्न आवश्यक छ। माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था पनि हुन सकेका छैन र मापदण्ड अनुसारको माध्यमिक विद्यालयहरूमा ९० वर्गमिटरको प्रयोगशाला र पुस्तकालय कक्ष, आवश्यक सामाग्री तथा लाइब्रेरियनको व्यवस्था अभाव रहेको। कम्प्यूटर शिक्षक दरबन्दी कुनैपनि माध्यमिक विद्यालयमा छैन ।

माध्यामिक तहगत विधालय विवरण

| सूचाकं | ९-१०कक्षा | ११-१२कक्षा |
|---|---|---|
| कक्षागत र तहगत जम्मा बिधालय सङ्ख्या (सबैप्रकारका) | २ | ४ |
| कक्षागत र तहगत सबै प्रकारका समुदायिक जम्माबिधालय सङ्ख्या | २ | ४ |
| प्राबिधिक धार सहितका जम्मा सामुदयिकबिधालयहरुको सङ्ख्या (कक्षा ९-१२) | 0 | १ |
| नमूना बिधालय कार्यक्रम सहितका सामुदयिकबिधालयहरुको सङ्ख्या (कक्षा ९-१२) | 0 | १ |
| बिज्ञान बिषय सहितका जम्मा बिधालयहरुको सङ्ख्या (सबै प्रकारका कक्षा ११-१२) | 0 | १ |

स्रोत:शिक्षा शाखा, EMIS, टुलकिट २०८१

माध्यामिक तहको विद्यार्थी बिवरण

| आर्थिक वर्ष सूचाकं | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ |
|---|---|---|---|---|
| माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | ४९.३ | ५३.८ | ५८.८ | ६४.२ |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | २८.९ | ३३.७ | ३९.४ | ४६. |

| आर्थिक वर्ष सूचांक | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ |
|---|---|---|---|---|
| माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ४१.२ | ४६. | ५१.४ | ५७.४ |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | १६.३ | २०.४ | २५.६ | ३२.१ |
| माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ४५. | ४९.७ | ५४.९ | ६०.६ |
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २२.१ | २६.७ | ३२.२ | ३८.८ |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्नादरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १. | १. | १. | १. |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमालैङ्गिक समता सूचांक (GPI in NER) | १. | १. | १. | १. |
| माध्यमिकतह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ४५.४ | ५०.१ | ५५.३ | ६१. |
| माध्यमिकतह (कक्षा १-१२) मा बिद्यालय बाहिर रहेकाबालबालिकाको दर (OOSC) | ५४.६ | ४९.९ | ४४.७ | ३९. |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्मपुग्ने दर (Survival Rate to Grade 0) | ७५.७ | ७८.४ | ८१.१ | ८४. |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० कोअन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 0) | ७३. | ७५.९ | ७९. | ८२.१ |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथामाध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G-0) | ५१.९ | ५६.३ | ६१.१ | ६६.३ |
| **सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगत रूपमा कार्यरत शिक्षक र बिद्यार्थीको अनुपात (STR)** | | | | |
| माध्यामिकतह(कक्षा ९-१०) | ६७.४ | ७३.४ | ८०. | ८७.१ |
| माध्यामिकतह(कक्षा ११-१२) | १३०.३ | ११७.४ | १०५.९ | ९५.५ |
| माध्यामिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | १८.८ | १९.३ | १९.९ | २०.५ |
| माध्यामिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | १२.५ | १२.६ | १२.८ | १२.९ |
| माध्यामिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | १६.७ | १७.२ | १७.७ | १८.२ |
| माध्यामिकतह (कक्षा ९-१०) मा दलित बिद्यार्थीको प्रतिशत | १३.४ | १४.८ | १६.५ | १८.३ |
| माध्यामिकतह (कक्षा ११-१२) मा दलित बिद्यार्थीको प्रतिशत | ११.६ | १२.२ | १२.८ | १३.५ |

स्रोत:शिक्षा शाखा, EMIS, टुलकिट २०८१

## माध्यमिक तहको शिक्षक विवरण

| विद्यालय तह | कक्षा ९-१० | | | कक्षा ११-१२ | | |
|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| सबै प्रकारका विद्यालयमा तहगत जम्मा शिक्षकसङ्ख्या | ३ | १३ | १६ | १ | ७ | ८ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्माशिक्षक सङ्ख्या | ३ | १३ | १६ | १ | ७ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ३ | १३ | १६ | १ | ७ | ८ |
| सामुदायिक बिद्यालयमा कार्यरत शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ३ | १२ | १५ | १ | ७ | ८ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८

### ३.३.२ समस्या तथा चुनौतिहरु

१. माध्यामिक शिक्षालाई निशुल्क भने ता पनि पूर्ण निशुल्क वनाउन सकिएको छैन।

२. सिमान्तकृत समुदायको बालबालिकाहरुलाई माध्यामिक शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न नसकेको । माध्यामिक तहमा खुद भर्ना दर बढाउन नसकेको ।

३. बिद्यार्थी अनुपातमा शिक्षकको कमि ।

४. सवै विद्यालयमा न्यूनम सक्षमताका अवस्था पुरा गरि विद्यालयको भौतिक तथा शैक्षिक वतावरणमा सुधार ल्याउन नसकेको ।

५. विज्ञान, प्रविधि, र प्रयोगात्मक शिक्षाका लागि आवश्यक कक्षाउपकरण तथा प्रयोगशालाको , अभाव।शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित बनाई व्यवस्थित गर्न नसकेको।

६. योगता र क्षमताको अधारमा नतिजामुल्क शैक्षिक व्यवस्थापन गर्न नसकेको ।

७. विधालय शिक्षालाई प्रकोपसंकट तथा माहामारिलगायत परिस्थति प्रति उत्थानशिल बनाउन , नसक्नु ।

८. पुस्तकालय तथा अध्ययन सामग्रीको कमी।

९. आर्थिक रूपले कमजोर परिवारका विद्यार्थीहरू विद्यालयमा अनुपस्थित ।

१०.बाल विवाह, बाल श्रम, र गरिबीका कारण विद्यार्थीहरूले कक्षा ८ पछि पढाइ छोडि माध्यामिक तह पुरा गर्न नसक्नु ।

११. किशोरावस्थाका मानसिक, सामाजिक, र सांस्कृतिक चुनौतीहरूले गर्दा विद्यार्थीहरूको शैक्षिक निरन्तरतामा कमी।

१२.प्राबिधिक तथा व्यावसायिक तालिमको कमीले विद्यार्थीहरूलाई रोजगारीका अवसरहरूमा कठिनाइ ।

१३.नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अभाव। माध्यमिक तहको शिक्षामा बजेटको कमी ।

### ३.३.३ उद्देश्य

१. गुणस्तरीय शिक्षा, विषयगत शिक्षक, दक्ष शिक्षक तथा आवशयक मानव श्रोत साधनको सुनिश्चितता गर्नु

२. राष्ट्रयिय मापदण्ड अनुरुपको शिक्षक अनुपात कायम गर्नु

३. माध्यामिक शिक्षामा खुद भर्ना दर र टिकाउ दर बढाउनु ।

४. माध्यामिक शिक्षामा समावेशी र पहुँचयुक्त शिक्षा प्रवर्द्धन गर्दै विद्यार्थिहरुमा न्युन्तम सिकाई उपलव्धि सुनिशिच गर्दै सिकाइ क्षति न्यूनिकरण गर्नु ।

५. व्यावसायिक र सीपमूलक शिक्षाको व्यवस्था गर्नु विद्यालयमा हुन सक्ने द्रव्यसन, बालबिजाई, विद्युतीय कारोबर जन्य अपराधिक कार्यको प्रभाव नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

६. विपद् तथा जोखिम अवस्थामा सुरक्षित र भयरहित सिकाई वातावरणको सुनिश्चित गर्नु

७. प्रभावकारी शैक्षिक प्रशासन संचालन तथा व्यवस्थापन गर्नु बिद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धि मापदण्ड २०८० अनुरुपको भौतिक पूर्वाधार निर्माण गर्नु।

८. माध्यामिक शिक्षालाई प्रविधि मैत्री पुस्ताकलय र ल्याव विकास तथा व्यस्थापन गर्नु ।

### ३.३.४ रणनीति

१. विद्यार्थी शिक्षक अनुपात सुधार गर्न-सघिंय सरकारको समन्वयमा अतिरिक्त शिक्षक दरबन्दी स्वीकृत गर्ने र आवश्यकताअनुसार आंशिक वा स्वयम् सेवक शिक्षकको व्यवस्था गरिने छ।

२. शिक्षकमाथि नियमित तालिम, ICTमा दक्षता विकास, र आधुनिक शिक्षण विधिको प्रयोगको प्रशिक्षण गरिने छ।

३. कक्षा ९१२ का पाठ्यक्रमलाई व्यवहारिक-, सिर्जनशील र सिपमूलक बनाउन पुनरावलोकनमा जोड गरिने छ।

४. शिक्षकको पेशागत सहयोगका लागि आवशयक संयन्त्रको विकास गरिने छ।

५. सिमान्तकृत, बालिका, दलित र अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति र समुदायस्तरीय प्रोतसाहनका कार्यक्रम संचालन गरिने छ।

६. प्राविधिक धार र व्यावसायिक तालिमका कार्यक्रम सञ्चालन गर्दै उद्यमशीलता विकास गरिने छ।

७. सबै विद्यालयमा इन्टरनेट जडान, कम्प्युटर सुविधा, र शिक्षक विद्यार्थीलाई-ICT तालिम दिईने छ।

८. विद्यार्थीको मानसिक स्वास्थ्य सुधार गर्न परामर्शदाता नियुक्त गरिने छ।

९. वार्षिक खेलकुद महोत्सव, सांस्कृतिक कार्यक्रम, र नेतृत्व विकास गतिविधि संचालन गरिने छ।

१०. अभिभावक, शिक्षक, र विद्यार्थीको सहभागितामा अन्तरक्रिया, प्राविधिक टोलीद्वारा अनुगमन, र बजेट पारदर्शिता ल्याइने छ।

११. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गरिने छ।

१२. सिकाई क्षतिलाई न्युनिकरणका लागि न्युन्तम सक्षमता मापदण्ड अनुसारको प्रभावकारी व्यवस्थापनका लागि ReAL Planजस्ता कार्यक्रमलाई थप प्रभावकारि बनाई लागु गरिने छ ।

१३. कक्षा वाहिर वा भित्र हुने हिसां तथा विभेदलाई न्युनिकरणका लागि लैङ्गिक फोकल शिक्षक तोक्ने र यो सम्वन्धित कार्यक्रमहरु संचालन गरिने छ।

१४. विद्यालयहरूलाई प्रकोप ,संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने।

१५. सिमान्तकृत समुदायका अभिभावकमा शिक्षाको महत्त्व र शैक्षिक चेतना अविवृद्धिका लागि कार्यक्रमहरु संचालन गरिने छ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयहरूमा दक्ष र प्रशिक्षित शिक्षकहरूको संख्या वृद्धि गर्दै बिद्यार्थी शिक्षक अनुपात कायम भई प्रभावकारी सिकाई भएको हुनेछ।

२. शिक्षण कार्यमा आधुनिक प्रविधिको प्रयोग बढ्नेछ।

३. विद्यार्थीहरूको शैक्षिक प्रदर्शनमा उल्लेखनीय सुधार भएकोहुनेछ।

४. बालिका, दलित, अपांगता भएका र अन्य वञ्चित वर्गका विद्यार्थीहरूको विद्यालय भर्ना दर वृद्धि हुनेछ ।
५. विद्यालय छोड्ने दर (dropout rate) मा कमी हुनेछ । शिक्षा सबै वर्गका लागि पहुँचयोग्य हुनेछ ।
६. माध्यमिक तहका विद्यार्थीहरू स्वरोजगार र सीपमूलक कार्यमा सक्रिय हुनेछन् ।
७. स्थानीय श्रम बजारका आवश्यकतालाई सम्बोधन गर्न योग्य जनशक्ति उत्पादन हुनेछ । व्यावसायिक तालिमका कारण विद्यार्थीहरूको आर्थिक स्वतन्त्रता बढ्नेछ।
८. विद्यार्थीहरूमा डिजिटल साक्षरता वृद्धि हुनेछ। आधुनिक प्रविधिको प्रयोगले शिक्षामा नवीनता ल्याउनेछ। ICT को उपयोगमार्फत शिक्षण- सिकाइमासुधार हुनेछ।
९. विद्यार्थीहरूको शारीरिक तन्दुरुस्तीमा सुधार हुनेछ। मानसिक स्वास्थ्य सम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने प्रभावकारी प्रणाली विकास हुनेछ ।
१०.नेतृत्व क्षमतायुक्त र नैतिक मूल्यमान्यता भएका विद्यार्थीहरूको उत्पादन हुनेछन् ।विद्यार्थी र समुदायमा वातावरणीय संरक्षणप्रति चेतना वृद्धि हुनेछ ।
११.हरित विद्यालयको अवधारणा प्रभावकारी रूपमा कार्यान्वयन हुनेछ ।
१२.फोहोर व्यवस्थापन र वातावरणीय संरक्षणमा विद्यार्थीहरूको सक्रिय भूमिका रहनेछ ।
१३.विद्यालय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता रहनेछ ।
१४.विद्यालयहरूको प्रदर्शन मापन र सुधारका लागि नियमित अनुगमन प्रणाली।
१५.शिक्षक अभिभावक संघहरूको सक्रियता- र सकारात्मक सहभागिता।
१६.विद्यालय पूर्वाधार सुधारमा निजी क्षेत्रको सहयोग। तालिम र रोजगार सम्बन्धी कार्यक्रम सञ्चालनका लागि थप आर्थिक स्रोतहरूको उपलब्धता हुनेछ ।
१७.माध्यमिक तहमा विद्यार्थीहरूको परीक्षा नतिजा, दक्षता, र सहभागितामा उल्लेखनीय सुधार हुनेछ
१८.स्वरोजगार, उद्यमशीलता, र सामाजिक नेतृत्वका क्षेत्रमा सक्षम व्यक्तिहरूको विकास हुनेछ ।
१९.शिक्षामा समावेशिता र समानताको विकासले सामाजिक न्याय प्रवर्द्धन गर्नेछ। सीपमूलक शिक्षाका कारण स्थानीय उद्यम र श्रम बजारलाई दक्ष जनशक्ति उपलब्ध हुनेछ

**नतिजा**

| आर्थिक वर्ष सूचाकं | अधार वर्ष ८१८२ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ |
|---|---|---|---|---|---|
| माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) | ४९.३ | ४९.३ | ५३.८ | ५८.८ | ६४.२ |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) | २८.९ | २८.९ | ३३.७ | ३९.४ | ४६. |
| माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) | ४१.२ | ४१.२ | ४६. | ५१.४ | ५७.४ |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) | १६.३ | १६.३ | २०.४ | २५.६ | ३२.१ |
| माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | ४५. | ४५. | ४९.७ | ५४.९ | ६०.६ |
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | २२.१ | २२.१ | २६.७ | ३२.२ | ३८.८ |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्नादरमा लैङ्गिक समता सूचांक (GPI in GER) | १. | १. | १. | १. | १. |

| आर्थिक वर्ष सूचांक | आधार वर्ष ८१८२ | ८१८२ | ८२८३ | ८३८४ | ८४८५ |
|---|---|---|---|---|---|
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमालैङ्गिक समता सूचांक (GPI in NER) | १. | १. | १. | १. | १. |
| माध्यमिकतह (कक्षा १-१२) मा उमेरगत भर्ना दर (ASER) | ४५.४ | ४५.४ | ५०.१ | ५५.३ | ६१. |
| माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेकाबालबालिकाको दर (OOSC) | ५४.६ | ५४.६ | ४९.९ | ४४.७ | ३९. |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्मपुग्ने दर (Survival Rate to Grade 0) | ७५.७ | ७५.७ | ७८.४ | ८१.१ | ८४. |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० कोअन्त्यसम्म टिक्नेको दर (Retention Rate at the end of Grade 0) | ७३. | ७३. | ७५.९ | ७९. | ८२.१ |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० तथामाध्यमिकतह (कक्षा १-१०) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G-0) | ५१.९ | ५१.९ | ५६.३ | ६१.१ | ६६.३ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (५ वर्ष) १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधीतयारी | पटक | | | १ | | | १ | | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | १ | | | | | १ | | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | १ | | | १ | २ | | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र विषयगत दरबन्दी आधारको पुनरावलोकन | संख्या | १ | | | | | १ | | संघ/ प्रदेश/ नगपालिका |
| ५ | विद्यालय भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड २०८० अनुसारकोविद्यालयमा भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, पुस्तकालय ,प्रयोगशाला, खाजाघर, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान स्तरवृद्धि, | संख्या | ४ | २ | ४ | २ | २ | १४ | | संघ/ प्रदेश/ नगपालिका |
| ६ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | ० | ० | १ | ० | ० | १ | | संघ/ प्रदेश/ नगपालिका |
| ७ | सूचना तथा सञ्चार प्रविधिप्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | १ | १ | १ | १ | २ | ६ | | संघ/ प्रदेश/ |

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (५ वर्ष) १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य ( १० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालय पोषण, स्वास्थ्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | नगपालिका संघ / प्रदेश / नगपालिका |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | पटक | ० | १ | ० | ० | ० | १ | | नगरपालिका |
| १० | प्रकोप प्रति सचेत रहन योजना विकास | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | | नगरपालिका |
| ११ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | संघ |
| १२ | आर्थिक रूपमा विपन्नका विद्यार्थी लागि ड्रेस, स्टेशनरी इत्यादिवितरण | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १३ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | | नगरपालिका |
| १४ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad को व्यबस्था | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | | संघ |
| १५ | माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना | संख्या | १ | १ | १ | २ | २ | ७ | | संघ |
| १६ | माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन | संख्या | १ | १ | १ | २ | २ | ७ | | संघ |
| १७ | प्र.अ.हरूका लागि कार्य सम्पन्नताका आधारमा प्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सन्चाल नभएका बिद्यालयमा कार्यसम्पन्नताका आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | नगपालिका संघ |
| १८ | विधालयमा छात्रबास सन्चालन कार्यक्रम | संख्या | | १ | | १ | | २ | | नगरपालिका |
| १९ | पूर्णकालीन स्वयमसेवक शिक्षक | संख्या | ५ | १० | | | | १५ | | नगरपालिका |
| २० | खेलकुद, नृत्य, चित्रकला, संगीत,योगा, आदिबिषयमाघुम्तीशिक्षक | संख्या | ५ | १० | | | | १५ | | नगरपालिका |
| २१ | पार्टटायम शिक्षक(कम्प्युटर, विज्ञान,गणित,लेखा,अन्यप्राबिधिकबिषय) | संख्या | ५ | | | | | ५ | | नगरपालिका |
| २२ | पाले, कास, लाइबेरियन, ल्याबपर्सन,लेखापाल | संख्या | २ | २ | २ | २ | २ | १० | | नगरपालिका |
| २३ | *opportunity cost* व्यवस्थापन | संख्या | १ | २ | ३ | ३ | ३ | १२ | | नगरपालि |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| | | | | | | | | | | का |
| २४ | सिकाई सहजीकरण निरीक्षक तथा प्रशिक्षक | संख्या | १ | १ | १ | १ | १ | ५ | | नगरपालिका |
| | सिकाई आपूरण कार्यक्रम | संख्या | ६ | ६ | ६ | ६ | ६ | ३० | | |
| २५ | दुर्व्यसनी बालबिजाई, विद्युतियकारोबर जन्य अपराधिक कार्यको नियन्त्रण तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २६ | विपद तथा जोखिम अवस्थामा सुरक्षित र भय रहित सिकाई वातावरणव्यवस्थापन | संख्या | ६ | | | | | ६ | | |
| | अपाङ्गता भएका विद्यार्थीहरुकोलागि श्रोत कक्षा सञ्चालन | संख्या | ० | १ | | | | १ | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ वर्तमान अवस्था

शिक्षा प्रणालीलाई मुख्यतया औपचारिक र अनौपचारिक सिकाइमा विभाजन गर्न सकिन्छ। औपचारिक शिक्षा विद्यालयको सङ्कुचित प्रक्रियाबाट प्रदान गरिन्छ, जबकि अनौपचारिक शिक्षा विद्यालयबाहिरका विविध माध्यमबाट व्यक्तिले जीवनभर सिक्दै जाने प्रक्रिया हो। जीवनको प्रत्येक चरणमा व्यक्ति कुनै न कुनै नयाँ कुरा सिक्दै रहन्छ।गुजरा नगरपालिकाको साक्षरता दरसम्बन्धी तथ्याङ्कले समग्र शैक्षिक अवस्था र लैङ्गिक असमानतालाई उजागर गर्दछ। नगरपालिकाको कुल साक्षरता दर ६०% रहेको छ, जसमा ४०% जनसंख्या अझै निरक्षर छ। पुरुष साक्षरता दर ७०.३% रहेको छ भने महिलाको साक्षरता दर ५३.७% मात्र रहेको देखिन्छ, जसले पुरुष र महिलाबीच साक्षरतामा १६.६% को ठूलो अन्तर देखाउँछ। यो असमानता महिलाहरू शिक्षामा पछि परिरहेको स्पष्ट सङ्केत हो, जसको मुख्य कारण सामाजिक, सांस्कृतिक र आर्थिक अवरोध हुनसक्छ।५ वर्षभन्दा माथिको उमेर समूहमा पुरुष साक्षरता दर ७०.३% रहेको छ भने महिलाको मात्र ५३.७% छ। १५ वर्षभन्दा माथिको उमेर समूहमा महिलाहरूको स्थिति झन् कमजोर देखिन्छ, जहाँ पुरुष साक्षरता दर ६५% छ भने महिलाको ४६.४% मात्र छ। तर, युवावर्ग (१५-२४ वर्ष उमेर समूह) मा तुलनात्मक रूपमा सुधार देखिएको छ, जहाँ पुरुष साक्षरता दर ८०.३% र महिलाको साक्षरता दर ७५.२% रहेको छ। यद्यपि, यो उमेर समूहमा पनि पुरुष र महिलाबीच ५.१% को अन्तर रहेको देखिन्छ। त्यसतै १ देखी १२ कक्षासम्मको बिद्यालय बाहिर रहेको ५४.६ प्रतिशत रहेको छ।गुजरा नगरपालिकामा शिक्षाको पहुँच विस्तार गर्न विशेष योजना र कार्यक्रम आवश्यक देखिन्छ। विशेषगरी महिलाहरूको साक्षरता सुधार्न र वयस्क निरक्षरता हटाउन शैक्षिक अभियान तथा चेतना अभिवृद्धि

कार्यक्रम प्रभावकारी [illegible] अनौपचारिक शिक्षा अन्तर्गतका साक्षरता, सीपमूलक, र आजीवन सिकाइ कार्यक्रम प्रभावकारी माध्यम भए तापनि, हालसम्म यी कार्यक्रम प्रभावकारी बन्न सकेका छैनन। हालका ३ सामुदायिक सिकाइ केन्द्र व्यवस्थित रूपमा सञ्चालन नभएको र सामुदायिक पुस्तकालयहरूको अभावले अभियानमा अवरोध पुगेको छ। अनौपचारिक शिक्षामार्फत व्यवहारिक ज्ञान र व्यवसायिक सीप विकास गर्न सकिने हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य मापदण्डहरूलाई प्रभावकारी कार्यान्वयन गर्नु अपरिहार्य छ।

### ३.४.२ समस्या तथा चुनौतिहरु

१. सिमान्तकृत समुदायहरुमा आयआर्जन गर्न र निरन्तर शिक्षाको कार्यक्रम संचालन गर्न नसक्नु।
२. सामुदायिक सिकाइ केन्द्रहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन र परिचालन गर्न नसकिएको ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रभावकारी व्यवस्थापनमा सरोकारवलाहरु विच समन्वय सहकार्यको कमि ।
४. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि मापदण्डहरु कार्यान्वयन गर्न नसक्नु ।
५. पाठ्यक्रमपाठ्यपुस्तक तथा थप सिकाई सामग्रीहरु विकास नहुनु ।,
६. सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुको क्षमता विकास र आवश्यक वजेटको व्यवस्था नहुनु ।

### ३.४.३ उद्देश्य

१. विद्यालय बाहिर रहेका किशोर र किशोरीलाई अनौपचारिक शिक्षामा सर्वशुलभ पहुच सुनिश्चित गर्नु।
२. गुजरा नगरपालिका अन्तर्गत रहेका सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु व्यवस्थापन तथा सञ्चालन गर्नु ।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमलाई व्यवस्थित गर्नका लागि अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुपलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गरिसाक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर नगर घोषणा गर्नु।

### ३.४.४ रणनीति

१. आवशयकता अनुसारको सामूदायिक सिकाइ केन्द्रहरूको स्थापना र उचित व्यवस्थापन गरिने ।
२. पालिका स्तरिय विभिन्न तहका खुल्ला विद्यालयस्थापना गरिने छ।
३. सामूदायिक सिकाइ केन्द्र, विद्यालय,स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावकलाई आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा विकासमा परिचालन गरिनेछ ।
४. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि साक्षरता कार्यक्रम सञ्चालन गरिने ।
५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न वनाउनका लागि प्रविधि ,पुस्तकालय र सामुदायिक सूचना केन्द्रसँग जोडने।

६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आयआर्जन- तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरणका लागि राष्ट्रिय सक्षमता प्रारुप वा नगरपालिकाले निर्माण गरेको मजुदा ऐन कानुन व्यवस्था अनुसार संयन्त्रको विकास गरिने छ ।

८. साक्षरता कार्यक्रम सञ्चालन,वयवस्थापन ,अनुगमणनिरक्षण र प्रमाणिकरणको लागि वडा , वडा समिति र वडा सक्षरता समितिलाई जिम्मेवार बनाइने छ। ,कार्यालय

९. सिकाई हस्तान्तरणका लागि अन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रम गर्ने छ।

१०.स्थानिय सामुदायिक शिक्षा केन्द्र सहजकर्ताहरुलाई तालिम दिई क्षमता अभिवृद्धी गर्ने छ।

११.साक्षरता कार्यक्रम संचालन गरिने र सो का लागि ९ देखि १२ कक्षा विद्यार्थिहरुलाई परिचालन गरिनुका साथै आवश्यकता अनुसार अन्य नविनतम विधिहरु अपनाईने छ।

१२.विद्यालय वाहिर रहेका किशोर र किशोरीलाई औनपचारिक शिक्षाको माध्यमबाट विद्यालयमा भर्ना गरिने छ ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. नगर भित्रका सवै उमेर समूहका लागि साक्षरता,निरन्तर शिक्षा र आजीवन सिकाइका समान अवसर प्राप्त भएको हुने छ।

२. सामूदायिक सिकाइ केन्द्रहरूको उचित व्यवस्थापन गरि एक वडा एक सामुदायिक सिकाइ केन्द्रको स्थापना भएको हुने छ ।

३. आजीवन शिक्षा र जीवन उपयोगी शिक्षा प्रविधि मैत्री सामुदायिक सिकाई केन्द्र सञ्चालन भएको हुने छ।

४. स्थानिय पाठ्यक्रमसिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरि , साक्षरता कार्यक्रम सञ्चालन गरिएको हुने छ।

५. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गरिएको हुने छ ।

६. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरणका लागि सयंन्त्रको विकास गरि राष्ट्रिय योग्यता प्रारुप वा गुजरा नगरपालिकाले निर्माण गरेको ऐन कानुन बमोजिम प्रमाणपत्रको वितरण गरिएको हुने छ।

७. सिकाई हस्तान्तरणका लागिअन्तरपुस्ता वैठक तथा अन्तरक्रिया कार्यक्रमवाट शिक्षाको महत्व बुझि अनौपचारिक शिक्षाको कक्षामा सवैको सहभागिता तथा निरन्तरता भएको हुने छ।

८. विद्यालय उमेर समूहका विद्यालय वाहिर रहेका सवै वालवालिकाहरु अनौपचारिक शिक्षाको माध्यबाट विद्यालयमा भर्ना भइ अध्ययन गरिरहेका हुने छन् ।

९. विसम्म सा २०८५ .स.क्षर पालिका घोषणा भएको हुने छ।

नतिजा

| क्रसं | सूचक | ईकाई | आधार वर्ष२०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बाहिर रहेको वालबालिकाहरु अनौपचारिक शिक्षाको माध्यमबाट विद्यायलयमा भर्ना र निरन्तरता | प्रतिशत | ५४.६ | ४९.९१ | ४४.७२ | ३८.९८ | ३२.६५ |
| २ | एक वडा एक सामुदायिक सिकाई केन्द्रको विस्तार र सञ्चालन | पटक | ३ | २ | २ | २ | ० |
| ३ | वडागत रुपमा समुदायिक पुस्ताकलयको स्थापना | संख्या | १ | २ | २ | २ | २ |
| ४ | शैक्षिक तथ्याकंहरु अध्यावधिक तथा व्यवस्थित | निरन्तर | | - | - | - | - |
| ५ | साक्षर प्रतिशतमा वृद्धि भएको भएको हुने | प्रतिशत | ४० | ५० | ६० | ८० | १०० |
| ६ | छोटो अवधिका आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन | संख्या | १०० | १५० | २०० | २५० | ३०० |
| ७ | बालबालिकाको सामुदायिक सिकाइ केन्द्रमा सिकाइ निरन्तरता, | निरन्तर | - | - | - | - | - |
| ८ | राष्ट्रिय शिक्षा सक्षमता प्रारुपको सफल कार्वान्वयन | निरन्तर | - | - | - | - | - |
| ९ | साक्षर नगरपालिका घोषणा | पटक | ० | ० | ० | ० | १ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ३.४.६प्रमुख क्रियाकलाप र लक्ष्य

| क.स. | प्रमुख क्रियाकलापहरु | ईकाई | भौतिक लक्ष्य ५ वर्षा | | | | | जम्मा | भौतिक लक्षय १० वर्षमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | निरक्षर र विद्यालय वाहिर रहेक किशोर किशोरीहरुको विवरण संकलन गरि खणडिकृत रुपमा तथ्याङ्क तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | नगरपालिका |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता अभिवृद्धी कार्याक्रम संचालन गर्ने | प्रतिशत | ५५.९ | ६४ | ७२ | ८३ | ९२ | १०० | | नगरपालिका |
| ३ | सामुदायिक सिकाई केन्द्रकोविस्तार र सञ्चालन गर्ने | संख्या | ५ | २ | २ | ० | ० | ९ | ९ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | एक वडा एक सामुदायिक पुस्तकालय स्थापना गरि सामुदायिक केन्द्र संग आवद्ध गर्ने | संख्या | १ | २ | २ | २ | २ | ९ | ९ | नगरपालिका |
| ५ | सरकारी तथा गैससको सहयोग समन्वयमा क्षमता अभिवृद्धी | निरन्तर | - | - | - | - | - | - | | नगरपालिका |
| ७ | आयमुलक तथा सीपमुल्क कार्यक्रम | प्रतिशत | ५३ | ६३ | ७३ | ८३ | ९३ | १०० | | नगरपालिका |
| ८ | सामुदायिक सिकाइ केन्द्र तथा अन्य संघसंस्था मार्फत वैकल्पिक सिकाइ कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | १ | | नगरपालिका |
| ९ | समुदायिक सिकाइ केन्द्रको सहजकर्ताहरुको क्षमता विकास | संख्या | ५ | २ | २ | ० | ० | ९ | ९ | नगरपालिका |
| १० | अनौपचारिक शिक्षा राष्ट्रिय सक्षमता प्रारुप कार्यावन्यन | निरन्तर | - | - | - | - | - | - | | नगरपालिका |
| ११ | अभिवावक सचेतना तथा परामर्श कार्यक्रम संचालन | वडागत | १ | १ | १ | १ | १ | ५ | | वडागत |
| १२ | सवै सरोकारवलाको सहभागितामा अनुगमन तथा समिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | | |

स्रोतःशिक्षा शाखा,EMIS टुलकिट

# परिच्छेद ४:अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१.शिक्षक व्यवस्थापन र विकास

### ४.१.१ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०७५ अनुसार शिक्षक बन्नको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्छ, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्छ, बढ्ेको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ। पेशाको सुरक्षाका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिन थालिएको छ। वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयंसेवक तथा निजी शिक्षकहरू छन्। अस्थायी, राहत, स्वयंसेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउन आवश्यक देखिन्छ। हाम्रो नगरपालिकाले सामुदायिक विद्यालयमा कुल शिक्षक१८५ जना रहेका छन्। यस मध्ये ३४ वालविकास, १३० अधारभुत र २१ माध्यामिक शिक्षको संख्या रहेको छ । महिला शिक्षकको संख्या १-५ सम्म अलि सन्तोषजनक देखिन्छ भने अरु तहमा असमान रहेको छ भने अर्को तर्फ पेशागत रूपमा शिक्षकहरु दक्ष र अभिप्रेरित हुनसकेका छैन फलस्वरुप कक्षाकोठाको शिक्षामा सुधार ल्याउन सम्भव छैन। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुनु अत्यावश्यक छ। शिक्षकको पेशागत विकासका लागी विभिन्न तालीमको आवश्यकता छ। शिक्षक तालीम कार्यशाला, सेमिनार, सम्मेलन, अनुगमन, शिक्षकहरूको समीक्षा मन्थन, अवलोकन कार्यक्रम, मनिटरिङ आदिमा शिक्षकको पेशागत विकास समावेश छन्। शैक्षिक सुधारका लागि शिक्षक व्यवस्थापनको पाटोमा गुजरा नगरपालिकाले विभिन्न प्रयासहरु गरिदै आइरहे ता पनि प्रभाकारि रुपमा शिक्षक व्यवस्थापन हुन सकेको छैन ।

**तहगत शिक्षक विवरण**

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीस्रोतबाट नियुक्त शिक्षक समेत) | | | | | सबै प्रकारकाविद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | विद्यार्थीशिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्तसङ्ख्या | महिला % | जम्मा | महिला | पुरुष | महिला % |
| पूर्व प्रा.वि.बा.वि.के. | ३४ | ० | ३४ | ० | १०० | ३१ | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |
| आधारभूत (१-५) | ६० | ४० | १०० | ४२ | ४२ | ७६ | ०. | ० | ० | ० | ० | NA | NA | NA | NA |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (६-८) | २४ | [illegible] | ३० | ६ | २० | ९७ | ४ | २ | २ | ४ | ५० | NA | NA | NA | NA |
| माध्यमिक (९-१०) | १२ | १ | १३ | ३ | २३.०७ | ६७ | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |
| माध्यमिक(११-१२) | ८ | ० | ८ | १ | १२.५ | १३० | ० | ० | ० | ० | ० | NA | NA | NA | NA |

यस नगरपालिकाका शिक्षकहरूलाई विभिन्न तालिम (प्र.अ. व्यवस्थापन, मन्टेश्वरी, टीपिडी, पुनर्ताजगी, सूचना प्रविधि, स्तरीकृत प्रश्नपत्र निर्माण) प्रदान गरिए पनि कक्षामा त्यसको प्रभावकारी प्रयोग हुन सकेका छैन। आधारभूत र माध्यमिक तहमा विषयगत शिक्षक र दरबन्दी अभावको समस्या रहेको छ। शिक्षकहरूको क्षमता विकासका कार्यक्रमहरू स्थानीय तहले पर्याप्त सञ्चालन गर्न सकेको छैन, र शिक्षक पेसागत विकास (टीपिडी) तालिमको माग पूर्ति गर्न नगरपालिका असमर्थ भएको छ। यस्ता तालिम लिए पनि EMISअपलोड नगरिएको देखिन्छ जस्ले गर्दा सहि सूचना पाउन मुस्किल छ । त्यस्तै अपाङ्गता भएका शिक्षक व्यवस्थापन, लामो विदामा रहेका शिक्षकको विकल्प, र शिक्षक-विद्यार्थी अनुपात सुधारमा पनि पालिका प्रभावकारी देखिएको छैन। न्यूनतम पारिश्रमिक, पुनर्ताजगी तालिम, र क्षमता विकासका प्रयास भए पनि शिक्षक दरबन्दी मिलान र शिक्षा ऐन कार्यान्वयन नहुँदा चुनौती कायमै छ। यी समस्या समाधानका लागि आवश्यक योजना र व्यवस्थापन कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

### ४.१.२समस्या र चुनौतिहरु

१. विद्यालयमा आवश्यक तहगतविषयगत शिक्षक दरबन्दीको कमी। वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलानमा कठिनाइ।
२. शिक्षकको पेसागत लागि आवश्यकतामा आधारित तालिमको अभाव।
३. शिक्षकहरूको निरन्तर पेसागत विकासका लागि कोचिङ, मनिटरिङ जस्ता सहयोग उपलब्ध गराउन नसकिनु।
४. शिक्षक, अभिभावक र जनप्रतिनिधिहरूमा उत्तरदायित्व र जवाफदेहिताको कमी।
५. विद्यालयमा दीर्घकालीन सेवा गर्न इच्छुक शिक्षकको अभाव। तहगत विधार्थी र शिक्षक अनुपात र विषयगत शिक्षकको वितरण असमान हुनु।
६. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग जोड्नु।

### ४.१.३ उद्देश्य

१. विषयगत र तहगत रुपमा शिक्षक व्यवस्थापन गर्नु । शिक्षकतालिम,शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
२. शिक्षकको निरन्तर पेसागत सुनिश्चितता गर्नु ।
३. शिक्षकको जवाफदेहिता अभिबृद्धी गराउनु ।
४. शिक्षकको कार्य सम्पादन मुल्याकनलाई बिधार्थीको सिकाइ उपलब्धि संग सम्बन्धित गर्नु ।

### ४.१.४ रणनीति

**१.** शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान पुन र्वितरण तथा व्यवस्थापन गर्ने ।१ उद्देश्य))

**२.** रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने । (१ उद्देश्य)

**३.** शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।२ उद्देश्य))

**४.** शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने ।उद्देश्य)२(

**५.** शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने । उद्देश्य)३(

**६.** शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसगँ सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने। उद्देश्य)३(

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान मिलान भइ विषयगत र तहगत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।

२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

३. बिधार्थीको सिकाइ अपेक्षित उपलब्धिमा वृद्धी भएको हुनेछ।

४. विद्यार्थिको नतिजामा शिक्षकहरु जिम्मेबार रहेको हुनेछ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ८ | ८ | २० | २० | २० | २० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ६०% | ६०% | ७०% | ८०% | ९०% | ९५% |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | ३ | ५ | ५ | ३ |
| ६ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको बिधालय संख्या | ० | ० | ८ | ३ | ३ | २ |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ | जम्मा | |

| कसं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ | जम्मा | |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | पटक | | | | | | ५ | |
| २ | शिक्षकको पेशागत विकासको लागि विज्ञको सूची तयार | ओटा | १० | १० | १० | १० | १० | ५० | |
| ३ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम( आइ. सी. टि. ) | ओटा | ३ | ४ | ५ | ५ | ५ | २४ | |
| ४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम | शिक्षक | ३ | ४ | ५ | ६ | ६ | २४ | |
| ६ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | निरन्तर | - | - | - | - | - | - | |
| | शिक्षकहरुको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ | |
| ७ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन करार सम्झौता | पटक | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | |
| ८ | शिक्षकहरु लामो विदामा बस्दा सिकाईका लागि घुमती शिक्षक | शिक्षक | १ | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार |

## ४.२.पाठ्यक्रम तथा मुंल्याङ्कन

### ४.२.१ वर्तमान अवस्था

गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पाठ्यक्रम निर्माण र कार्यान्वयन महत्त्वपूर्ण छ। बाल विकास कक्षाको सिकाइ व्यवस्थापनलाई पाठ्यक्रमअनुकूल बनाउन नगरपालिका स्तरबाट प्राथमिकतामा राख्नुपर्छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले स्थानीय ज्ञानको संरक्षण र विकासका लागि स्थानीय आवश्यकता आधारित पाठ्यक्रम निर्माण गर्न निर्देशन दिएको छ। स्थानीय तहको नेतृत्वमा सरोकारवालाको सहभागितामा

पाठ्यक्रम तयार गरी लागू गर्नुपर्छ। विद्यार्थी मूल्याङ्कनका लागि कक्षा १-३ मा निरन्तर मूल्याङ्कन र उदार कक्षोन्नति नीति छ। कक्षा ४-८ मा ५०% बाह्य र ५०% आन्तरिक मूल्याङ्कन, कक्षा ९-१२ मा ७५% बाह्य र २५% आन्तरिक मूल्याङ्कनको प्रावधान छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको मापदण्ड अनुसार गरिन्छ। यसले शिक्षाको गुणस्तर सुधारमा सहयोग पुऱ्याउँछ। गुजरा नगरपालिकामा ३२ सामुदायिक विद्यालय र ७ अनुमति प्राप्त निजी विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ लागू गरिएको छ। सामुदायिक विद्यालयतर्फ ३४ बाल विकास केन्द्र, १८ आधारभूत (कक्षा १-५), ८ आधारभूत (कक्षा १-८), २ माध्यमिक (कक्षा १-१०), र ४ माध्यमिक (कक्षा १-१२) विद्यालय सञ्चालनमा छन्। हालसम्म स्थानीय पाठ्यक्रम लागू गरिएको छैन। निजी विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रमअनुसार शिक्षण कार्यसञ्चालन गरे पनि स्थानीय पाठ्यक्रमको सट्टा ऐच्छिक अंग्रेजी वा कम्प्युटर विषय पढाइरहेको पाइन्छ। नगर स्तरीय परीक्षा समितिले कक्षा ८ सम्मका परीक्षाहरू सञ्चालन गरेको छ, तर शिक्षक प्रबोधिकरण र पाठ्यक्रम कार्यान्वयनमा बजेट अभावका कारण चुनौती देखिन्छ। स्थानीय पाठ्यक्रम निर्माणका लागि सरोकारवालाको सहभागितामा समिति बनाई व्यवहारिक योजना बनाउन, समावेशिता र स्थानीय आवश्यकता सम्बोधन गर्न, र शैक्षिक क्यालेन्डर निर्माण गरी प्रभावकारी रूपमा लागू गर्नुपर्ने आवश्यकता छ।

### ४.२.२ समस्या तथा चुनौतिहरु

पाठ्यक्रम तथा मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरुः

१. प्रारम्भिक बालविकास र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चता नहुनु
२. सबै शिक्षकहरूमा विषयगत शिक्षक निर्देशिका उपलब्धता र प्रयोगको सुनिश्चितता नहुनु, निरन्तर मूल्याङ्कन प्रणाली तथा थिम बेसमा आधारित पाठ्यक्रमपूर्णतया लागू गर्न
३. सबैजसो विद्यालयका शिक्षककहरुमा प्रवोधिकण नहुनु स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री विकासका लागि क्षमता विकास नभएको प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोगको अवस्था प्रभावकारी नभएको ।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु पर्ने आवश्यकता । स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको अर्थपूर्ण सहभागिता नहुनु ।
५. स्थानीय पाठयक्रमको कार्यान्वयनको लागि शिक्षक व्यवस्थापन तथा क्षमता विकास नहुनु ।
६. विपत तथा महामारीको समयमा पाठ्यक्रममा उल्लेख न्यूनतम उपलब्धि हाँसिल गराउने सवालमा सिकाइ आपुरण कार्यक्रम कार्यान्वयन नहुनु
७. कक्षा कोठाहरूमा न्यूनतम सिकाइ मापदण्ड अनुसारको सिकाइ कुनाहरुको व्यवस्थापन नहुनु,
८. पाठयपुस्तकलाई नै पाठयक्रमको रुपमा बुझने प्रवृति हुनु,

### ४.२.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः

१. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को मर्म अनुरुप कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रमलाई पूर्ण रुपमा प्रभावकारी कार्यान्वयन गर्ने,
२. कक्षा १देखि७ सम्मको निरन्तर मूल्याङ्कन प्रणालीलाई प्रभावकारी कार्यान्वयनर अनुगमन गर्ने,
३. प्रत्येक बालविकास केन्द्र र विद्यालयहरूमा पाठ्यक्रमको उपलब्धता र प्रयोगको सुनिश्चितता गर्ने

४. राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ को निर्देशित सिद्धान्तको स्थानीय शैक्षिक विज्ञहरूको संलग्नतामा तथा सरोकारवालाको सहभागीतामा स्थानीय पाठ्यक्रमको निमार्ण गर्ने,
५. स्थानीय पाठयक्रमको विकास तथा कार्यान्वयनको लागि शिक्षकको क्षमता विकास गर्ने,
६. पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन र अनुगमनका लागि नयाँ नयाँ ढाँचाको खोज र अनुसन्धान गर्ने,
७. पाठ्यक्रमको कार्यान्वयनमा सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
८. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु,
९. विपत तथा महामारीको समयमा विशेष रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन गर्नु,

### ४.२.४ रणनिति

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. सबै विधालयका शिक्षकहरुलाई पाठयक्रम तथा शिक्षक निर्देशिका उपलब्ध गराउने, (उद्देश्य १ र ३(
२. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गर्ने, (उद्देश्य २(आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय बनाइ सुधार गर्ने । (२ उद्देश्य)
३. समय सापेक्ष, सान्दर्भिक, गुणस्तरीयस्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने । (४ उद्देश्य)
४. पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाउने । (५ उद्देश्य)
५. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय अपनत्व रजवाफदेहिता सिर्जना गर्ने ।
६. व्यवहारिक स्थानीय पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने र प्रभावकारिताका आधारमा निरन्तरता प्रदान गरिने । (५ र ४ उद्देश्य)
७. स्थानीय पाठ्यक्रममा विपद्, जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी विषयवस्तु समावेश गरी पठनपाठन गराउने, (उद्देश्य ४(
८. प्रारम्भिक कक्षाहरुमा पाठ्यक्रम अनुरुपको सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा, बहुभाषा र स्थानीय भाषालाई प्राथमिकता दिइने ।(उद्देश्य ५(
९. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने ।उद्देश्य ५(
१०.स्थानीय पाठयक्रम कार्यान्वयको सवालमा राष्ट्रिय पाठयक्रमको ढाँचा अनुरुप कक्षा १–३ मा शतप्रतिशत आन्तरिक मूल्यांकन तथा कक्षा ४–८ मा ५० प्रतिशत निरन्तर मूल्यांकन र ५० प्रतिशत आन्तरिक मुल्यांकन मार्फत विशेष ढाँचा निर्माण गरी सूचकमा आधारित बनाउने । उद्देश्य ५(

११.विपद् तथा महामारीको समयमा विद्यालयको रुपमा सिकाइ आपुरण योजना कार्यान्वयन कार्यक्रमनिर्माण गर्ने ।५ उद्देश्य))

## ४.२.५ अपेक्षित उपलब्धि, र नतिजा

उपलब्धि

१. राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनमा विशेषतः एकीकृत पाठ्यक्रम, निरन्तर मूल्याङ्कन, विशेष सिकाइ क्षेत्र अन्तर्गतको शिक्षण सिकाइ व्यवस्थापन प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने ।

२. विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम आवश्यकतामा आधारित, सान्दर्भिक बनाइने तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुनेछन्।

३. स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकरात्मक सोचभएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग पुग्नेछ ।

४. नतिजा

५. सबै विद्यालय र बाल विकास केन्द्रमा पाठक्रम र शिक्षक निर्देशिका उपलव्ध भएको र प्रयोगमा आएको हुनेराष्ट्रिय पाठयक्रम प्रारुप बमोजिम शौक्षिक गतिविधिहरु तथा मूल्याङकन प्रणाली प्रभावकारी र व्यवस्थित हुने,

६. शैक्षिक सत्र २०८४ सम्म स्थानीय पाठ्यक्रमकक्षा १ देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने

७. ,प्रारम्भिक बालविकास शिक्षा देखि आधारभूत तहमा आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने ।

८. शिक्षण सिकाइको मूल्याङ्कन प्रभावकारी र व्यवस्थित हुने ।

९. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय रुपमा सन्दर्भ सापेक्ष र प्रभावकारी हुने ।स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने ।

१०.प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य विवरण फायल खडा भएको हुने ।

## ४.२.६.प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | भौतिकलक्ष्य | | | | | | | | कार्यान्वयनतह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाइ | आधावर्ष | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को प्रभावकारी कार्यान्वयन | विद्यालय संख्या | ३२ | निन्त | | | | | | |

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | भौतिकलक्ष्य | | | | | | | | कार्यान्वयनतह |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ईकाइ | आधाबर्ष | १ | [illegible] | [illegible] | ४ | ५ | जम्मा | |
| | लागिअभिमुखीकरण | | | | | | | | | |
| २ | स्थानीय पाठयक्रम र पाठय पुस्तक निर्माण तथा कार्यान्वयन | तहगत | | कक्षा १-३ | कक्षा ४-५, | कक्षा६-८ | | | | |
| ३ | स्थानीय पाठयक्रम प्रर्वधिकरण | तहगत | | कक्षा १-३ | कक्षा ४-५, | कक्षा६-८ | | | | |
| ४ | पाठयक्रमको सुधार तथा परीमार्जन | पटक | | | | | १ | | | तहगत रुपमा |
| ५ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | | १ | १ | १ | १ | १ | | |
| ६ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकासकार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | | |
| ७ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.३.शैक्षिक समता र समावेशिकरण

### ४.३.१ वर्तमान अवस्था

शिक्षामा समानता (Equity) र समावेशीकरण (Inclusion)ले सबै व्यक्तिलाई जात, धर्म, लिङ्ग, भाषा, शारीरिक वा मानसिक अवस्था, आर्थिक अवस्था, भौगोलिक क्षेत्र, वा सामाजिक अवस्था जस्ता कुनै पनि भिन्नता बिना शिक्षा प्राप्त गर्ने समान अवसर र पहुँच सुनिश्चित गर्नु हो। यसले प्रत्येक व्यक्तिको आवश्यकता र विशेषतालाई ध्यानमा राख्दै गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न मद्दत गर्दछ। समानता शिक्षा क्षेत्रको यस्तो अवस्था हो, जहाँ हरेक विद्यार्थीलाई बराबरीको आधारमा शिक्षा प्राप्त गर्ने अवसर दिइन्छ। समावेशीकरण भनेको कुनै पनि कारणले शिक्षा प्राप्त गर्नबाट बञ्चित भएका व्यक्तिलाई शिक्षाको मूल प्रवाहमा समावेश गराउनु हो। यसले सबै विद्यार्थीलाई समानरूपले शिक्षण सिकाइ प्रक्रियामा सहभागी गराउन मद्दत गर्दछ। विशेष गरी महिला, अपाङ्गता भएका व्यक्ति, आर्थिक रूपमा विपन्न, जातीय अल्पसंख्यक, र सामाजिक रूपमा पिछडिएका समुदायलाई विशेष प्राथमिकताका साथ शिक्षामा समावेश गरिन्छ। नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति—२०७६, र अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन—२०७५ र शिक्षामा समता रणनितिले सबैलाई समान शैक्षिक अवसर सुनिश्चित गर्ने प्रावधान गरेको छ। विशेष गरी अपाङ्गता भएका, सिमान्तकृत, र आर्थिकरूपले पिछडिएका समुदायलाई छात्रवृत्ति, नि:शुल्क शिक्षा, र अतिरिक्त शैक्षिक सहयोग प्रदान गर्ने व्यवस्थातथा कार्यक्रमहरु लागु गरेको छ । उदाहरणका लागि दिउँसो खाजा, पाठ्यपुस्तक सहित नि:शुल्क शिक्षा, अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सिमान्तकृत

बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्ति समतामूलक र समावेसी पहुँचका लागि योगदान गरेका छन्। यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाउने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेसी व्यवस्था, विद्यालय भर्नाको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ। यसै सन्दर्भमा गुजरा नगरपालिका सामाजिक, आर्थिक, र सांस्कृतिक विविधता भएको नगरपालिका हो। यहा मिश्रित किसमका नागरिकहरुको वसोवास रहेको छ। त्यसै गरि ३७ प्रतिशत बजिका, २२ प्रतिशत थारु १६ प्रतिशत उर्दु भाषा वोलने गरेका पाईन्छ । यस नगरपालिकामा३६.३ प्रतिशत मुसलमान, २३.३ प्रतिशत थारु जातिको वहुलयता रहेका छन् भने सव भन्दा कानु कलवार १.३ प्रतिशत जनसंख्या रहेको जाति जाति हो। यहाको हिन्दु र ईसलाम धर्म मान्ने समुदायहरूको बाहुल्य रहेको छ भने अन्य धर्महरु यस पछि छन् । यहा अधारभुत कक्षामा ०.१ प्रतिशत मात्र अपाङ्गता बालबालिकाहरु रहेकाछन्। भने यहा को नागरिक ६० प्रतिशत साक्षर रहेका छन् । अरु विवरणहरु तालिकामा प्रस्तुत गरिएको छ।

दलित विद्यार्थी विवरण

| तहगत दलित विद्यार्थी | २०८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|
| आधारभूततह (कक्षा १-५) मा दलित बिद्यार्थीकोप्रतिशत | १९.४ | २१ | २३ | २६ | २८ |
| आधारभूततह (कक्षा ६-८) मा दलित बिद्यार्थीकोप्रतिशत | १४.८ | १७ | १९ | २१ | २४ |
| आधारभूततह (कक्षा १-८) मा दलित बिद्यार्थीकोप्रतिशत | १८.२ | २० | २२ | २५ | २८ |
| माध्यमिकतह (कक्षा ९-१०) मा दलित बिद्यार्थीकोप्रतिशत | १३.४ | १५ | १६ | १८ | २० |
| माध्यमिकतह (कक्षा ११-१२) मा दलित बिद्यार्थीकोप्रतिशत | ११.६ | १२ | १३ | १३ | १४ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

तहगत अनुसारको लैङ्गिक समता सूचकाङ्कको विवरण

| क.स. | सूचक | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचाङ्क (GPI in ECED GER) | ०.९८ | |
| २ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांकसूचाङ्क (GPI in ECED NER) | १.०८ | |
| ३ | कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचाङ्क(GPI in GIR) | १.०९ | |

| | | | |
|---|---|---|---|
| ४ | कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क (GPIin NIR) | १.७ | |
| ५ | आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समतासूचाङ्क (GPIin GER) | .०५ | |
| ६ | आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क (GPI in NER) | १.० | |
| ७ | माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समतासूचाङ्क (GPIin GER) | १ | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.३.२ चुनौतिहरु

१. सबै भाषा भाषिक, र्धम-सँस्कृति तथा विभिन्न किसिमले अपाङ्गता भई शिक्षाको अवसरबाट वञ्चित भएका हरुलाई वरावर अवसर नहुनु वा विशेषविद्यालयको व्यवस्था नहुनु ।

२. लैङ्गिक विभेद हिंसामा परेका बालवालिका तथा महिलालाई समानता गर्ने तिर अग्रसर गराउनु नसक्नु ।

३. सवैको मनोभावना तथा उच्च राख्न तथा प्रतिस्पिर्धि जनशक्ति उत्पादन गर्न नसक्नु ।

४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न नसक्नु ।

५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्याउन नसक्नु ।विद्यालयमा विभेदरहित बालमैत्री बनाउन नस्कनु ।

६. लैङ्गिकसमानता कायम गर्न नसक्नु ।

७. अपाङ्गता भएका वालबालिकाहरुलाई शिक्षाको मूल धारमा ल्याउनको लागि विशेष विद्यालय, स्रोत कक्षा संचालन गर्न नसक्नु ।

८. अपाङ्गता मैत्री र विपन्न समुदायको विद्यार्थीहरुको लागि बिशोष प्रोत्साहन गर्न नसक्नु ।विद्यालय बाहिर रहेका र शिक्षाको मुल धारमा आउन नसकेको सत प्रतिशत बालबालिकाहरुलाई विद्यालयमा ल्याउन नसक्नु।

९. प्रत्येक विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति तोक्न नसक्नु ।लैङ्गिक उत्तरदायि बजेटको प्रतिशत कायम गर्न नसक्नु ।

## ४.३.३ उद्देश्यहरु

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका सिमान्तकृत समुदायको बालबालिकालाई शिक्षामा पहुँच पुर्याई गुणस्तरीय शिक्षाको सुनिश्चिता गर्ने ।

२. लक्षित वर्गको सिकाई उपलव्धिमा बृद्धि गर्ने ।

३. ३२ वटा शौक्षिक संस्थाहरुमा शैक्षिक सुशासन कायम गर्ने ।

४. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र बालमैत्री बनाउने ।

५. लैङ्गिक समता सूचकाङ्क मिलाउन महिला शिक्षकको संख्या बृद्धिमा गर्ने ।

६. किशोरी शिक्षामार्फत अधारभुत तह [illegible] कक्षासम्म विद्यालय बाहिर रहेका ८-बिद्यालय १प्रतिशत ६.५४ कक्षाका १२- बाहिर रहेको बालबालिकाहरुलाई शिक्षामा मुल प्रवाहिकरण र दिगो निरन्तरता ।

७. शिक्षामा समता तथा समावेशि नितिबाल ,बालिका समावेशि शिक्षा सञ्जालसंग सम्वन्धित नितिहरुको कार्यान्वयन गर्नु ।

### ४.३.४ रणनीति

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि अनौपचारिक तथा बैकल्पिक सिकाई माध्यबाट शिक्षाको मुल धारमा ल्याउने।

२. विद्यालयहरूमा लैङ्गिक, अपाङ्गता र बालमैत्री भौतिक सँरचना लगायत अन्य पूर्वाधारहरुको व्यवस्था गरीसिकाइ अनुकुल वातावरणको विकास गर्ने ।

३. आवश्यकता अनुसारको आवासीय विद्यालयको व्यवस्था गर्न र पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गर्ने।

४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गर्ने। आधारभूत तहमा स्थानीय पाठयक्रम मार्फत मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने ।

५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने। हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने ।

६. योग्यता र क्षमताको आधारमा शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

७. अपाङ्गता भएका बालबालिकाहरुको लागि स्रोतकक्षा र पर्याप्त मात्रामा स्रोत सामाग्रीको व्यवस्था गर्ने ।

८. अपाङ्गता भएको बालबालिकाहरुलाई शिक्षा प्रदान गर्नको लागि शिक्षकलाई दोभाषे तालिम प्रदान गर्ने ।

९. संघिय सरकार, प्रदेश सरकारले व्यवस्था गरेको छात्रवृतिको अलवा स्थानीय सरकारले आफ्नो अवस्थाआवश्यकताको आधारमा छात्रबृत्ति निश्चित आधार सृजना गर्ने र निरन्तरता दिने ।

१०.सिकाई क्रियाकलापलाई सहभागीतामुलक तथा उपलब्धि मुलक बनाई विद्यार्थीको आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्ररकारको दुर्व्यबहार बहिष्करण,हेपाई नहुने सुनिश्चितता सहितबाल मैत्रि विद्यालय सृजना गर्ने।

११.पाठयक्रममा स्थानीय भाषा, साँस्कृति, भुगोल, वातावरण वृहत यौनिक शिक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धि विषय बस्तु समावेश गर्ने ।

१२.स्थानीय स्रोत साधन र विज्ञहरुलाई प्रयोग गर्ने ।

१३.शिक्षक शिक्षिका बालबालिकाहरुलाई समय समयमा Health Check-Upव्यवस्था गराईने। साथै Early Screening कार्यलाई विद्यालयमा निरन्तरता दिने ।

## ४.३.५ अपेक्षित उपलब्धि र नतिजा

**उपलब्धी**

१. लक्षित समुहको शिक्षामा समतामुलक पहुँच सुनिश्चित भई सिकाई उपलब्धिमा सुधार भएको हुनेछ ।

२. सबै विद्यालयमा प्रविधिमैत्री वातावरण सृजना भएको हनेछ जहा बाल मैत्री अपाङ्गता मैत्री,विद्यालय बाहिर रहेका बालबालिकाहरु सत प्रतिशत विद्यालयमा आएका हुनेछन् साथै कक्षा दोहोरिने,कक्षा छाडने दर शुन्य प्रतिशतमा भएको हुनेछ।

३. विपद्को वेला पनि बालबालिकाहरुको सिकाइ निरन्तरता सुनिश्चित भएको हुनेछ ।

४. सबै विद्यालयहरुमा लैङ्गिक सम्पर्क शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

**नतिजा**

| क. स. | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | Disability बालबालिकाकोEarlyScreaningलाई विद्यालयमा निरन्तरता दिने | ३२विद्यालय | ३२विद्यालय | ३२विद्यालय | ३२विद्यालय | ३२विद्यालय | ३२विद्यालय | |
| २ | दलित, विपन्न र सिमान्तकृत बालबालिकामा छात्रावृति प्रदान गरीविद्यालयमा निरन्तरता गराउने | २५प्रतिशत | ४० प्रतिशत | ६० प्रतिशत | ८० प्रतिशत | १०० प्रतिशत | १०० प्रतिशत | |
| ३ | विद्यालयमा अपाङ्गता मैत्री शौचाल निर्माण | ६ विद्यालय | २ विद्यालय | ३ विद्यालय | २ विद्यालय | २ विद्यालय | | १५विद्यालय |
| ४ | विशोष स्रोत विद्यालय सम्बन्धन र सञ्चालन | ० विद्यालय | | १ विद्यालय | | १ विद्यालय | | |
| ५ | लैङ्गिकसम्पर्क शिक्षक तोक्ने र निरन्तरता दिने | १४विद्यालय | १४विद्यालय | ० | ० | ० | ० | १४विद्यालय |
| ६ | लैङ्गिक अनुपात लाई सन्तुलन कायम गर्ने | १.०७प्रतिशत | १.०५ प्रतिशत | १.०३ प्रतिशत | १.०२ प्रतिशत | १ प्रतिशत | | |
| ७ | विद्यालय बाहिर रहेका बालबालिका हरुलाई विद्यालय मा भर्ना | ९.५ प्रतिशत | ६ प्रतिशत | ३ प्रतिशत | १ प्रतिशत | ० प्रतिशत | ० प्रतिशत | |
| ८ | आधारभूत तहमा लैङ्गिक समता सूचक सन्तुलन गर्न किशोरी शिक्षाको मुलप्रवाहमा ल्याउने र टिकाउने | निरन्तर | | | | | | |
| ९ | माध्यमिक तहमा लैङ्गिक समता सूचक शिक्षा मार्फत शिक्षाको मुलप्रवाहमा ल्याउने र टिकाउने | निरन्तर | | | | | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

### ४.३.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | लैङ्गिक सम्पर्क शिक्षक तोक्ने | पटक | ८ | ० | ० | ० | ० | १२ | १२विद्यालय | ४ विद्यालयमा IGFTहेको |
| २ | लैङ्गिक सम्पर्क शिक्षकविभिन्नतालिम मार्फत क्षमता विकास | आवश्यकताअनुसा | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | मनोसामाजिक परामर्श | निन्त १२ विद्यालयमा पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ४ | शिक्षाको अवसरबाट बञ्चित हुनाकाकारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शिक्षाको अवसर प्रदान | संख्या | | १ | १ | १ | १ | ५ | | बार्षिक संख्या तोक्ने |
| ५ | बालबालिकाको परीक्षण गरीअपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | बालबालिकाहरूको सिकाइ आवश्यकताअनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासकाकार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | शिक्षामा समता र समावेशीकरणकाक्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघसंस्थाहरू बिच जवाफदेहिता सहितकोकार्यगत समन्वय | निरन्तर | १ | | १ | १ | १ | ५ | | |
| ८ | निर्देशिका अनुसार छात्रवृत्तिकालागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण | विद्यार्थीसङ्ख्या | | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | विशेष स्रोतकक्षाको संचालन | सख्या | 0 | 0 | ९ | 0 | ९ | २ | | |
| १० | विद्यालयमा लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री शौचालय निर्माण | विद्यालय संख्या | | ४ | २ | ३ | | | | १२ओटा |
| ११ | विभिन्न सँघ सँस्थाहरु रसामुदायिक सिकाई केन्द्रसँग समन्वय गरी विद्यालय बाहिर रहेका बालिकाहरुलाईकिशोरी शिक्षा संचालन | वडागत केन्द्र | | ९ | ९ | ९ | ९ | ९ | ९ | |
| १२ | दिवा खाजालाई माध्यमिक तह सम्मविस्तार गर्ने | विद्यालय | | १२ | १२ | १२ | १२ | १२ | १२ | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

# ४.५ सकाटकालीन तथा आपतकालीण अवस्थामा शिक्षा

## ४.५.१ वर्तमान अवस्था

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency) को उद्देश्य बालबालिकाको शिक्षामा अवरोध नआओस् भन्नका लागि जोखिमको पूर्व तयारी, तत्काल व्यवस्थापन, र पुनःस्थापनाको योजना बनाउनु हो। यस अवधारणाले संकट, द्वन्द, महामारी, र प्रकोपका कारण शिक्षामा पर्न सक्ने प्रभावलाई न्यून गर्न र बालबालिकालाई सुरक्षित वातावरणमा शिक्षा दिने उपायहरू समेट्छ। बाल अधिकारको मान्यतालाई आधार मान्दै अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय कानुन तथा नीतिहरूले संकटका बेला शिक्षालाई प्राथमिकता दिएका छन्। गुजरा पनि प्रकोप व्यवस्थापन र संकटका समयमा शिक्षालाई सुनिश्चित गर्न दीर्घकालीन योजना र आवश्यकबजेटको व्यवस्थापन हुन सकेको छैन। त्यसै गरि विपद पूर्वतयारिका योजना निर्माण,विद्यालयमा फोकल शिक्षक, विभिन्न अभ्यास ड्रिल जास्ता पुर्व तयारिका क्रियाकलाप हुन सकेका छैन, जसले जोखिम त्यति कै रहेको छ। २०७२ को भूकम्प, कोभिड-१९ महामारीजस्ता घटनाबाट पाठ सिक्दै शिक्षा योजना (२०७८-२०८७) मा आगामी १० वर्षका नीति, कार्यक्रम र कार्यान्वयन ढाँचा पनि पालिका मा समेटिएको छैन। असिना, आगलागी, चट्याङ, अतिवृष्टि, खडेरी, दुर्घटना, अति चिसो आदि प्रकोपबाट बच्न पूर्वसावधानी, जानकारी र तयारी आवश्यक छ। महामारीजस्तै झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड, बर्डफ्लू, स्वाइन फ्लू, कोभिड आदि रोकथाम, उपचार र वैकल्पिक शिक्षण उपायहरूको तयारी पनि जरुरी हुन्छ। गुजरा नगरपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापनका लागि लागि परेको छ। यसमा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक र व्यवहारिक ज्ञान प्रदान गर्दै विपद्को

पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण, र पुनर्लाभका कार्यक्रमहरू विद्यालयहरूको वार्षिक कार्यतालिकामा समावेश गर्ने व्यवस्था गरिएको छ। विद्यालयमा हेपाइ, हिंसा, असुरक्षा, भय, विभेदजस्ता गैरसंरचनात्मक जोखिम न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक, र समुदायका सदस्यहरूको सहकार्यमा बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री, र हिंसा रहित सुरक्षित सिकाइ केन्द्रको विकासमा जोड दिइएको छ। कोभिड-१९ ले शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्न नगरपालिकाले शिक्षण सिकाइको प्रभावलाई कम गर्न र वैकल्पिक माध्यमबाट बालबालिकाको सिकाइ निरन्तरता सुनिश्चित गर्न नीतिगत र कार्यक्रमिक प्रयास गरिरहेको थियो। यसका साथै, आपतकालीन अवस्थाले शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, स्रोत साधन, र व्यवस्थापनका लागि आवश्यक पेसागत क्षमताको विकासमा ध्यान दिनुपर्ने आवश्यकता पहिचान गरिएको छ। आपतकालीन तयारी, प्रतिकार्य, र पुनर्निर्माणका लागि भरपर्दो प्रणाली विकास गर्नु पर्ने आजको अवश्यकता हो ।

### ४.५.१.१ चुनौतहरु

१. आपतकालीन अवस्थालाई शिक्षा क्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा सम्बोधन गर्ने कि छुट्टै विधा बनाएर सम्बोधन गर्ने।
२. आपतकालीन अवस्थाका लागि छुट्टै योजना बनाउने कि समग्र योजनामा समेट्ने। योजना प्राकृतिक प्रकोपमा मात्र सीमित गर्ने कि महामारी, सामाजिकसांस्कृतिक समस्याहरू-, तथा राजनीतिक द्वन्दबाट सिर्जना हुने अवरोधलाई समेत समेट्ने।
३. समय, स्वरूप, र मात्राको एकीन भविष्यवाणी गर्न नसकिने घटनाहरूलाई योजनामा कसरी समावेश गर्ने।
४. योजना तत्कालिक बनाउने कि दीर्घकालिक र दिगो विकासलाई ध्यानमा राखेर बनाउने। सीमित स्रोत र समयलाई कसरी उपयोग गर्ने तथा यसका लागि को जिम्मेवार हुने।
५. सबै प्रकारका सम्भावित संकटकालीन अवस्थालाई प्रभावकारी रूपमा सम्बोधन गर्ने रणनीति निर्माण।
६. कतिपय पुरानो भौतिक संरचनाहरु जोखिमपुर्ण रहेका ।

### ४.५.२ उद्देश्य

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्वसावधानी र तयारीको वातावरण तयार गर्नु ।
२. सम्भावित सङ्कटको सामना गर्नु अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु ।
३. सङ्कटको प्रतिकार्यको संयन्त्र र योजना र कार्यढाँचा तयार गर्नु ।
४. अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नु ।
५. विद्यालय स्तरिय विपद जोखिम न्युनिकरणका लागि फोकल शिक्षक तोक्ने र क्षमता अभिवृद्धि गर्ने ।

### ४.५.३ रणनीति

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा संकटहरूको पूर्वानुमान गरी संकटासन्नताको मात्रा र प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ।

२. संकटासन्नताको मूल्याङ्कनका आधारमा गुजरा नगरपालिकाले बृहत् प्रतिकार्य योजना तयार गर्नेछ, र विद्यालयहरूले आआफ्ना विशेष योजना बनाउनेछन्। -

३. पालिका स्तरिय शिक्षा कलस्टर समूहको निर्माण गरि परिचालन गरिने छ।

४. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण र पुनर्स्थापन गरिनेछ।

५. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक, र अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ। विद्यार्थी, शिक्षक, अभिभावक, र स्थानीय सरकारका सदस्यहरूको तयारी, रोकथाम, प्रतिकार्य, र पुनर्स्थापनका लागि क्षमता विकास गरिनेछ।

६. विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य, र पुनर्स्थापनका लागि गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोग परिचालन गरिनेछ।

७. परम्परागत ज्ञान, सिप, र अनुभवलाई समयानुकूल पुनर्व्याख्या गर्दै प्रयोगमा ल्याइनेछ। विद्यालय स्तरिय विपद तयारि तथा प्रतिकार्यका अभ्यास गराई विपद जोखीम न्युनिकरण गरिने छ।

८. प्राकृतिक विपद्, महामारी, र शान्ति सुरक्षासम्बन्धी कार्यमा संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य तथा समन्वय गरिनेछ प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइने छ।

९. विपदका कारणले सिर्जना हुने मनोसामाजिक समस्या समाधानका लागि परामर्श सेवा प्रदान गरिने छ ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षाको निरन्तरताको सुनिश्चित हुने।

२. सम्भावित जोखिमहरु न्युनिकरण भएको हुनेछ।

३. विद्यालयमा विपद जोखीम न्युनिकरण सम्वन्धित फोकल शिक्षकले जिम्वारी वहन गरि वेला वेलामा अभ्यास द्धरा सवैको लागि अभ्यस्त गरिएको हुनेछ।

४. विद्यालयमा विपद जोखिमबाट बच्न अवस्थाको विश्लेषण गरि सुरक्षित रहन सक्ने क्षमतार चेतना विकास बालबालिका तथा शिक्षकहरुमा भएको हुने ।

५. विद्यालयमा Assembly areaतोकिएकोप्रतिकार्य योजना निर्माण बनाई लागु गरिएको हुने छ। .

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई जीवन- | ६ | ६ | ६ | ६ | ६ | ६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सीपसहित कोभिड र विपद् जोखिम न्यूनीकरण अभिमुखीकरण सञ्चालन गर्ने माध्यमिक विद्यालय संख्या। | | | | | | |
| २ | हरितविद्यालय सँख्या | १ | १ | १ | १ | १ | १ |
| ३ | जलवायुपरिवर्तनतथादिगोविकासनिम्तिशिक्षाजस्ताकार्यक्रमहरुकार्यान्वयनगर्नेविद्यालय सँख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ४ | स्थानिय स्तरमा शिक्षा समुहको गठन | ० | १ | ० | ० | ० | ० |
| ५ | विपद प्रतिकार्य योजना | १४ | १४ | १४ | १४ | १४ | १४ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | मनोसामाजिक परामर्श तालिम संचालन | आवस्यकता अनुसार | | | | | | | | |
| २ | विपद सम्वन्धि विद्यालय स्तरिय विपद योजना निर्माण | वटा | ६ | ६ | ६ | ६ | ६ | ३० | | |
| ३ | पालिका स्तरिया विधालय शिक्षा सहयोग विपद कोषको स्थापना | वटा | १ | १ | १ | २ | १ | ६ | | |
| ४ | विधालयको भौतिक अवस्था अनुसारको वैकल्पिक सिकाई को व्यवस्था | आवश्यकता अनुसार | | | | | | | | |
| ५ | उदार कार्यका लागि खटिने स्वयंसेवकको लागि तालिम | जना | २० | २० | २० | २० | २० | १०० | | |
| ६ | विद्यालय स्तरिय simulation, drillअभ्यास | पटक | १४ | १४ | १४ | १४ | १४ | ७० | | |
| ७ | पालिका र वडा स्तरिय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | | | | | | | | |
| ८ | वडा तथा विद्यायल स्तरिय सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ९ | विपद व्यवस्थापनका लागि चाहिने उपकरण तथा समाग्रिहरुको व्यवस्थापन | निरन्तर | | | | | | | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.६ विद्यालयको भौतिक पुर्वाधार र विकास

### ४.६.१ वर्तमान अवस्था

विद्यार्थीको गुणस्तरिय सिकाईका लागी उपयूक्त वतावरण हुनु त्यतिकै जरुरी छ । गुजरा नगरपालिका भित्र जम्मा ३२ वटा विद्यालयहरु रहेका छन् र केही निजि विद्यालयहरु पनि रहेका छन। सबै सामुदायिक विद्यालयहरूमा सबैविद्यालय भवनहरु पक्की छैनन्। भएका भवनहरु पनि अपाङ्गता मैत्री छैनन्। प्रधानाध्यापकका लागि बेग्लै कोठा भएपनि सुविधा सम्पन्न छैनन्। सबै विद्यालयमा अलग्गै कम्प्युटर कोठाको समेत अभाव छ। यसपालिकाका सबै विद्यालयहरूमा शौचालय भएपनि धेरै जसोमा पानीको राम्रो आपूर्ति देखिदैन। स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छैन। खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पुर्वाधारहरुको अभाव रहेकोछ। त्यसैगरी धेरै जसो विद्यालयहरूमा अलग्गै विज्ञान तथा अन्य ल्यावका कोठाहरूको अभाव देखिन्छ। विद्यालयहरूमा विद्यार्थीहरूको पठन पाठनमा सहजहुने खालका कक्षाकोठाहरू, छात्राका लागि अलग्गै शौचालय समेत हुन सकिरहेको छैन। राष्ट्रियशिक्षानीति, २०७६ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खेल कूद कक्ष, विद्यालय सभाहल, मञ्च, बगैंचा, कम्प्युटर कक्षा, शिक्षक कक्षा, प्रशासन कक्षा, प्रधानाध्यापक कक्षा) के-कति आवश्यक पर्ने र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश, स्थानीय सरकार, कसले कसरी लिने भन्ने विषय अन्यौल देखिन्छ। त्यसतै निजि विद्यालहरुमा मापदण्ड अनुसारको त झनै केहि पनि देखिदैन ।

#### ४.६.१.१ चुनौतिहरु

१. विद्यालयका लागि भौतिक पूर्वाधारको स्वरुप स्पष्ट पार्नु ।

२. पूर्वाधारहरूलाई जोखिममुक्त, अपाङ्गता मैत्रि र सुरक्षितविद्यालयकोभौतिकपूर्वाधार बनाउनु। उपयुक्त मापदण्ड र मोडालिटी अनुसार संरचना तयार गर्नु ।

३. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि गुरु योजना विकास गर्नु ।

४. भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक स्रोतहरू पहिचान तथा व्यवस्थापन गर्नु ।

### ४.६.२ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।

२. विद्यालय भौतिक पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु ।

### ४.६.३ रणनीति

१. विद्यालयको तह र विद्यार्थी संख्याका आधारमा आवश्यक पर्ने विद्यालय पूर्वाधारको यकिन गरिनेछ।

२. पूर्वाधार विकासको लागि विद्यार्थी संख्याको प्रक्षेपण, भूगोल, हावापानी तथा लागतको आधारमा मापदण्ड विकास गरिनेछ। पूर्वाधार विकासका लागि संघ, प्रदेश, स्थानीयतहको लागत साझेदारीका आधारमा स्रोतव्यवस्थापन गरिनेछ।

३. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था एवं निकायहरूको पहिचान तथा लागत साझेदारी गरिनेछ।

४. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (Wash सुविधा सहितको), क्यान्टिन, प्रयोगशाला, पुस्तकालय, सभाहल, खेल कूदकक्ष, प्राथमिक उपचार कक्ष, परामर्श कक्ष आदि सबैको योजना समावेशगरी डिजाइन तयार गरिनेछ।

५. विद्यालय घेरा बार र चिल्ड्रेन पार्क तथा खेल मैदान निर्माण गरी विकास तथा विस्तार गरिनेछ विद्यालयलाई हरित विद्यालयको रुपमा विकास गरिनेछ। विद्यालयलाई सुरक्षित बनाउन आवश्यक तानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत संभार गर्ने । "विद्यालय हाम्रो :बनाउँ राम्रो" भन्ने नारालाई आत्म साथ तथा कार्यान्वयन गरिनेछ।

### ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने।

२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुने ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | १ | १ | १ | २ | १ | १ |
| २ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सँख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | १० | १० | १० | १० | १० | १० |
| ४ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सँख्या | ३ | ३ | ३ | ३ | ३ | ५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | १ | १ | १ | १ | १ | १ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय स्तरिय पूर्वाधार विकास गुरु योजना निर्माण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| २ | विद्यालय भवन निर्माण | सङ्ख्या | १ | ३ | २ | ३ | १ | १० | १० | |
| ३ | विद्यालयहरूको सबलीकरण | विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ४ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ५ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

| क्रसं | प्रमुखक्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | भौतिक लक्ष्य(१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ६ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | बाल मैत्रि , अपाङ्गता मैत्रीर प्रविधि मैत्रिसंरचना निर्माण | वटा | १ | २ | ३ | ३ | २ | १ | १२ | |
| ८ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | निरन्तर | | | | | | | | |
| ९ | एक विद्यालय एक वगैचा कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | ५ | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.७ शिक्षामा सूचना र प्रविधि

### ४.७.१ वर्तमान अवस्था

शिक्षामा प्राविधिकको प्रयोगले शिक्षण सिकाइलाई प्रभावकारी, सहज र समावेशी बनाउँछ। डिजिटल उपकरण, अनलाइन प्लेटफर्म, र प्रविधिमार्फत शिक्षामा पहुँच बढाउनुका साथै व्यक्तिगत आवश्यकताअनुसार सिकाइको अवसर प्रदान गर्न सकिन्छ। प्रविधिको प्रभावकारी प्रयोगले गुणस्तरीय शिक्षा, समय बचत, र नवीन विधिहरूलाई प्रोत्साहन गर्दै शिक्षालाई आधुनिक र प्रासङ्गिक बनाउँछ।यसै सन्दर्भमा गुजरा नगरपालिकाको वर्तमान अवस्थामा सबै सामुदायिक विद्यालय माइन्टरनेटको व्यवस्था छ।सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्वन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय योजनामा उल्लेख गरिएको छ।हाल मल्टिमिडिया समेतको सुविधा भएका, स्मार्टवोर्ड भएको ४ वटा विद्यालय छन्।गुजरा नगरपालिकाका सबै विद्यालय माविद्युतको पहुँच छ ।कम्प्युटर प्रयोगशाला ६ वटा विद्यालयमा छन्।साथै ५ वटा विद्यालयहरूमा CCTV Camera जडान गरिएको छ भने सबै सामुदायिक विद्यालयहरूमा रमाइलो पढाइ कक्षाका लागि स्मार्ट टिभी र प्रशासनिक काम कार्यको लागि ११ वटा डेस्कटप कम्प्युटर रहेको छ।गुजरा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका कक्षा ८ संचालित आधारभूत विद्यालय र माध्यमिक विद्यालयहरूमा विद्यार्थी परिचयपत्र, शिक्षक परिचयपत्र, परीक्षातालिका, विद्यार्थी प्रगति प्रतिवेदन जस्ता विवरणहरू डिजिटल प्रविधिको प्रयोग गरी विकास गर्ने अभ्यास शुरू गरेको छ।

#### ४.७.१.१ चुनौतिहरु

१. कक्षाकोठामा विषय र माध्यमका रुपमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि शिक्षण संस्थाहरुमा द्रुत गतिको इन्टरनेट सेवाको विस्तार गर्नु ।
२. डिजिटल प्रविधिको सदुपयोगको सुनिश्चितता गर्नु ।
३. दक्ष जनशक्तिको विकास गरी सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण विधिका रुपमा कक्षाकोठामा प्रयोग गर्नु ।
४. शिक्षक तथा प्रशिक्षकलाई नियमित रुपमा सूचना प्रविधिमा आधारित तालिमको सञ्चालन तथा व्यवस्थापन गर्नु ।

५. अभिभावक तथा व्यवस्थापन समितिका पदाधिकारीहरु सूचना तथा सञ्चार प्रविधिमैत्री बन्नु ।
६. सूचना प्रविधि सम्बन्धी उपकरणको व्यवस्था, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु ।
७. सूचना प्रविधिको प्रयोगबाट समता अभिबृद्धि र डिजिटल डिभाइड कम गर्नु ।
८. सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु ।
९. शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु ।

## ४.७.२ उद्देश्य

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन । सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।
२. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा समतामूलक पहुँच पुर्याउनु ।
३. शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज, छिटो, छरितो, सस्तो र पारदर्शी बनाउनु ।
४. विद्यालय शिक्षाको सिकाइ र मूल्याङ्न प्रक्रियामा प्रविधिको प्रयोग गरी सिकाइ उपलब्धी वृद्धि गर्नु बालबालिकालाई आधुनिक सूचना तथा प्रविधिको ज्ञान तथा जीवनोपयोगी सीप प्रदान गर्नु ।

## ४.७.३ रणनीति

१. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रवन्ध गरिनेछ ।
२. हरेक आधारभूत र माध्यमिक विद्यालयमा सिसि टिभी क्यामराको माध्यमबाट कक्षाकोठाको गतिविधी अवलोकन गर्ने व्यवस्था मिलाइनेछ ।
३. हरेक विद्यालयहरुले विद्यालयका सम्पुर्ण शैक्षिक विवरणहरु डिजिटल प्रविधिको प्रयोग गरी व्यवस्थित गर्नेछ ।
४. अभिभावकहरुले आफ्ना बालबालिकाको प्रगति प्रतिवेदन लागायतको अन्य विवरणहरु मोबाइलबाटै हेर्ने ब्यवस्था मिलाइनेछ ।
५. कम्प्युटर सञ्चालन सम्बन्धी सीप नभएका प्रधानाध्यापक तथा शिक्षकको क्षमता विकास गरिनेछ ।
६. संकटको बेलामा पनि शिक्षण सिकाइ सञ्चालन गर्न पालिका स्तरमा बैकल्पिक सिकाइ सहजीकरणको व्यवस्था मिलाइनेछ ।
७. सबै विद्यालयमा प्रविधिमैत्री शिक्षणको लागि चाहिने न्यूनतम सामग्रीको व्यवस्था गर्दै प्रविधिमैत्री शिक्षण गरिनेछ ।
८. विद्यालयको नियमित शैक्षिक गतिविधिहरुको जानकारी सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइनेछ ।

९. सिकारु केन्द्रित शिक्षण सिकाइ प्रभावकारी रुपमा सञ्चालन गर्न तथा व्यक्तिले सहजै प्रयोग गर्न सक्ने सामग्रीहरु जस्तै ट्याब्लेट, स्मार्ट फोन, मोवाईल आदिको प्रयोगमा जोड दिइनेछ ।

१०. प्रत्येक माध्यमिक विद्यालयमा क्रमशः इ-पुस्तकालयको स्थापना गर्दै लगिनेछ ।

११. विद्यालय र सामुदायिक सिकाइ केन्द्रबीच सहकार्य गरी शिक्षण सिकाइ कार्य प्रभावाकारी बनाइनेछ ।

## ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तारले सिकाइलाई प्रभावकारी, गुणस्तरीय र जीवनोपयोगी बनाउने। प्रविधिको प्रयोगले शिक्षालाई सान्दर्भिक बनाउन सहयोग पुऱ्याउने।

२. विद्यालय शिक्षाकोशैक्षिक तथ्याकंहरुको व्यवस्थापनमा सुधार ल्याउँदै सुशासन प्रवर्द्धन गर्ने।

### नतिजा

| क्र सं | सूचक | आधार वर्ष(२०८१ ८२) | २०८१। ८२ | २०८२। ८३ | २०८३। ८४ | २०८४। ८५ | २०८५। ८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | १४ | १४ | २ | २ | २ | २ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालयसँख्या | १ | १ | १ | १ | १ | १ |
| ३ | मुख्य विषयहरूमाडिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | व्यवस्थापकीयकार्यमासूचनातथासञ्चारप्रविधिकोप्रयोगगर्ने विद्यालय सङ्ख्या | १४ | ३ | २ | २ | २ | २ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयसँख्या | २३ | २३ | २ | २ | २ | २ |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा ICT संरचनाविस्तार गरी ईलाइब्रेरी स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्रत्येकविद्यालयमा Internet Connectivity कोव्यवस्था | सख्यां | २ | २ | २ | २ | २ | २ | १२ | |
| ३ | शिक्षकहरूकोक्षमताविकास | सख्यां | १४ | १४ | १४ | १४ | १४ | १४ | ७० | |
| ४ | प्रत्येकविद्यालमाअन्तरक्रियात्मकडिजिटलसामग्रीकोउपलब्धता | सख्यां | १४ | १ | १ | १ | १ | १४ | ७० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | ४ | ४ | ४ | | | |
| ५ | IEMIS व्यवस्थापन तालिम | सख्यां | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | |
| ६ | विद्यालय तथ्यांक पूर्ण कागज रहित | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

स्रोत:शिक्षा शखा,EMIS टुलकिट २०८१

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

गुजरा नगरपालिका शिक्षा सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन संगठनात्मक संरचनाको व्यवस्थापन गरिएको छ। शिक्षा, युवा तथा खेलकूद शाखाले नीति निर्माण, योजना विकास, अनुगमन, र मूल्याङ्कनमा विद्यालय, शिक्षा समिति, र गाउँपालिका बीच समन्वय गरिरहेको छ। नगरपालिकाका ३२ वटा सामुदायिक विद्यालय र केही संस्थागत निजि विद्यालय छन् । शिक्षक र विद्यार्थको असमान अनुपात रहेकोलेविद्यालयमा दरवन्दी मिलान पनि पेचिलो बनेका छन। केहि विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनितिकरण भई समस्याहरु हुने गरेका छ भने समित विद्यालय तहमा व्यवस्थापन समिति गठन भए पनि शिक्षक पदपूर्ति, क्षमता विकास, र कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन्।संघ, प्रदेश, र स्थानीय तहबीच समन्वय र नतिजा प्रतिको जवाफदेहीतामा सुधार गर्दै समग्र शिक्षा क्षेत्रलाई एकीकृत रूपमा सञ्चालन गर्न थप प्रयास आवश्यक देखिन्छ।

#### ५.१.१.१चुनौतीहरु

१. विद्यालयलाई विशुद्ध शैक्षिक तथा प्राज्ञिक संस्थाका रुपमा मात्र स्थापित गर्नु ।
२. विद्यालयका शिक्षकहरुलाई बालबालिकाकाको उपलब्धि प्रति थप उत्तरदायी तथा जवाफदेही बनाउनु ।
३. विद्यालय शिक्षामा अभिभावकको चासो तथा सहभागिता अभिवृद्धि गर्नु ।
४. विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्नु।
५. शिक्षा सम्वन्धी ऐन नियम तथा कार्यविधिहरुको अन्योलता अन्त्य गर्नु ।

### ५.१.२ उद्देश्य

१. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको संवैधानिक प्रत्याभूतिको आधारमा संघ र प्रदेशसँगको अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गर्नु।
२. विभिन्न अनुसन्धान र विद्यार्थीको उपलब्धिका नतिजाबाट प्राप्त गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्ने संरचना र जनशक्ति स्थानीय तहमा व्यवस्था गर्नु।
३. कार्यसम्पादनप्रति उत्तरदायी, नतिजाप्रति जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गर्दै शिक्षामा सुशासन अभिवृद्धि गर्नु।
४. विद्यालयका शिक्षक, प्रधानाध्यापक, र अन्य काम गर्ने कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नु।

### ५.१.३ रणनीति

१. प्र.अ तथा शिक्षकहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।
२. गुजरा नगरपालिकामा शिक्षक सहायता प्रणाली स्थापना गरिने छ ।
३. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइको व्यवस्थापनका लागि संघ र प्रदेश सँगको समन्वयमा सामुदायमा आवश्यक संयन्त्र तयार गरिने छ ।
४. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता वृद्धि गरिने छ ।
५. स्थापित संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गरिने छ ।
६. समाजिक लेखाजोखा र लेखा प्रणालिलाई व्यस्थित गरिदै प्रभावकारीरुपमा लागु गरिने छ।

### ५.१.४ उपलब्धि,नतिजा,प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने।

**प्रमुख नतिजा**

| क्रसं | सूचक | आधार वर्ष(२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | २५ | २५ | २५ | २५ | २५ | २५ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ३० | ३० | ३२ | ३२ | ३२ | ३२ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | ३२ |
| ६ | | | | | | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | ईकाई | भौतिकलक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | माध्यमिकविद्यालयहरुमा सूचना सम्पर्क व्यक्ति तोकिने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | वार्षिक सार्वजनिक सुनावाई कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | हरेक वर्ष |
| ४ | नगरपालिकसँग प्रधानाध्यापकको र प्रधानाध्यापकसँग शिक्षको कार्य सम्पादन करार समझौता | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| ५ | विद्यालय व्यवस्थापन सम्बन्धी कार्यशाला तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सबै विद्यालयहरुले मासिक रुपमा गरेको कार्य प्रगति समिक्षगोष्ठी कार्यशाला | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| ७ | शिक्षासँग सरोकार राख्ने पदाधीकारी,शिक्षक, विद्याथीहरूको अचार संहिता निर्माण | संख्या | १ | १ | १ | १ | १ | ५ | १०० | |
| ८ | सबै विद्यालयहरुमा आमा समूह गठन गरी विद्यालयको निगरानी प्रणालीकोविकास | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |
| ९ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि पूर्व विद्यार्थीसमाज गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | संख्या | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | ३२० | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

## ५.२ स्थानिय शिक्षा योजनाको कार्यान्वयनको प्रवन्ध

योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्।यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखिततत्वहरुले प्रभाव पार्दछन् ।योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व नै महत्वपूर्ण रहेको हुन्छ ।नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ।त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ।कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ । कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया केन्द्रित गरिएको छ ।

## ५.२.१ वर्तमान अवस्था

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको आवश्यकता पर्छ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, र नेतृत्व प्रदान जस्ता तत्वहरूले कार्यान्वयन प्रक्रियामा महत्त्वपूर्ण भूमिका निभाउँछन्। यसैगरी, शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्दा यी सबै तत्वहरूले ठूलो प्रभाव पार्दछन्। यदि शिक्षा क्षेत्रको योजना प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ भने अपेक्षित परिणाम र उपलब्धि प्राप्त गर्न सकिन्छ। संघीय संरचनामा रुपान्तरण भएको मुलुकमा शिक्षा योजनाको कार्यान्वयनका लागि नयाँ कानूनी व्यवस्था आवश्यक छ। संघीय प्रणाली अनुसार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति र योजनाहरू तर्जुमा गर्दै राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, अन्य मन्त्रालय र विकास साझेदारहरूसँग सहकार्य र समन्वय गरिरहेको छ। स्थानीय तहहरूमा शिक्षा महाशाखा वा शाखाहरू रहेका छन्, र विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक नियुक्ति प्रणाली लागू गरिएको छ जसले विद्यालय सञ्चालनको जिम्मेवारी सम्भालेको छतरस्थानीय तहमा कार्यसम्पादन गर्नका लागि संरचनामा केहि सुधार आवश्यक देखिन्छ। शिक्षक सहायता पद्धति, शिक्षक तालिमको क्षमता विस्तार, र जनशक्ति अभावका कारण विद्यालयमा सहयोग र अनुगमन प्रणालीलाई व्यवस्थित गर्न चुनौती भइरहेको छ। साथै, स्थानीय तहको भूमिका र कार्यविवरण पनि स्पष्ट गर्नुपर्ने आवश्यकता छ। कार्यान्वयन प्रबन्धको प्रभावकारिता र सफलता सुनिश्चित गर्न, यस योजनामा सुधार र परिमार्जन अनिवार्य देखिन्छ। नेपालको संघीय संरचना अनुसार, संघ, प्रदेश र स्थानीय तहको जिम्मेवारी, संरचना र जनशक्ति निर्धारण गरिएको छ, तर कार्यान्वयनको उचित व्यवस्था र संयन्त्रको विकास अझै आवश्यक छ। स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको क्षेत्र अधिकार प्रयोग गरि यो शिक्षा योजनाकार्यान्वयन प्रबन्धको दीर्घकालिनता, कार्यकुशलता र प्रभावकारितामा ध्यान दिँदै गुजरा नगरपालिकाले विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित रूपमा अघि बढाउन आवश्यक छ।

### ५.२.१.१चुनौतिहरु

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्न ।
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्नेसघँ,प्रदेश र स्थानिय तहको वजेटलाई एकिकृत गरि शिक्षा योजना निर्माण गर्नु ।
५. सघँ, प्रदेश र स्थानिय तह विच सकार्य र समन्वय प्रभावकारी नहुनु ।

## ५.२.२ उद्देश्य

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीति

१. योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त समयमा स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यक्ता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ।

२. स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रबन्धगर्नु पर्दछ।

**स्थानीय तह**

१. गुजरा नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त स-शर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत समावेश गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. गुजरा नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने ।

३. गुजरा नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन् ।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार गुजरा नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।

५. गुजरा नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. गुजरा नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालसालै अद्यावधिक गर्ने।

२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेत्ता तया बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

**सामुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

२. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने

३. सा.सि. के ले विषयगत सस्थानिय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

## ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा शुसान प्रवद्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालिको विकास हुने छ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विधालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

स्रोत:शिक्षा शाखा,EMIS टुलकिट २०८१

# परिच्छेद ६:लगानी र स्रोत व्यवस्थापन

## परिचय

आर्थिक र सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि बालबालिकाको शिक्षामा व्यक्ति, समुदाय र सरकारले प्राथमिकताका साथ लगानी गर्नु अपरिहार्य छ। दक्ष, सीपयुक्त, र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा गरिएको लगानीको मुख्य उद्देश्य हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासमा सहयोग पुऱ्याउँछ।राष्ट्रिय आकाङ्क्षालाई ध्यानमा राख्दै नेपाल सरकारले विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानी विस्तार गरेको छ। शिक्षामा गरिने लगानीले समाजका आवश्यकता, आकाङक्षा, मान्यता, र दिगो विकासका लक्ष्यलाई सम्बोधन गर्नुपर्ने हुन्छ। संविधान अनुसार विद्यालय शिक्षाको मुख्य जिम्मेवारी स्थानीय तहको भए पनि, शिक्षा साझा सूचीको सवालको विषय भएकाले संघ, प्रदेश, स्थानीय तह, समुदाय, र निजी क्षेत्रको साझेदारी आवश्यक छ।शिक्षामा आवश्यक स्रोतहरूको पहिचान, तिनको एकीकृत व्यवस्थार उचित वितरण तथा उपयोग शिक्षामा लगानी प्रबन्धनका महत्वपूर्ण पक्ष हुन्। शिक्षाका लागि वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, र त्यसको प्रभावकारी उपयोग गर्ने विषयमा विशेष ध्यान दिनुपर्ने आवश्यकता छ।यस योजनाको कार्यान्वयनका लागि हालको अवस्थाको समीक्षा गर्दै, शिक्षा क्षेत्रमा देखिएका चुनौतीहरूको पहिचान गरिएको छ। ती चुनौतीहरूको सामना गर्न वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्य र रणनीतिहरू प्रस्तुत गरिएका छन् साथै, स्रोतको आकलन, लगानीका क्षेत्र पहिचानर लागत अनुमान तयार पारिएको छ, जसले योजना सफलतथा कार्यान्वयनमा ल्याउन सहयोग गर्नेछ।

## ६.१ वर्तमान अवस्था

विकासलाई प्रभावित पर्ने कुरा वजेट वा लागानी हो लागानी भए मात्र नतिजा हासिल गर्न सकिन्छ त्यसैले यो आफैमा सम्वेदनशिल विषय हो र शिक्षा विकासका लागि त झनै महत्वपूर्ण विषय हो।खास गरि नगर स्तरमा शिक्षामा लागानिको आवश्यकता भएता पनि प्राथमिकतामा पर्दैन जति सडक र अन्य कुराहरु पर्दछन्।गुजरा नरपालिकाको मुख्य स्रोत व्यवस्थापन सँघिय र प्रदेश सरकारको विभिन्न किसिमका अनुदान मात्रै रहेको छ। यसको आन्तरिक राजस्वको स्रोत वकैया खोला रहे ता पनि त्यसको उचित व्यवस्थापन हुन सकेका छैन त्यसतै राजस्व निर्धारण समितिले राजस्वमा वृद्धि गरेमा विभिन्न किसिमकोअवरोधहरु आउने गर्छ केहि स्रोतहरु पाएता पनि जसमा टुक्रे आयोजनाहरुको बाहुल्य भइ शिक्षा जस्तो महत्त्वपूर्ण विषय पछाडी पारिएकोहुन्छ। गुजरा नरपालिकाले ८.५ प्रतिशतको लगभगमा शिक्षामा लगानी आर्थिक वर्ष २०८०।२०८१ मा गरेको देखिन्छ।तर यो आफै आवश्यकता अनुसारको चाहिएको जति होइन । त्यसतै शिक्षामा लगानी बढाउनुपर्ने विषयमा नेपालका राजनीतिक तह र नीतिगत दस्तावेजहरूमा सैद्धान्तिक सहमति पाइन्छ। लगानी वृद्धि गर्ने कुरामा सबैको धारणा एकै हुनु, यस प्रयासको महत्वपूर्ण आधार मात्र सकिन्छ। नेपालका प्रायः सबै राजनीतिक दलका राष्ट्रिय तहका चुनावी घोषणापत्रमा कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत

शिक्षामा लगानी गरिने कुरा उल्लेख गरिएको छ। तर पनि प्रभावकारी रुपमा बजेट विनियोजन र परिचालन हुन सकेका छैन । वजेट निर्माणको चरणमा घनिभुत छलफल आजको आवश्यकता रहेको छ।

## ६.२उद्देश्य

१. स्थानीय तहमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढीकरण गरी शिक्षा क्षेत्र योजनालाई प्रभावकारी बनाउन सरोकारवालाहरूलाई सुसूचित गर्नु.
२. शिक्षा क्षेत्र योजना अन्तर्गतका स्वीकृत कार्यक्रम कार्यान्वयनबाट बालबालिकामा न्यूनतम सिकाइ उपलब्धी सुनिश्चित गर्न
३. समग्र विद्यालय शिक्षाको पहुँच गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धिको लागि आवश्यक सहजिकरण गर्नु
४. शिक्षा क्षेत्र योजनाका उपक्षत्र अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमको कार्यान्वयनमा एकरूपता कायम गर्न प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मदत पुर्याउनुवार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न
५. सम्बन्धित तह\निकायको भुमिका स्पष्ट गरि नतिजा हासिल अपेक्षकृत नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेहि बनाउनु ।
६. वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशा निर्देश गर्नु गराउनु.

## ६.३ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
३. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
४. प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
५. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
६. विद्यालय व्यवस्थापनलाई सबल, सक्षम र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
७. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

८. अभिभावक तथा सरोकारवालाहरूको सहभागितामा अन्तरक्रिया वैठक भेला तथा स्वमुल्यांकन र सामाजिक परीक्षण गराउने ।

## ६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान रपरिचालन हुने ।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने ।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने ।
४. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालनगरेको हुने ।
५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने ।सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने ।

## ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्पको जम्मा | १० वर्ष को जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| वालविकास | | | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ८६४५००० | ९५०९५०० | १०४६०४५० | ११५०६४९५ | १२६५७१४५ | ५२७७८५९० | |
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | शिक्षक तलवभत्ता | ७४८०४००० | ८२२८४४०० | ९०५१२८४० | ९९५६४१२४ | १०९५२०५३६ | ४५६६८५९०० | |
| २ | ३ वटा विषयको शिक्षण अनुदान | २७६९००० | ३०४५९०० | ३३५०४९० | ३६८५५३९ | ४०५४०९३ | १६९०५०२२ | |
| मध्यामिक | | | | | | | | |
| १ | शिक्षक तलवभत्ता | १८६४४०००| २०५०८४०० | २२५५९२४० | २४८१५१६४ | २७२९६६८० | ११३८२३४८४ | |
| २ | ३ वटा विषयको | १७३४००० | १९०७४०० | २०९८१४० | २३०७९५४ | २५३८७४९ | १०५८६२४३ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिक्षण अनुदान | | | | | | | |
| अन्य | | | | | | | | |
| १ | स्यानिटरि प्याड | २५२३००० | २७७५३०० | ३०५२८३० | ३३५८११३ | ३६९३९२४ | १५४०३१६७ | |
| २ | संस्थागत क्षमता विकास, शिक्षक मेनटरि सुपरिवेक्षण | १०८३००० | ११९१३०० | १३१०४३० | १४४१४७३ | १५८५६२० | ६६११८२३ | |
| ३ | ReAL Plan | ५००००० | ५५०००० | ६०५००० | ६६५५०० | ७३२०५० | ३०५२५५० | |
| ४ | प्रति विध्यार्थि सिकाई समाग्री व्यवस्थापन अनुदान | २८९८००० | ३१८७८०० | ३५०६५८० | ३८५७२३८ | ४२४२९६२ | १७६९२५८० | |
| ५ | विद्यालय शैक्षिक गुणस्तर, कार्यसम्पादन | ५९०२००० | ६४९२२०० | ७१४१४२० | ७८५५५६२ | ८६४१११८ | ३६०३२३०० | |
| ६ | विधालय संचालन, व्यवस्थापन | १७२०००० | १८९२००० | २०८१२०० | २२८९३२० | २५१८२५२ | १०५००७७२ | |
| ७ | दिवा खाजा | २३९९२०००० | २६३९१२०० | २९०३०३२० | ३१९३३३५२ | ३५१२६६८७ | १४६४७३५५९ | |
| ८ | पाठ्यपुस्तक विकास लागु | ९४१५००० | १०३५६५० | ११३९२१५० | १२५३१३६५ | १३७८४५०२ | ५७४७९५१७ | |
| ९ | अनौपचारिक, वैकल्पिक शिक्षा | २२००००० | २४२०००० | २६६२००० | २९२८२०० | ३२२१०२० | १३४३१२२० | |
| छात्रावृती | | | | | | | | |
| १ | छात्रावृति,अ वास सहित | २१९२००० | २४११२०० | २६५२३२० | २९१७५५२ | ३२०९३०७ | १३३८२३७९ | |
| २ | विपन्न छात्रावृती | १०९२००० | १२०१२०० | १३२१३२० | १४५३४५२ | १५९८७९७ | ६६६६७६९ | |
| भौतिक विकास | | | | | | | | |
| १ | विधालय भवन निर्माण | ८०००००० | ८८००००० | ९६८०००० | १०६४८०००० | ११७१२८०० | ४८८४०८०० | |
| नमुना विधालय | | | | | | | | |
| १ | नमुना विधालय अनुदान | १०००००००० | ११०००००० | १२१००००० | १३३१०००० | १४६४१००० | ६१०५१००० | |
| ज | | १७८११३० | १९५९२४३ | २१५५१६७ | २३७०६८४ | २६०७७५२ | १०८७३९७६ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| म्मा | | ०० | [illegible] | ३० | ०३ | ४३ | ७६ | |

ख। प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१०८२ | २०८२०८३ | २०८३०८४ | २०८४०८५ | २०८५०८६ | | |
| वालविकास र शिक्षा | | | | | | | | |
| १ | वालविकास केन्द्र व्यवस्थापन सुधार | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

ग। स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१०८२ | २०८२०८३ | २०८३०८४ | २०८४०८५ | २०८५०८६ | | |
| वालविकास र शिक्षा | | | | | | | | |
| १ | नयाँवालविकास केन्द्र स्थापना | | | | | | | |
| २ | सहयोगि कार्यकर्ता क्षमता विकास | | | | | | | |
| ३ | परिक्षा | | | | | | | |
| ४ | भवन निर्माण | | | | | | | |
| ५ | शैचालय निर्माण | | | | | | | |
| | विद्युत | | | | | | | |

घ। अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्र सं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१०८२ | २०८२०८३ | २०८३०८४ | २०८४०८५ | २०८५०८६ | | |
| १ | शिक्षा सम्वन्धित कार्यक्रमहरु | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | ६१०५१ | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | | |

नगर कार्यपालिकाको कार्यालय
गुजरा नगरपालिका
सिमराभवानीपुर, रौतहट
मधेश प्रदेश, नेपाल

## परिच्छेद ७ः अनुगमन तथा मूल्याङ्कन

### ७.१ वर्तमान अवस्था

शैक्षिक कार्यक्रमको प्रगतिलाई व्यवस्थित र उद्देश्यमुल्क वनाउन अनुगमनले ठुलो भुमिका खेल्छ । जसले कार्यक्रम कार्यान्वयनको क्रममा सहायता गर्दछ। कार्यक्रमको औचित्यता, दक्षता, र प्रभावकारिताको लेखाजोखा गरि कार्यक्रमलाई सर्व स्विकार योग्य बनाउ छ। अनुगमन कार्यान्वयनको क्रममा गरिन्छ भने मूल्याङ्कन सञ्चालन र सम्पन्नपछि गरिन्छ। दुवैले कार्यक्रमलाई पारदर्शी, नतिजामुखी, र उत्तरदायी बनाउँछन्। गजुरा नगरपालिकामा शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य स्थानीय शिक्षा शाखाबाट सञ्चालन हुँदै आएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, र पूर्वाधारसँग सम्बन्धित गतिविधिहरूको निगरानी र मूल्याङ्कनमा दीगो विकास लक्ष्य (SDG) नं. ४, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, र नगरपालिकाका नीति तथा कार्यक्रममा आधारित सूचकहरूको प्रयोग गरिन्छ। वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले प्रदान गरेको कार्यान्वयन पुस्तिका र शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को उपयोग गरिन्छ। तथापि, शैक्षिक अनुगमनमा केहि अन्तरालहरू रहेका छन्। हाल प्रयोगमा रहेको सूचना प्रणाली पर्याप्त एकीकृत छैन, जसका कारण स्थानीय सरकारलाई आवश्यक सूचना सहज रूपमा प्राप्त गर्न कठिनाइ हुन्छ। नियमित अनुगमन र नतिजामुखी सुधार प्रक्रियाको स्पष्टता तथा दक्ष जनशक्तिको अभावले अनुगमन प्रभावकारी बन्न सकेको छैन। साथै, विद्यार्थी, शिक्षक, र विद्यालयसम्बन्धी जानकारी अद्यावधिक गर्न र गुणस्तरीय तथ्याङ्क सङ्कलनमा पनि चुनौती देखिन्छ। यी समस्याहरू समाधान गर्न शैक्षिक सूचना प्रणालीलाई एकीकृत र प्रविधिमैत्री बनाउँदै नियमित अनुगमनका लागि दक्ष जनशक्ति परिचालन गर्न आवश्यक छ। साथै, अनुगमन र मूल्याङ्कनका नतिजालाई सुधारात्मक निर्णय प्रक्रियामा समावेश गरी स्रोत साधन वृद्धि र पारदर्शी प्रणालीको विकास गरिनु अपरिहार्य छ।

### ७.१.चुनौतीहरु

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारणर निर्माण गर्ने दक्षजनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु ।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु ।अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु ।

३. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु ।तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु ।

४. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दैयसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय वनाउनु ।

### ७.२ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु ।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजा मुखी बनाउनु ।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

४. योजनाको प्रारम्भदेखिप्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

५. एकीकृत प्रतिवेदन प्रणालीको विकास गरि विद्यार्थी उपलब्धि परीक्षणलाई व्यवस्थित बनाउनु ।

६. विद्यालय कार्यसम्पादन परीक्षणलाई व्यवस्थित गर्नु योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ७.३ रणनीति

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने ।

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित स्वचालित बनाउने ।

३. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने ।

४. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने ।

५. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने ।

६. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने ।

७. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने ।

८. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ । नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।

२. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

### नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

### ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मुल्यांकन संयन्त्र निर्माण | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरूतयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिकतथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | निरन्तर | - | - | - | - | - | - | | |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | निर्नर | - | - | - | - | - | - | - | |